## महान्यायाधिवक्ताको कार्यालयको
## तेस्रो पञ्चवर्षीय रणनीतिक योजना
(आर्थिक वर्ष २०७८/०७९ - २०८२/०८३)

**परिदृश्य (Vision)**
कानूनी शासनको सुनिश्चितता ।

**परिलक्ष्य (Mission)**
वैज्ञानिक प्रमाणमा आधारित अभियोजन तथा प्रभावकारी प्रतिरक्षा गर्ने व्यावसायिक संस्थाको रूपमा स्थापित हुनु ।

**मूल्य (Values)**
कानून र न्ययाका मान्य सिद्धान्तको अवलम्बन, स्वच्छ सुनुवाई, उत्तरदायित्व र जवाफदेहिता, व्यावसायिकता, मानव अधिकारको संरक्षण, अपराध पीडितलाई न्याय, बाल मैत्री तथा लैङ्गिक संवेदनशीलता, सार्वजनिक हितको संरक्षण, स्वामित्वबोध, निरन्तर सिकाई र सुधार ।

**लक्ष्यहरू (Goals)**
लक्ष्य १: अभियोजनलाई वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउने
लक्ष्य २: मुद्दा तथा रिटको प्रभावकारी प्रतिरक्षा गर्ने
लक्ष्य ३: संवैधानिक तथा कानूनी जिम्मेवारी प्रभावकारी रूपमा सम्पादन गर्ने
लक्ष्य ४: सरकारी वकील सेवालाई व्यावसायिक बनाउने
लक्ष्य ५: संस्थागत सुदृढीकरण गर्ने

**महान्यायाधिवक्ताको कार्यालय**
रामशाहपथ, काठमाडौं
नेपाल

महान्यायाधिवक्ताको कार्यालयको बुलेटिन (स्थापना दिवस विशेषाङ्क) २०८०

# महान्यायाधिवक्ताको कार्यालयको
# बुलेटिन




# स्थापना दिवस विशेषाङ्क
## २०८० पुस

**महान्यायाधिवक्ताको कार्यालय**
रामशाहपथ, काठमाडौं
नेपाल

पूर्णाङ्क २१, वर्ष ११ अंक १

"अभियोजनमा सुधार र व्यावसायिकता विकास"

# महान्यायाधिवक्ताको कार्यालयको बुलेटिन

## स्थापना दिवस विशेषाङ्क
## २०८० पुस

प्रकाशक
**महान्यायाधिवक्ताको कार्यालय**
रामशाहपथ, काठमाडौं

**संरक्षक**

माननीय महान्यायाधिवक्ता डा. दिनमणी पोखरेल

**सल्लाहकारहरू**

नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला

नायब महान्यायाधिवक्ता डा. टेकबहादुर घिमिरे

नायब महान्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल

नायब महान्यायाधिवक्ता श्री संजीवराज रेग्मी

**सम्पादन समूह**

| | | |
|---|---|---|
| सहन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी | – | प्रधान सम्पादक |
| उपन्यायाधिवक्ता श्री शान्ती न्यौपाने | – | सम्पादक |
| उपन्यायाधिवक्ता श्री पोषराज खनाल | – | सम्पादक |
| सहायक न्यायाधिवक्ता श्री उमंग निरौला | – | सम्पादक |
| सहायक न्यायाधिवक्ता श्री प्रभात क्षेत्री | – | सम्पादक |

**सम्पादन सहायक**

कम्प्युटर अपरेटर श्री नारायण स्वर्णकार

मुद्रणः गणपति अफसेट प्रेस, काठमाडौं ।

# महान्यायाधिवक्ताको कार्यालय
## नेपाल
(.................................... शाखा)

पत्र संख्या :-

रामशाहपथ, काठमाडौं

चलानी नं. :-

मिति :-..............................


# मन्तव्य



नेपालमा वि.सं. २००८ साल पौष ८ गते पहिलो महान्यायाधिवक्ताको रूपमा कालिप्रसाद उपाध्याय नियुक्ति हुनु भएको थियो । महान्यायाधिवक्ताको कार्यालयले सोही दिनको अवसरमा प्रत्येक वर्ष पौष ८ गते स्थापना दिवस मनाउँदै आएको छ । महान्यायाधिवक्ताको कार्यालयको ७३ औं स्थापना दिवसको अवसरमा सबै तहका सरकारी वकील, कर्मचारी तथा न्याय र कानूनको क्षेत्रसँग सम्बद्ध सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

महान्यायाधिवक्तालाई संविधान तथा कानूनले प्रदान गरेको कानूनी शासन र सुशासनको सुनिश्चितता, संविधान, प्रचलित कानून तथा न्यायका मान्य सिद्धान्तको अवलम्बन, स्वच्छ सुनुवाइ, व्यावसायिकता, उत्तरदायित्व र जवाफदेहिता, सार्वजनिक हित तथा मानव अधिकारको संरक्षण लगायतको जिम्मेवारी बहन गर्न महान्यायाधिवक्ताको कार्यालय, उच्च सरकारी वकील कार्यालयहरू, विशेष सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयहरु गरी जम्मा ९७ वटा सरकारी वकील कार्यालयहरु रहेका छन् । ती कार्यालयहरूमा ४४८ जना सरकारी वकीलहरु र १०५३ जना कर्मचारीहरु गरी जम्मा १५०१ जनशक्ति कार्यरत रहेका छन् ।

महान्यायाधिवक्ताको कार्यालयद्वारा आयोजित ७३ औं स्थापना दिवसको उपलक्ष्यमा महान्यायाधिवक्ताको कार्यालयबाट विगत एक वर्षमा भएका महत्वपूर्ण क्रियाकलाप, महान्यायाधिवक्ताबाट सरकारी वकीललाई प्रत्यायोजन भएका अधिकारहरु, महान्यायाधिवक्ताको कार्यालयबाट जारी निर्देशन, सरकारी वकीलको काम कारवाहीसँग सम्बन्धित निर्देशिका तथा मापदण्ड समेत समावेश गरी महान्यायाधिवक्ताको कार्यायलयको बुलेटिन (स्थापना दिवस विशेषाङ्क), २०८० प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्त खुशी लागेको छ । यस बुलेटिनमा समावेश भएका विषयवस्तुहरूले कसूरको अनुसन्धान तथा अभियोजन एवं बहस, पैरवी र प्रतिरक्षाको कार्यलाई प्रभावकारी बनाउने र अभ्यासमा एकरूपता कायम हुने कुरामा विश्वस्त छु ।

यो बुलेटिन कानून तथा न्यायको क्षेत्रमा क्रियाशील व्यक्ति, न्यायाधीश, प्राध्यापक, कानून व्यवसायी, सरकारी वकील, न्याय सेवाका कर्मचारी, अनुसन्धानकर्ता, कानूनका विद्यार्थी तथा न्याय कानूनको अध्ययन अन्वेषणको क्षेत्रमा क्रियाशील सबैका लागि उपयोगी हुनेछ भन्ने अपेक्षा गरेको छु । यस प्रकाशनमा समावेश भएका सामग्रीहरूको व्यावहारिक प्रयोगबाट संस्थाप्रतिको विश्वसनीयता अभिवृद्धि हुनुका साथै फौजदारी न्याय प्रशासनलाई अझ बढी सुदृढ बनाउन सहयोग पुग्नेछ । साथै संविधान एवं कानूनद्वारा निर्दिष्ट जिम्मेवारी प्रभावकारी रूपमा पूरा गर्न थप मद्दत पुग्ने विश्वास लिएको छु ।

यो बुलेटिन प्रकाशन गर्न निरन्तर लागि रहनुहुने प्रधान सम्पादक श्री सोमकान्ता भण्डारी, सम्पादकहरु श्री शान्ति न्यौपाने, श्री पोषराज खनाल, श्री उमंग निरौला र श्री प्रभात क्षेत्री तथा सम्पादन सहयोगी श्री नारायण स्वर्णकारलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**डा. दिनमणी पोखरेल**
महान्यायाधिवक्ता


☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

# विषय सूची


| सि.नं. | विषय | पेज नं. |
|---|---|---|
| १. | महान्यायाधिवक्ताको कार्यालयको परिचय | १ |
| २. | महान्यायाधिवक्ताको कार्यालयको वार्षिक गतिविधि | १३ |
| ३. | सरकारी वकीलका विभिन्न पदमा नियुक्त वा बढुवा हुनुभएका सरकारी वकीलहरू | ३५ |
| ४. | महान्यायाधिवक्ताबाट भएका अधिकार प्रत्यायोजनसँग सम्बन्धित राजपत्रहरू | ३८ |
| ५. | महान्यायाधिवक्ताको कार्यालयसँग सम्बन्धित निर्देशनहरू | ५५ |
| ६. | महान्यायाधिवक्ताको कार्यालयसँग सम्बन्धित परिपत्रहरू | ७५ |
| ७. | नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०८० | १२७ |
| ८. | कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड तथा प्रोवेशन तथा प्यारोलमा छुट्ने कसूरदारले पालना गर्नुपर्ने शर्तहरू, २०८० | १४४ |
| ९. | अन्तर्राष्ट्रिय भ्रमणका प्रतिवेदनहरूको सारांश | १५६ |
| १०. | सरकारी वकीलबाट अलग हुनुभएका सरकारी वकीलहरूको नामावली | १७२ |

# १. महान्यायाधिवक्ताको कार्यालयको परिचय

नेपालको संविधानले नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा मातहतका सरकारी वकीलबाट सरकारको प्रतिनिधित्व गर्ने, संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने, नेपाल सरकार विरूद्ध दायर भएका मुद्दा मामिलामा सरकारको तर्फबाट प्रतिरक्षा गर्ने, सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने, हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा आफन्त वा कानून व्यवसायीसँग भेटघाट गर्न नदिएको उजुरी वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने र नेपाल सरकार र सरकारी निकायलाई संवैधानिक एव कानूनी प्रश्नमा कानूनी राय उपलव्ध गराउने समेतको काम, कर्तव्य र अधिकार महान्यायाधिवक्तालाई तोकेको छ। महान्यायाधिवक्ताको संवैधानिक जिम्मेवारी बहन गर्न र कार्यसम्पादन गर्न देशभर विभिन्न तहमा सरकारी वकील कार्यालयको स्थापना गरी फौजदारी न्याय प्रशासन लगायतका कार्यसम्पादन ती कार्यालयहरूबाट हुँदै आएको छ।

सरकारी वकीलको परिभाषा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले गरेको छ। जस अनुसार सरकारी वकील भन्नाले महान्यायाधिवक्ता, नायब महान्यायाधिवक्ता, सहन्यायाधिवक्ता, उपन्यायाधिवक्ता, जिल्ला न्यायाधिवक्ता र सहायक जिल्ला न्यायाधिवक्तालाई समेतलाई बुझिन्छ । यस्तै सरकारी वकील सम्बन्धी नियमावली, २०७७ ले समेत महान्यायाधिवक्ताको कार्यालय तथा उच्च सरकारी वकील कार्यालयमा कार्यरत राजपत्रांकित तृतीय श्रेणीका अधिकृतलाई सहायक न्यायाधिवक्ताको रूपमा सरकारी वकीलको पद भित्र रहने उल्लेख गरेको छ । उपर्युक्त व्यवस्थाबाट महान्यायाधिवक्तालाई समेत सरकारी वकीलको रूपमा बुझिन्छ । महान्यायाधिवक्ताले तोकेको अन्य अधिकृत समेत सरकारी वकील हुन सक्ने व्यवस्था गरी सरकारी वकीलको क्षेत्र व्यापक बनाएको छ।

समग्रमा सरकारी वकील नेपाल सरकारको कानूनी सल्लाहकार हो। नेपाल सरकारको हक, हित र सरोकार निहित रहेको मुद्दामा नेपाल सरकारको तर्फबाट अदालतमा प्रतिनिधित्व गर्ने पदाधिकारी हो। नेपाल सरकारको मुख्य अभियोजनकर्ता हो।पीडितलाई न्याय र पीडकलाई सजाय दिलाउने

पदाधिकारी हो। अदालतको सहयोगी हो। कानूनी शासनको प्रवर्धनकर्ता हो। सरकारी वकीलको तहगत वर्गीकरण सरकारी वकील सम्बन्धी नियमावली, २०७७ ले गरेको छ। जस अनुसार महान्यायाधिवक्ताको पद संवैधानिक पद र सो बाहेक अन्य सरकारी वकीलको पद निजामती सेवाको नेपाल न्याय सेवा, सरकारी वकील समूहको राजपत्रांकित पद हो।

## १. सरकारी वकीलको विकासक्रम

नेपाल सरकार वैधानिक कानून, २००४ नेपालको पहिलो संवैधानिक लिखत मानिन्छ। उक्त कानूनको धारा १२ को खण्ड (क) मा कानूनको विषयमा समय—समयमा सरकारलाई आवश्यक परेको राय सल्लाह पेश गर्न एउटा प्रधान कानूनी सल्लाहकार श्री ३ बाट नियुक्त हुने भन्ने व्यवस्था गरी सरकारको कानूनी सल्लाहकार सम्बन्धी अवधारणाको परिकल्पना गरेको थियो। तर उक्त वैधानिक कानून कार्यान्वयनमा आएन। वि.सं. २००७ सालमा प्रजातन्त्रका लागि भएको जन आन्दोलन पश्चात् जारी भएको तत्कालीन नेपालको अन्तरिम शासन विधान, २००७ मा महान्यायाधिवक्ता सम्बन्धी कुनै व्यवस्था गरेको थिएन। तथापि सरकारको लागि कानूनी सल्लाहकारको आवश्यकता महसुस गरी कार्यकारिणी आदेशबाटै वि.सं. २००८ साल पौष ८ गते तत्कालीन सरकारबाट कालीप्रसाद उपाध्यायलाई नेपालको पहिलो महान्यायाधिवक्ताको रूपमा नियुक्ति गरियो। तत्पश्चात तत्कालीन प्रधान न्यायालय ऐन, २००८ मा भएको प्रथम संशोधन (२००९ साल आश्विन ३१ गते जारी भएको) को दफा ४१ को उपदफा (१) ले महान्यायाधिवक्ताको सेवाका शर्तहरू, योग्यता, काम, कर्तव्य र अधिकार निर्धारण गऱ्यो। उक्त दफामा प्रधान न्यायालयको न्यायाधीश हुन लायक व्यक्तिलाई महान्यायाधिवक्ताको रूपमा नियुक्त गर्न सक्ने व्यवस्था गरिएको थियो। उक्त ऐनमा सरकारलाई कानूनी राय सल्लाह दिने र मुद्दा मामिलामा सरकारको तर्फबाट कारबाही गर्ने जिम्मेवारी महान्यायाधिवक्तालाई हुने व्यवस्था गरिएको थियो।

प्रधान न्यायालय ऐन, २००८ लाई प्रतिस्थापन गरी जारी भएको तत्कालीन सर्वोच्च अदालत ऐन, २०१३ मा पनि महान्यायाधिवक्ता सम्बन्धी व्यवस्था थिएन। सर्वोच्च अदालत खडा भएको केही समय पछि अदालतमा महत्वपूर्ण संवैधानिक विवाद पर्न आएको र सरकारको तर्फबाट बहस पैरवी एवं प्रतिरक्षा गर्नुपर्ने भएकोले सर्वोच्च अदालत ऐन, २०१३ को दफा २१ ले प्रदान गरेको अधिकार प्रयोग गरी गृह मन्त्रालयबाट २०१३ साल श्रावण १ गतेको राजपत्रमा प्रकाशित सूचनाबाट सरकारलाई सरोकार पर्ने मुद्दा मामिलामा आवश्यकतानुसार गभर्मेण्ट एडभोकेटले सर्वोच्च अदालत लगायत नेपालको जुनसुकै अड्डा अदालतमा हाजिर भई सरकारको तर्फबाट बहस पैरवी गर्ने कानूनी व्यवस्था गरियो। सोही कानूनी व्यवस्था

अनुसार शम्भुप्रसाद ज्ञवालीलाई २०१३ श्रावणमा गभर्मेण्ट एडभोकेटको पदमा नियुक्त गरियो। तत्कालीन नेपाल अधिराज्यको संविधान, २०१५ मा महान्यायाधिवक्ता सम्बन्धी व्यवस्था नभएकोले २०१६ साल भाद्र २२ को राजपत्रमा प्रकाशित २०१६ साल भाद्र ९ गतेको कार्यकारिणी निर्णय बमोजिम पुनः शम्भुप्रसाद ज्ञवालीलाई महान्यायाधिवक्ताको पदमा नियुक्त गरियो। सो विज्ञप्तिमा कानून प्रणालीको सुधार सम्बन्धमा समेत सल्लाह दिन महान्यायाधिवक्ता रहने व्यवस्था गरिएको थियो।

वि.सं. २०१७ साल अगाडि नेपालमा आफ्नै मौलिक प्रकारको अनुसन्धानात्मक फौजदारी न्याय प्रणाली प्रचलनमा रहेकोमा तत्कालीन सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ प्रारम्भ भए पछि अभियोजनात्मक पद्धतिको अनुशरण गरियो । वि. सं. २०१८ साल वैशाख देखि लागू भएको यो ऐनले सरकार वादी हुने मुद्दाको अनुसन्धान, जाँचबुझ, मुद्दा दायर गर्ने कार्य प्रहरी र सरकारी वकीलबाट संयुक्त रूपमा हुने तथा सरकार वा सरकारी काम कारबाहीमा सरकारी कर्मचारीको तर्फबाट प्रतिरक्षा गर्ने कार्य एवं सरकारलाई कानूनी राय प्रदान गर्ने काम, कर्तव्य, अधिकार सरकारी वकीलको हुने व्यवस्था गऱ्यो। यस ऐन बमोजिम सरकारी मुद्दा सम्बन्धी नियमावली, २०१८ र सरकारी वकील सम्बन्धी नियमावली, २०२८ तर्जुमा भई लागू गरिएको थियो। तत्कालीन सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ को दफा २ को खण्ड (क) ले सरकारी वकीलको परिभाषा भित्र महान्यायाधिवक्तालाई समावेश गरी महान्यायाधिवक्ताको कार्यालयलाई संगठनको स्वरूप प्रदान गऱ्यो।

नेपालको संविधान, २०१९ ले सर्वप्रथम महान्यायाधिवक्ताको पदलाई संवैधानिक पदको रूपमा स्थापित गऱ्यो। वि.सं. २०२० सालसम्म सरकारी वकीलको प्रशासन महान्यायाधिवक्ताको कार्यालयबाट भएकोमा २०२० सालदेखि २०२७ सालसम्म सरकारी वकील कार्यालयलाई कहिले अञ्चलाधीश कार्यालय र जिल्ला कार्यालयमा गाभ्नुका साथै सरकारी वकीलहरूको प्रशासनको काम कानून तथा न्याय मन्त्रालयले गरेको थियो। वि.सं. २०२७ सालमा सरकारी वकीलको प्रशासन पुनः महान्यायाधिवक्ताको कार्यालय मातहतमा रहने र कार्यालय पनि छुट्टै रहने व्यवस्था गरियो। सोही बमोजिम वि.सं. २०२७ सालमा महान्यायाधिवक्ताको कार्यालयको भवन निर्माण कार्य प्रारम्भ भई २०२९ साल वैशाख २ गते उद्घाटन भयो। यसपछि मात्र महान्यायाधिवक्ताको कार्यालयको सांगठनिक स्वरूपले स्थायित्व प्राप्त गरेको पाइन्छ।

बहुदलीय प्रजातन्त्र र कानूनी शासनलाई आधारभूत संरचनाको रूपमा आत्मसात गरेको तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ ले कानूनी राज्यको स्थापनार्थ व्यवस्था गरेका विभिन्न संवैधानिक अंगहरूको व्यवस्था गरेको थियो। जसमा महान्यायाधिवक्तालाई

महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको थियो। नेपाल अधिराज्यको संविधान, २०४७ ले महान्यायाधिवक्ता सरकारको मुख्य कानूनी सल्लाहकार र प्रमुख अभियोजनकर्ताको रूपमा स्थापित गर्दै कुनै अदालत वा न्यायिक अधिकारी समक्ष सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार प्रदान गरेको थियो। यसैगरी सो संविधानले महान्यायाधिवक्तालाई संसदको कुनै पनि सदन वा त्यसको कुनै समितिको बैठकमा वा संसदको संयुक्त अधिवेशनमा उपस्थित भई कुनै कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने अधिकार समेत प्रदान गरेको थियो।

उक्त संवैधानिक व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्न कानून परिमार्जन आवश्यक भएकोले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ जारी गरियो। नेपाल सरकार वादी हुने उक्त ऐनको अनुसूची १ भित्रका फौजदारी मुद्दाको अनुसन्धानको सिलसिलामा सरकारी वकीलले अनुसन्धान अधिकृतलाई आवश्यक निर्देशन दिन सक्ने व्यवस्था गरिएको थियो। साथै अनुसन्धान अधिकृतले अनुसन्धानको सिलसिलामा सरकारी वकीलसँग आवश्यक निर्देशन वा कानूनी राय लिन सक्ने व्यवस्था गरिएको थियो। अनुसन्धान अधिकृतले अनुसन्धान कार्य समाप्त भएपछि अभियोजन सम्बन्धी कार्य गर्न सरकारी वकील समक्ष राय सहितको मिसिल प्रमाण प्रस्तुत गर्नु पर्ने व्यवस्था गरिएको थियो। प्राप्त मिसिल प्रमाणका आधारमा सरकारी वकीलले महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार बमोजिम अभियोजन सम्बन्धी कार्य गर्ने व्यवस्था थियो। यसप्रकार संयुक्त अनुसन्धान र अभियोजन प्रणालीको अन्त्य गरी सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ ले सरकारी वकीललाई अभियोजनकर्ता र प्रहरी अधिकृतलाई अनुसन्धानकर्ताको रूपमा राखेको थियो।

वि.सं. २०६३ सालको राजनीतिक परिवर्तन पश्चात् जारी भएको नेपालको अन्तरिम संविधान, २०६३ ले नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार र मुख्य अभियोजनकर्ताको रूपमा महान्यायाधिवक्ताको व्यवस्था गरेको थियो। सो संविधानमा मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने वा गराउने, हिरासतमा रहेको व्यक्तिलाई यस संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबीन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने, महान्यायाधिवक्ताले व्यवस्थापिका संसद वा त्यसको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो बैठकमा उपस्थित भई कुनै कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्न सक्ने अधिकार समेत महान्यायाधिवक्तालाई प्रदान गरेको थियो।

## २. महान्यायाधिवक्ताको जिम्मेवारी

संविधान सभाबाट २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधान (यसपछि संविधान भनिएको) को भाग १२ धारा १५८ मा नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार र मुख्य अभियोजनकर्ताको रूपमा महान्यायाधिवक्ताको व्यवस्था गर्दै २०६३ सालको संविधानमा उल्लेखित महान्यायाधिवक्तालाई प्रदान गरेका सबै अधिकारहरूको निरन्तरता दिइएको थियो। साथै नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिँदा महान्यायाधिवक्ताको राय लिनु पर्ने संवैधानिक व्यवस्था थप गरिएको छ।

### पूर्व महान्यायाधिवक्ताहरूको नाम, थर र पदावधि

| क्र.स. | नाम थर | पदावधि |
|---|---|---|
| २८ | श्री खम्मबहादुर खाती | (२०७८।०३।३१ - २०७९।०९।११) |
| २७ | श्री रमेश बडाल | (२०७७।१२।०८ - २०७८।०३।२९) |
| २६ | श्री अग्नि प्रसाद खरेल | (२०७४।११।०८ - २०७७।१२।०६) |
| २५ | श्री वसन्तराम भण्डारी | (२०७४।०५।०२ - २०७४।११।०३) |
| २४ | श्री रमनकुमार श्रेष्ठ | (२०७३।०४।२४ - २०७४।०४।२९) |
| २३ | श्री हरि फुयाल | (२०७३।०१।०६ - २०७३।०४।१९) |
| २२ | श्री हरिकृष्ण कार्की | (२०७२।०६।२८ - २०७२।११।१८) |
| २१ | श्री बाबुराम कुँवर | (२०७०।११।०५ - २०७२।०६।२५) |
| २० | श्री द्रोणराज रेग्मी | (२०६९।१२।११ - २०७०।१०।२७) |
| १९ | श्री मुक्तिनारायण प्रधान | (२०६८।०५।२३ - २०६९।१२।०२) |
| १८ | प्रा. डा. युवराज संग्रौला | (२०६७।११।०२ - २०६८।०५।१२) |
| १७ | प्रा. डा. भरतबहादुर कार्की | (२०६६।०३।०४ - २०६७।०८।०३) |
| १६ | श्री राघवलाल बैद्य | (२०६५।०५।०५ - २०६६।०२।११) |
| १५ | श्री यज्ञमूर्ती बन्जाडे | (२०६३।०१।२९ - २०६५।०४।३१) |
| १४ | श्री लक्ष्मीबहादुर निराला | (२०६२।०९।११ - २०६३।०१।१५) |
| १३ | प्रा. श्री पवनकुमार ओझा | (२०६१।११।०६ - २०६२।०९।१०) |
| १२ | श्री महादेव प्रसाद यादव | (२०६१।०४।२२ - २०६१।१०।२२) |
| ११ | श्री सुशिलकुमार पन्त | (२०६०।०५।३० - २०६१।०४।०६) |
| १० | श्री कृष्णराम श्रेष्ठ | (२०५९।११।०९ - २०६०।०५।२६) |
| ९ | श्री बद्रीबहादुर कार्की | (२०५५।०२।०१ - २०५८।१२।२२) |
| ८ | श्री प्रेमबहादुर विष्ट | (२०५४।०१।०५ - २०५५।०१।२८)<br>(२०५९।०१।२३ - २०५९।०९।०५) |

| | | |
|---|---|---|
| ७ | श्री सर्वज्ञरत्न तुलाधार | (२०५१।०८।२६ - २०५२।०५।२७) |
| ६ | श्री मोतीकाजी स्थापित | (२०४७।१०।२३ - २०५१।०८।१३)<br>(२०५२।०७।२० - २०५३।११।२७) |
| ५ | श्री मेघराज बहादुर विष्ट | (२०४४।२।१४ - २०४७।१०।२०) |
| ४ | श्री कृष्णप्रसाद घिमिरे | (२०३८।२।१४ - २०४४।२।१३) |
| ३ | श्री रमानन्दप्रसाद सिंह | (२०२७।०८।२५ - २०३८।०१।२८) |
| २ | श्री शम्भुप्रसाद ज्ञवाली | (२०१६ - २०२७) |
| १ | श्री कालीप्रसाद उपाध्याय | (२००९ - २०१२ |

## ३. सरकारी वकीलको जिम्मेवारी

नेपालको संविधानको धारा १५८ को उपधारा (७) मा महान्यायाधिवक्ताले उक्त धारा बमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका सरकारी वकीललाई सुम्पन सक्ने व्यवस्था छ। उक्त संवैधानिक प्रावधान अनुरूप महान्यायाधिवक्तामा निहित अभियोजनको अधिकार मातहतका सरकारी वकीललाई मिति २०७८/०१/१३, २०७९।०१।२६ र २०८०/०३/२५ को नेपाल राजपत्रमा प्रकाशित सूचनाबाट सुम्पिए बमोजिम संकलित सबुद प्रमाणको आधारमा मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने अधिकार सरकारी वकीललाई प्राप्त छ।

त्यस्तै संविधानको धारा १५८ को उपधारा (६) को खण्ड (ग) बमोजिम महान्यायाधिवक्तामा निहित हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने अधिकार मिति २०७८/०१/१३ को राजपत्रमा प्रकाशित सूचना अनुसार सोही मितिदेखि लागू हुने गरी उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजको अनुपस्थितिमा सहन्यायाधिवक्ताको हैसियतले काम गर्ने कर्मचारीले प्रयोग गर्ने गरी सुम्पिएको छ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३१ मा सो संहिताको अनुसूची १ वा २ अन्तर्गतको कसूर गरेकोमा कुनै व्यक्ति उपर मुद्दा चलाउन पर्याप्त प्रमाण पुग्ने देखिएमा मुद्दा चलाउन र प्रमाण नपुग्ने देखिएमा मुद्दा नचलाउन सोही व्यहोरा खुलाई मिसिल सरकारी वकील कार्यालयमा पठाउनु पर्ने व्यवस्था गरिएको छ। यसरी प्राप्त मिसिल प्रमाणका आधारमा सरकारी वकीलले महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार बमोजिम अभियोजन

सम्बन्धी निर्णय गर्दछ। अभियोजन पश्चात् सम्बन्धित मुद्दामा अभियोगपत्र दायर गरी बहस पैरवी प्रतिरक्षा लगायतका कार्य सरकारी वकीलबाट हुन्छ।

जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ का मुद्दामा मुद्दा नचल्ने निर्णय गरेकोमा उच्च सरकारी वकील कार्यालय समक्ष पठाउनु पर्छ। यसरी प्राप्त कागजात अध्ययन गरी उच्च सरकारी वकील कार्यालयबाट मुद्दा चलाउने निर्णय भएमा सम्बन्धित अदालत वा अन्य निकायमा मुद्दा दायर गर्न सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयमा फाइल फिर्ता गर्दछ। मुद्दा चलाउने निर्णय भएमा सम्बन्धित जिल्ला सरकारी वकीलले मुद्दा दायर गर्दछ। उच्च सरकारी वकील कार्यालयबाट समेत मुद्दा नचलाउने निर्णय भएमा महान्यायाधिवक्ता समक्ष पेश गर्ने र महान्यायाधिवक्ताको निर्णय अन्तिम हुने व्यवस्था छ। यसैगरी उच्च तथा विशेष सरकारी वकील कार्यालयबाट मुद्दा चल्ने नचल्ने निर्णय गर्ने अधिकार प्रत्यायोजन गरिएका मुद्दामा ती कार्यालयबाट मुद्दा चल्ने निर्णय भएमा सम्बन्धित अदालत वा अन्य निकायमा मुद्दा दायर गर्न र नचल्ने निर्णय भएकोमा महान्यायाधिवक्ता कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने व्यवस्था छ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्र हुन सक्ने प्रकृतिका नेपाल सरकार वादी हुने मुद्दामा अनुसन्धानकै चरणमा प्रतिवादीले पीडितलाई बुझाउनुपर्ने बिगो, हर्जाना तथा अन्य रकम बुझाई वा अन्य कुनै शर्तमा मुद्दाको कारबाही अगाडि नबढाउन पीडित र प्रतिवादी दुबै पक्ष सहमत भै दिएको निवेदन बमोजिम मातहतको जिल्ला सरकारी वकील कार्यालयबाट मुद्दा नचलाउने गरी प्राप्त भएका मिसिलमा मुद्दा चलाउने वा नचलाउने अन्तिम निर्णय उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले गर्ने व्यवस्था छ। आत्महत्या एवं प्रतिवादी नहुने प्रकृतिका अन्य ज्यान मुद्दा, वारदातबाट कसूर भएको देखिएको तर प्रतिवादी खुल्न नआएका अन्य मुद्दा र प्रतिवादी खुलेको भए पनि निजको मृत्यु भइसकेको मुद्दामा मुद्दा नचलाउने अन्तिम निर्णय जिल्ला सरकारी वकील कार्यालयको प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले गर्ने व्यवस्था छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम अदालतमा विचाराधीन मुद्दामा सम्बन्धित सरकारी वकील कार्यालयको प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले मिलापत्र गराउन आदेश दिन सकिने प्रकृतिका मुद्दामा मिलापत्र गर्न आदेश दिन सक्ने गरी अधिकार प्रत्यायोजन भएको अवस्था छ।

यसैगरी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २५४ मा संहिताको अनुसूची २८ मा लेखिएको मुद्दा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारी वा त्यसरी अधिकारी नतोकिएकोमा सम्बन्धित जिल्लाको मालपोत अधिकृतले जाँचबुझ गरी मुद्दा चलाउने वा नचलाउने निर्णयको लागि सङ्कलन गरिएको प्रमाण र राय समेत उल्लेख गरी मुद्दा चल्ने नचल्ने निर्णयका लागि सम्बन्धित जिल्लाको सरकारी वकील समक्ष पठाउने र सरकारी वकीलले अध्ययन गरी मुद्दा चल्ने वा नचल्ने निर्णय गर्दछ। सरकारी वकीलले मुद्दा चल्ने निर्णय गरेमा सरकारी वकीलले फिरादपत्र तयार गरी प्रमाण सहित सम्बन्धित अदालतमा मुद्दा दायर गर्दछ।

## ४. महान्यायाधिवक्ताको कार्यालयको संगठनात्मक स्वरूप तथा दरबन्दीको विकासक्रम

न्याय प्रशासन ऐन, २०१६ मा उल्लेख भए बमोजिम जिल्ला जिल्लामा नियुक्त गभर्नमेन्ट प्लिडरहरूलाई एटर्नी जनरलको मातहतमा राख्ने गरी मिति २०१७ वैशाख २० गते निर्णय भएको पाइन्छ। यसैगरी मिति २०१७ साल चैत्र २७ गते नेपाल गजेटमा सूचना प्रकाशित गरी प्रत्येक जिल्लामा गभर्नमेन्ट प्लिडर तथा पब्लिक प्रोसिक्युटरहरू खडा गरिएको थियो। सोही सूचनामा सरकारी वकीलको अनुपस्थितिमा एसिस्टेन्ट गभर्नमेन्ट प्लिडर र एसिसटेन्ट पब्लिक प्रोसिक्युटरको रूपमा जिल्ला अदालतका स्रेस्तेदारले पदेन भई काम गर्ने गरी तोक्नुका साथै विभिन्न २३ जना सरकारी वकीलहरूको रूपमा नियुक्त गरी सरकारी वकील कार्यालयको मुकाम पनि तोकेको पाइन्छ। मिति २०१८ साल वैशाख १२ गतेको नेपाल गजेटको सूचना अनुसार सरकारी वकील कार्यालय सम्बन्धित उच्च, जिल्ला र इलाका अदालत भवनमा ठाउँ पुगेसम्म बस्ने सूचना जारी गरिएको थियो।

मिति २०१८ साल जेठ ९ गतेको नेपाल राजपत्रको सरकारी वकील अफिस बारेको विवरण सर्वसाधारणको जानकारीका लागि शीर्षकको सूचना अनुसार ८७ वटा सरकारी वकील कार्यालयको विवरण समेत उल्लेख थियो। एटर्नी जनरलको कार्यालय काठमाडौंमा रहने र सोही भवनमा मध्यमाञ्चल गभर्नमेन्ट एडभोकेट अफिस रहने सूचना यसले दिएको थियो। साथै पूर्वाञ्चलको विराटनगर र पश्चिमाञ्चलको नेपालगञ्जमा गभर्नमेन्ट एडभोकेट अफिस रहने व्यवस्था गरिएको थियो। यस्तै सोही सूचनाले गभर्नमेन्ट एडभोकेट अफिस अन्तर्गत मध्यमाञ्चलमा ७, पूर्वाञ्चलमा ६ र पश्चिमाञ्चलमा ७ गभर्नमेन्ट प्लिडर तथा पब्लिक प्रोसिक्युटर अफिसको व्यवस्था गरेको थियो। गभर्नमेन्ट प्लिडर तथा पब्लिक प्रोसिक्युटर अफिस अन्तर्गत पनि जिल्ला अदालत तहमा असिस्टेन्ट पब्लिक प्रोसिक्युटर तथा असिस्टेन्ट गभर्नमेन्ट प्लिडरको अफिसको व्यवस्था गरिएको थियो। सोही मितिको अर्को सूचना अनुसार

एटर्नी जनरल लगायत विभिन्न सरकारी वकीलले कानूनी राय दिने र अदालती लिखत मस्यौदा गर्ने गराउने सम्बन्धमा प्रक्रिया निर्धारण गरेको थियो।

वि.सं. २०१८ साल माघ १८ गतेको निर्णयले २०१८ साल जेठ ९ गते जारी सरकारी वकीलको संगठन सम्बन्धी व्यवस्थालाई खारेज गऱ्यो। सो निर्णयानुसार भक्तपुर, रामेछाप, मेची महाकाली, जुम्ला र गोरखामा रहेका गभर्नमेन्ट प्लिडर तथा पब्लिक प्रोसिक्युटर अफिस खारेज गरियो। यसैगरी गभर्नमेन्ट प्लिडर तथा पब्लिक प्रोसिक्युटर अफिस काठमाडौं र ललितपुर काठमाडौं पहिलो फाँट र दोस्रो फाँटमा परिणत गरियो। पूर्वाञ्चलको विराटनगर र पश्चिमाञ्चलको नेपालगञ्जमा गभर्नमेन्ट एडभोकेट अफिसहरू समेत खारेज गरियो। सोही सूचनामा उपरोक्त परिवर्तन पछिका विभिन्न ७८ सरकारी वकील कार्यालयहरूको विस्तारित सूची दिइएको थियो।

वि.सं. २०२० साल भदौ १७ गतेको नेपाल गजेटको सूचना बमोजिम त्यस बेलाका १४ गभर्नमेन्ट प्लिडर तथा पब्लिक प्रोसिक्युटर अफिसलाई सम्बन्धित अञ्चलको अञ्चलाधीश कार्यालय र ६३ वटा असिष्टेन्ट गभर्नमेन्ट प्लिडर तथा पब्लिक प्रोसिक्युटर अफिसलाई सम्बन्धित जिल्लाको बडाहाकिम वा मजिष्टेटको प्रशासकीय नियन्त्रण तथा रेखदेखमा रहने गरी अञ्चलाधीश अफिस, गौंडा, गढी, गोश्वारा र मजिष्टेट अफिसमा गाभियो। गभर्नमेन्ट प्लिडर तथा पब्लिक प्रोसिक्युटरलाई प्राविधिक काम कुरामा एटर्नी जनरल मातहत राख्ने तर कामको हकमा हाल खटिएको रूपमा अञ्चलाधीश, बडाहाकिम र मजिष्टेट मातहत यथावत राख्ने र सरकारी वकील सम्बन्धी प्रशासन कानून तथा न्याय मन्त्रालयबाट सञ्चालन गर्ने गराउने गरी २०२१ साल असार २० गते निर्णय भएको पाइन्छ। २०१८ सालमा संस्थागत रूपमा विकसित भएको सरकारी वकीलको दरवन्दी हेर्दा २०१८ देखि २०२७ सम्म महान्यायाधिवक्ताको कार्यालयमा महान्यायाधिवक्ता १ र ३ जना सरकारी अधिवक्ताको दरवन्दी रहेकोमा २०२७ सालको अन्ततिर १ वरिष्ठ सरकारी अधिवक्ता र २ अतिरिक्त सरकारी अधिवक्ताको दरवन्दी थप भएको देखिन्छ। २०२० सालसम्म सरकारी वकीलको प्रशासन महान्यायाधिवक्ता कार्यालयबाट भएको भए पनि २०२० देखि २०२७ सालसम्म सरकारी वकील कार्यालयलाई कहिले अञ्चलाधीश कार्यालय र जिल्ला कार्यालयमा गाभ्नुका साथै सरकारी वकीलहरूको प्रशासनको काम कानून तथा न्याय मन्त्रालयले गर्ने गर्दथ्यो।

वि.सं. २०२७ सालमा सरकारी वकीलको प्रशासन पुनः महान्यायाधिवक्ताको कार्यालय मातहतमा रहने र कार्यालय पनि छुट्टै रहने व्यवस्था भयो। वि.सं. २०२८ साल भदौ १५ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम अञ्चल तथा जिल्लास्तरीय सरकारी वकील कार्यालयको व्यवस्था गरिएको थियो । वि.सं. २०३० साल चैत्र २९ गतेको

सूचनाले फेरि केही सरकारी वकील कार्यालय गाभ्ने र केही खडा गर्ने गरेको थियो। वि.सं. २०३१ सालमा क्षेत्रीय अदालतको स्थापना पश्चात् जिल्ला, अञ्चल, क्षेत्रीय तथा महान्यायाधिवक्ताको कार्यालय गरी ४ तहका सरकारी वकील कार्यालयहरूको स्थापना गरिएको थियो ।

दरबन्दीको व्यवस्था हेर्दा आ.व. २०३५/०३६ सम्म सरकारी वकील राजपत्रांकित ४५ र राजपत्र अनंकित २ गरी जम्मा ४७ जनाको दरवन्दी रहेको पाइन्छ।२०३८ सालमा सरकारी वकीलको दरबन्दीलाई अपग्रेड गरी जिल्ला स्थित सरकारी वकील पनि राजपत्रांकित तृतीय श्रेणीको हुने व्यवस्था भएपछि मात्र कानूनमा स्नातक गरेका जनशक्तिहरू सरकारी वकीलको सेवामा प्रवेश गरेको पाइन्छ।२०४१ सालमा महान्यायाधिवक्ताको कार्यालय, क्षेत्रीय, अञ्चल र जिल्ला सबै तहका जम्मा राजपत्रांकित तहमा १०५ सरकारी वकील र राजपत्र अनंकित सरकारी वकील ८ जना गरी महान्यायाधिवक्ता सहित जम्मा ११४ जना सरकारी वकीलका साथै ११ जना राजपत्रांकित, २६० जना राजपत्र अनंकित कर्मचारी र २४७ जना पियन वा सो सरहका कर्मचारी गरी ६३२ जनाको दरबन्दी रहेको पाइन्छ।

वि.सं. २०४५ सालमा महान्यायाधिवक्ताको साथै १ जना मुख्य न्यायाधिवक्ता तथा १ जना अतिरिक्त न्यायाधिवक्ता समेत गरी ७७१ जना सरकारी वकीलको दरबन्दी रहेको थियो। वि.सं. २०४७ साल जेठसम्ममा महान्यायाधिवक्ताको कार्यालय १, क्षेत्रीय सरकारी वकील कार्यालयहरू (धनकुटा, पोखरा, सुर्खेत, दिपायल) ४, अञ्चल सरकारी वकील कार्यालयहरू १२ र जिल्ला सरकारी वकील कार्यालयहरू ६१ रहेका थिए ।सबै तहमा संवैधानिक १, राजपत्रांकित तहमा १२५ सरकारी वकील र राजपत्रांकित कर्मचारी २५, राजपत्र अनंकित ३२३, पियन वा सो सरह २९४ जना गरी महान्यायाधिवक्ता सहित जम्मा ७६८ जनाको दरबन्दी रहेको थियो।नेपाल अधिराज्यको संविधान, २०४७ लागू भए पश्चात् अदालतको संरचना तीन तहमा कायम भए अनुरूप सरकारी वकील कार्यालयको पनि तीन तह कायम गरियो।साविकको क्षेत्रीय तथा अञ्चल सरकारी वकील कार्यालयहरू मिति २०४९।३।२४ देखि पुनरावेदन सरकारी वकील कार्यालयको रूपमा रुपान्तरित भए । जसको संख्या ९ रहेको थियो।पुनरावेदन सरकारी वकील कार्यालयहरूको संख्या आ.व. २०५१/०५२ मा ११ रहेकोमा आ.व. २०५२/०५३ मा यो संख्या १६ भएको पाइन्छ।यस्तै जिल्ला सरकारी वकील कार्यालयहरूको संख्या आ.व. २०५१/०५२ मा ६६ रहेकोमा आ.व. २०५२/०५३ मा यो संख्या ६२ कायम भएको पाइन्छ ।

नेपाल सरकारको निर्णय अनुसार २०५७।०१।०१ बाट तत् तत् जिल्लाहरूमा जिल्ला सरकारी वकील कार्यालयको छुट्टै कार्यालय स्थापना भई १६ पुनरावेदन सरकारी वकील कार्यालयहरू र ७५ जिल्ला सरकारी वकील कार्यालयहरू सञ्चालनमा आएका थिए। वि.सं. २०६३ सालमा महान्यायाधिवक्ताको कार्यालय, पुनरावेदन र जिल्ला सबै तहमा गरी १ संवैधानिक पद, ४ राजपत्रांकित विशिष्ट श्रेणी समेत २४२ जना सरकारी वकीलका साथै राजपत्र अनंकित कर्मचारी ६१९ जना गरी ८६१ जनाको दरवन्दी रहेको थियो।आ.व.२०६८।०६९ को तथ्यांक हेर्दा महान्यायाधिवक्ता समेत २७७ जना सरकारी वकीलहरू तथा ६४२ अन्य कर्मचारीहरू समेत गरी कुल ९१९ संख्याका जनशक्ति महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयमा कायम रहेको देखिन्छ।

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७०।७।२५ को निर्णयानुसार बिशेष अदालतको मुकाम रहेको स्थान काठमाण्डौमा तीन तहका सरकारी वकील बाहेक बिशेष सरकारी वकील कार्यालयको स्थापना भएको थियो।उक्त कार्यालयबाट विशेष अदालत काठमाडौं, राजश्व न्यायाधिकरण काठमाडौं, वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौं, प्रशासकीय अदालत तथा उच्च अदालत पाटनमा रहेका वाणिज्य इजलासबाट सुनुवाइ हुने सरकार वादी मुद्दाहरूमा बहस पैरवी तथा प्रतिरक्षा गर्ने गरिन्छ।विशेष सरकारी वकील कार्यालयमा नेपाल न्याय सेवा सरकारी वकील समूह राजपत्राङ्कित प्रथम श्रेणीका सहन्यायाधिवक्ताको नेतृत्व रहने व्यवस्था छ।

नेपालको संविधान लागू भए पश्चात् जारी भएको न्याय प्रशासन ऐन, २०७३ बमोजिम स्थापित उच्च अदालतहरू र उच्च अदालतका इजलास रहेका स्थानहरूमा उच्च सरकारी वकील कार्यालयहरू स्थापना भई कार्यसम्पादन हुँदै आएको छ।हाल उच्च सरकारी वकील कार्यालयहरूको संख्या १८ रहेको छ।उच्च सरकारी वकील कार्यालयमा नेपाल न्याय सेवा सरकारी वकील समूह राजपत्राङ्कित प्रथम श्रेणीका सहन्यायाधिवक्ताको नेतृत्व रहने व्यवस्था छ।प्रत्येक जिल्लामा एउटा सरकारी वकील कार्यालय गरी ७७ वटा जिल्ला सरकारी वकील कार्यालयहरू रहेका छन् । जिल्ला सरकारी वकील कार्यालय काठमाण्डौमा राजपत्रांकित प्रथम श्रेणीका र अन्य ७६ जिल्लामा राजपत्रांकित द्वितीय श्रेणीका सरकारी वकीलको नेतृत्व रहेको छ।

हाल महान्यायाधिवक्ताको कार्यालयमा १ संवैधानिक, ४ रा.प. विशिष्ट श्रेणी, १४ रा.प. प्रथम श्रेणी, २४ रा.प. द्वितीय श्रेणी र १६ रा.प. तृतीय श्रेणीका गरी जम्मा ५९ जना सरकारी वकीलको दरबन्दी रहेको छ।उच्च सरकारी वकील कार्यालयमा १८ रा.प. प्रथम श्रेणी,

३२ रा.प. द्वितीय श्रेणी र ६१ रा.प. तृतीय श्रेणीका गरी जम्मा १११ जना सरकारी वकील, विशेष सरकारी वकील कार्यालयमा १ रा.प. प्रथम श्रेणी, १४ रा.प. द्वितीय श्रेणी र ५ रा.प. तृतीय श्रेणीका गरी जम्मा २० सरकारी वकीलको दरबन्दी रहेको छ। जिल्ला सरकारी वकील कार्यालयमा १ रा.प. प्रथम श्रेणी, ८६ रा.प. द्वितीय श्रेणी र १७१ रा.प. तृतीय श्रेणीका गरी जम्मा २५८ सरकारी वकील गरी सरकारी वकील कार्यालयहरूमा हाल ४४८ सरकारी वकीलको दरबन्दी रहेको छ। सरकारी वकील कार्यालय बाहेकका अन्य निकायमा ४ रा.प. प्रथम श्रेणी, १८ रा.प. द्वितीय श्रेणी र ५१ रा.प. तृतीय श्रेणीका गरी जम्मा ७३ सरकारी वकीलको दरवन्दी गरी कुल सरकारी वकीलको दरवन्दी ५२१ रहेको छ।

# २. महान्यायाधिवक्ताको कार्यालयको वार्षिक गतिविधि

## १. महान्यायाधिवक्ताको पदमा नियुक्ति र पदवहाली



नवनियुक्त माननीय महान्यायाधिवक्ता डा. दिनमणी पोखरेल पदबहाली गर्नुहुँदै ।

सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहालको सिफारिसमा नेपालको संविधानको धारा १५७ को उपधारा (२) बमोजिम सम्मानीय राष्ट्रपति विद्यादेवी भण्डारीबाट मिति २०७९।०९।१३ मा अधिवक्ता डा. दिनमणी पोखरेललाई महान्यायाधिवक्ताको पदमा नियुक्त गर्नु भएको थियो। माननीय महान्यायाधिवक्ता डा. दिनमणी पोखरेलबाट सोही मितिमा पदवहाली गर्नु भएको थियो।

## २. सम्माननीय प्रधानमन्त्रीको अवलोकन भ्रमण र सम्बोधन




सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालज्यूले मिति २०७९।१०।२३ मा महान्यायाधिवक्ताको कार्यालयको अवलोकन भ्रमण गर्नु भएको थियो। कार्यालयको अवलोकन पश्चात् वहाँले उपस्थित सरकारी वकीलहरूलाई सम्बोधन गर्नु भएको थियो। सम्बोधनका क्रममा सम्माननीय प्रधानमन्त्रीबाट सरकारी वकील तथा महान्यायाधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीहरूको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी कानून बनाउन नेपाल सरकारले आवश्यक पहल गर्ने उल्लेख गर्नु भएको थियो। महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनमा साधन स्रोत उपलब्ध गराई सरकारी वकीलको व्यावसायिकता विकास र संस्थागत सुदृढीकरणका लागि नेपाल सरकारबाट पर्याप्त सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नु भएको थियो।

## ३. भारतका विद्वान महान्यायाधिवक्ताको नेपाल भ्रमण

नेपालका महान्यायाधिवक्ताको औपचारिक निमन्त्रणामा भारतका विद्वान महान्यायाधिवक्ता Mr. R. Venkataramani ले मिति २०८०।३।१२ देखि १४ सम्म भ्रमण गर्नु भएको थियो। सो क्रममा महान्यायाधिवक्ताको कार्यालयबाट आयोजना गरिएको अन्तरक्रिया कार्यक्रममा भारतका विद्वान महान्यायाधिवक्ता Mr. R. Venkataramani ले सघीय संरचनामा महान्यायाधिवक्ताको भूमिका विषयमा सम्बोधन गर्नु भएको थियो। साथै महान्यायाधिवक्ताको कार्यालयका उच्चपदस्थ सरकारी वकीलहरूसँग निजको नेपाल भ्रमण र द्विपक्षीय सम्बन्धको बारेमा छलफल कार्यक्रम गर्नु भएको थियो। वहाँले महान्यायाधिवक्ताको कार्यालय र सोही कार्यालयस्थित अभिलेखालयको समेत अवलोकन गर्नु भएको थियो।

भ्रमणको क्रममा भारतका महान्यायाधिवक्ता र प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशहरू बीच अन्तरक्रिया सम्पन्न भएको थियो। उक्त अवसरमा भारतका महान्यायाधिक्ताबाट भारतका प्रधान न्यायाधीशको सन्देश नेपालका प्रधान न्यायाधीश समक्ष पेश गर्नु भएको थियो।

## ४. सरकारी वकील कार्यालयहरूको भवन उद्घाटन

माननीय महान्यायाधिवक्ता डा. दिनमणी पोखरेलबाट निर्माण कार्य सम्पन्न भएका देहायका सरकारी वकील कार्यालयहरूको भवन उद्घाटन गर्नु भएको थियो।

| सि.नं. | सरकारी वकील कार्यालय | उद्घाटन मिति |
|---|---|---|
| १. | जिल्ला सरकारी वकील कार्यालय पाँचथर | २०८०।०३।१० |
| २. | जिल्ला सरकारी वकील कार्यालय डोटी | २०८०।०३।२९ |
| ३. | जिल्ला सरकारी वकील कार्यालय रौतहट | २०८०।०५।०३ |
| ४. | जिल्ला सरकारी वकील कार्यालय काठमाडौं | २०८०।०५।०६ |
| ५. | जिल्ला सरकारी वकील कार्यालय काभ्रेपलाञ्चोक | २०८०।०५।११ |
| ६. | जिल्ला सरकारी वकील कार्यालय सुर्खेत | २०८०।०६।२८ |
| ७. | विशेष सरकारी वकील कार्यालय काठमाडौं | २०८०।०५।०६ |

## ५. महान्यायाधिवक्तासँग कूटनीटिक प्रतिनिधिहरूको भेटघाट

माननीय महान्यायाधिवक्ताज्यूबाट भएको कुटनीतिक भेटघाट यसप्रकार रहेको छ ।

| S.N. | Name/Head of the Delegation | Position | Country/Institute | Visit Date |
|---|---|---|---|---|
| 1. | Sh. R. Venkataramani | Ld. Attorney General | India | 27 June 2023 |
| 2. | Mr.Shoichi Hara | ICD Professor &Judge | Ministry of Justice, International Cooperation Department, Japan | 27 Aug 2023 |
| 3. | His Excellency Mr. Rob Fenn | British Ambassador to Nepal | British Ambassy in Nepal | 18 Sep 2023 |

## ६. दण्डका सुधारात्मक उपायको कार्यान्वयन

६.१ **प्रोवेशन तथा प्यारोल सम्बन्धी नीति, २०८०:** फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३८ मा कैद सजाय पाएका कसूरदारको सामाजिक पुनःथापना तथा एकीकरण गर्ने कार्यमा सहयोग समेत पुर्याउनको लागि महान्यायाधिवक्ताको अध्यक्षतामा सघीय प्रोवेशन तथा प्यारोल बोर्डको व्यवस्था गरिएको छ।फौजदारी न्याय प्रशासनको सन्दर्भमा कसूरदारलाई सुधार गरी समाजमा पुनर्स्थापना गर्न सजायका आधुनिक अवधारणाको रूपमा रहेको प्रोवेशन तथा प्यारोल सम्बन्धी व्यवस्थाको प्रभावकारी रूपमा कार्यान्वयनको लागि बोर्डले सो सम्बन्धी नीति तर्जुमा गरेको हो।ऐनको दफा ३९ को उपदफा (१) को खण्ड (क) बमोजिम उक्त बोर्डले संघीय प्रोवेशन तथा प्यारोल बोर्डबाट प्रोवेशन तथा प्यारोल सम्बन्धी नीति, २०८० तर्जुमा गरी स्वीकृतिका लागि नेपाल सरकार समक्ष सिफारिस गरेको छ ।

६.२ **कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड तथा प्रोवेशन तथा प्यारोलमा छुट्ने कसूरदारले पालना गर्नुपर्ने शर्तहरू, २०८०:** फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३९ को उपदफा (१) को खण्ड (ख) तथा खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी संघीय प्रोवेशन तथा प्यारोल बोर्डले कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड तथा प्रोवेशन तथा प्यारोलमा छुट्ने कसूरदारले पालना गर्नु पर्ने शर्तहरू बनाएको छ।उक्त व्यवस्था कार्यान्वयनको लागि नेपाल राजपत्रमा सूचना प्रकाशित गर्न बोर्डले नेपाल सरकार समक्ष पेश गरेकोमा नेपाल राजपत्रमा प्रकाशित भई मिति २०८०।०७।०१ गतेदेखि लागू भएको छ ।

६.३ **कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड कार्यान्वयन मार्गदर्शन, २०८०** संघीय प्रोवेशन तथा प्यारोल बोर्डले स्वीकृत गरेको मिति देखि लागू हुने गरी सो मार्गदर्शन कार्यान्वयनमा ल्याइएको छ ।

६.४ संघीय प्रोवेशन तथा प्यारोल बोर्डको अनुरोध बमोजिम नेपाल सरकारले मिति २०८०।०६।२५ मा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी मिति २०८०।०७।०१ देखि लागू हुने गरी फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४९ बमोजिम प्यारोल अधिकृतको नियुक्ति नभएसम्मको लागि सम्बन्धित कारागार प्रशासकलाई प्रोवेशन अधिकारी तोकेको छ।

## ७. सजायमा छुट दिने मागदावी सम्बन्धी निर्देशिका

सजायमा छुट दिने मागदावी सम्बन्धी निर्देशिका, २०८० नेपाल सरकारबाट स्वीकृत भई मिति २०८०।०१।२८ मा नेपाल राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा ल्याइएको छ। उक्त निर्देशिकाको व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न अनुसन्धानकर्ता, अभियोजनकर्ता र प्रतिरक्षी कानून व्यवसायीहरूका लागि प्रदेशस्तरीय देहाय बमोजिम अभिमुखीकरण कार्यक्रमहरू सम्पन्न भएका छन्।

१. मिति २०८०।२।७ मा बागमती प्रदेशको काठमाण्डौमा,
२. मिति २०८०।२।२७ मा गण्डकी प्रदेशको पोखरामा,
३. मिति २०८०।३।१६ मा लुम्बिनी प्रदेशको भैरहवामा,
४. मिति २०८०।३।३० मा सुदूरपश्चिम प्रदेशको धनगढीमा,
५. मिति २०८०।४।२३ मा मधेश प्रदेशको जनकपुरमा,
६. मिति २०८०।४।२७ मा बागमती प्रदेशको काठमाण्डौमा,
७. मिति २०८०।७।१६ मा कोशी प्रदेशको विराटनगरमा।

## ८. बहस पैरवी तथा प्रतिरक्षा सम्बन्धी निर्देशिका जारी

सरकारी वकीलहरूबाट सरकार वादी फौजदारी मुद्दामा अदालतमा विभिन्न चरण र अवस्थामा नेपाल सरकारको तर्फबाट बहस पैरवी तथा प्रतिरक्षा गर्ने कार्यलाई एकरूपतापूर्ण, व्यवस्थित र प्रभावकारी रूपमा गर्न सो सम्बन्धी निर्देशिका तर्जुमा गरी लागू गरिएको छ।यस पूर्व बहस पैरवी, प्रतिरक्षा तथा कानूनी राय सम्बन्धी निर्देशिका, २०७५ कार्यान्वयनमा रहेकोमा सोलाई परिमार्जन गरी "नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको बहस पैरवी तथा प्रतिरक्षा सम्बन्धी निर्देशिका, २०७९" जारी गरिएको छ।सो निर्देशिका मिति २०७९।१२।२३ बाट कार्यान्वयनमा आएको छ।

## ९. कसूरको अनुसन्धान र अभियोजनका समस्या पहिचान र सुधारको प्रयास

मिति २०७९।१०।१५ गतेको केन्द्रीय समन्वय समितिको वैठकबाट फौजदारी कसूरको अनुसन्धानमा देखिने गरेका त्रुटिहरू र सुधारका उपायका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न कार्यदल गठन गरिएको थियो।नायब महान्यायाधिवक्ताको संयोजकत्वमा गृह मन्त्रालयका सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव, प्रहरी प्रधान कार्यलय अपराध अनुसन्धान विभाग प्रमुख सदस्य र महान्यायाधिवक्ताको कार्यालयका उपन्यायाधिवक्ता सदस्य सचिव रहने गरी गठन गरिएको सो कार्यदलले प्रतिवेदन

महान्यायाधिवक्ता समक्ष पेश गरेको थियो। उक्त प्रतिवेदनमा दिइएका सुझाव कार्यान्वयन गर्ने गरी मिति २०८०।०३।१९ गतेको केन्द्रीय समन्वय समितिको बैठकबाट निर्णय भएको थियो।

- कसूरको अनुसन्धानलाई थप प्रभावकारी बनाउन सुझाव सहितको प्रतिवेदन दिन गठित कार्यदलको प्रतिवेदन, २०८० कार्यान्वयनका लागि नेपाल सरकार, गृह मन्त्रालय मार्फत प्रहरी प्रधान कार्यालयमा पठाइएकोमा प्रहरी प्रधान कार्यालयबाट कसूरको अनुसन्धानको सुधारका सम्बन्धमा मातहत कार्यालयलाई निर्देशन भएको अवस्था छ।
- सरकार वादी फौजदारी मुद्दाको अभियोजनलाई थप प्रभावकारी बनाउने सम्बन्धमा सुझाव सहितको प्रतिवेदन दिन गठित कार्यदलबाट प्रतिवेदन प्राप्त भएको छ।
- सरकार वादी फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन र प्रतिरक्षा कार्यलाई थप प्रभावकारी बनाउन सुझाव प्राप्त गर्ने उद्देश्यले देहायको मितिमा देहायका स्थानमा अनुसन्धानकर्ता प्रहरी, अभियोजनकर्ता सरकारी वकील र न्यायसम्पादन अधिकारीका बीचमा अन्तरक्रिया आयोजना गरी सुझाव संकलन गरिएको थियो।
  - मिति २०७९।१२।१० मा  मधेश प्रदेशको जनकपुरमा,
  - मिति २०७९।१२।१७ मा लुम्बिनी प्रदेशको बुटवलमा,
  - मिति २०७९।१२।२९ मा गण्डकी प्रदेशको पोखरामा,
  - मिति २०८०।०१।१९ मा कोशी प्रदेशको विराटनगरमा,
  - मिति २०८०।०२।१२ मा सुदुरपश्चिम प्रदेश र कर्णाली प्रदेशको सुर्खेतमा,
  - मिति २०८०।०२।२९ मा वागमती प्रदेशको काठमाण्डौमा ।

- सम्माननीय प्रधान न्यायाधीश समेतको उपस्थितिमा सरकार वादी मुद्दाको अभियोजनमा देखिएका समस्या र समाधानका उपाय सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम मिति २०८०।५।२९ मा काठमाडौंमा आयोजना गरिएको थियो।
- विभिन्न कार्यदलका प्रतिवेदन, अन्तरक्रिया तथा छलफल कार्यक्रम एवं महान्यायाधिवकताको कार्यालयबाट मातहत कार्यालयको अनुगमन तथा अभियोजन परिक्षण गर्दा पाइएको वस्तुस्थिति समेतलाई दृष्टिगत गरी महान्यायाधिवक्ताको कार्यालयबाट मिति २०८०।०२।०२ र मिति २०८०।०८।०४ मा मातहत सरकारी वकील कार्यालयमा बुँदागत रूपमा निर्देशन जारी गरिएको छ।

| अभियोजनमा देखिएका समस्या र समाधान | |
|---|---|
| १.प्रारम्भिक अनुसन्धान प्रतिवेदनको प्राप्ति र अभिलेखीकरणलाई व्यवस्थित गर्न नसकिएको, | प्रारम्भिक अनुसन्धान प्रतिवेदनको प्राप्ति र अभिलेखीकरणलाई व्यवस्थित गर्नुपर्ने, (परिपत्र/ निर्देशन गर्ने) |
| २.जाहेरी गर्दा इन्कार गर्न नहुने कुरामा अनुसन्धान अधिकारीलाई विश्वस्त पार्न नसकिएको, | समस्या निदानका लागि महान्यायाधिवक्ताको कार्यालयबाट देशै भरका अनुसन्धान गर्ने निकायलाई परिपत्र गर्नुपर्ने |
| ३. जाहेरी तामेलीमा राख्ने कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन नसकेको, | झुठ्ठा, काल्पनिक जाहेरी तामेलीमा राख्न परिपत्र गर्नुपर्ने र त्यसको अनुगमन प्रभावकारी बनाउनु पर्ने। |
| ४. मुद्दामा प्रारम्भिक चरणमै सरकारी वकील तोकी अभियोजनमा जिम्मेवार बनाउन नसकिएको, | अभियोजनको प्रारम्भिक चरण देखि नै जिम्मेवार र जवाफदेही बनाउनु पर्ने, |
| ५. म्याद थप अनुमति माग्दा हिरासतमै राख्नु पर्ने आधार कारण खुलाउने गरेको नपाइएको, | हिरासतमै राख्नु पर्ने आधार कारण र औचित्य खुलाई म्याद थप अनुमति माग भए नभएको अनुगमन गरी जिम्मेवार र जवाफदेही बनाउनु पर्ने, |
| ६.अनुसन्धानमा बाल तथा लैंगिक न्यायका संवेदनशील पक्ष तथा गोपनीयताका सबालमा प्रभावकारी निर्देशन हुन नसकेको, | अनुसन्धान अधिकारीलाई प्रभावकारी निर्देशन गरे नगरेको विषयमा अनुगमन गरी जिम्मेवार र जवाफदेही बनाउनु पर्ने, |
| ७.म्याद थप अनुमति माग्दा विद्युतीय माध्यमलाई उपयोग गर्न आवश्यक र उत्तम विकल्प हुन सक्ने अवस्था र अवसरको सदुपयोग हुन नसकेको, | आवश्यक र उत्तम विकल्प हुन सक्ने अवस्था र अवसरको अनुसन्धान र अदालतसँग समन्वय गर्ने, |
| ८.शंकितको बयान गराउँदा वा अन्य व्यक्तिको कागज गराउँदा घट्ना सबै तथ्य र विस्तृत सूचना खुलाउन नसकिएको कारण अभियोजनमा असर पुगेको, | ५ WH प्रश्नावलीको पूरा जवाफ प्राप्त हुने गरी बयान र कागज गराए नगराएको अनुगमन प्रभावकारी बनाउनु पर्ने। |
| ९.शंकितले अनुसन्धानको बयान स्वेच्छा | अदालतमा भएको बयानको पुनः |

| | |
|---|---|
| विरुद्धको हो भनी अदालतमा जिकिर लिने अवस्था अझै जारी रहेको, | अनुसन्धान गर्ने, |
| १०. अनुसन्धान अधिकारीले राय माग्ने र सरकारी वकीलले राय परामर्श दिने अभ्यास प्रभावकारी हुन नसकेको, | अनुसन्धान अधिकारीले राय माग्ने र सरकारी वकीलले राय परामर्श दिने अभ्यासमा जिल्ला स्थित समन्वय समिति प्रभावकारी हुनुपर्ने, |
| ११. अनुसन्धानमा पीडित वा निजको अभिभावक, अभियुक्त वा कानूनको विवादमा परेको नाबालकको अभिभावकको भावना, अवस्था र चासो बुझ्ने अभ्यास नै नभएको, | अभियोजन अधिकारीले अनुसन्धान अधिकारीसँग समन्वय गरी पीडित वा अभिभावकको भावना, अवस्था र चासो बुझ्ने पद्धतिको विकास गर्नुपर्ने, |
| १२. सरकारी वकील र अनुसन्धान अधिकारीका बीच प्रभावकारी अभियोजनका विषयमा केन्द्रित समीक्षा विरलै हुने गरेको, | सरकारी वकीलले प्रभावकारी अभियोजनका लागि अनुसन्धान अधिकारीसँग अनुसन्धानको प्रगतिलाई निरन्तर चासो र सरोकार राखु पर्ने, |
| १३. कसूर स्थापित हुने सबुद प्रमाणको पहिचान/ संरक्षण/ संकलन तथा परिक्षणमा सरकारी वकीलले समयमै निर्देशन दिएको नपाइएको, | कसूर स्थापित हुने सबुद प्रमाणको पहिचान/ संरक्षण/संकलन तथा परीक्षणमा सरकारी वकीलले समयमै निर्देशन दिन सचेत हुनुपर्ने, (अनुगमन / परिपत्र) |
| १४. सरकारी वकीलले अन्तिम समयमा निर्देशन दिँदा निर्देशनको पालना निष्प्रभावी भएको, | प्रारम्भिक चरणदेखि नै अनुसन्धानमा केन्द्रित भई निर्देशन दिने (सोको प्रभावकारी अनुगमन) |
| १५. विज्ञको राय स्पष्ट नहुने र विशेषज्ञले र यकिन गरिदिनु पर्ने विवादित प्रश्न अनुसन्धानले स्पष्ट गर्न नसकेको, | विवादित प्रश्न अनुसन्धान र अभियोजनले यकिन र स्पष्ट गर्नु पर्ने तथा विज्ञ वा विशेषज्ञहरूको टोलीबाट स्पष्ट खुलाउन लगाउनु पर्ने, |
| १६. हदम्याद नहुने र शंकित पक्राउ नपरेका कसूरको अनुसन्धान शीघ्र गर्न सरकारी वकीलबाट निर्देशन हुने अभ्यास नरहेको, | त्यस्ता कसूरको अनुसन्धान शीघ्र गर्न समय समयमा निर्देशन हुनुपर्ने, (अनुगमन/परिपत्र) |
| १७. अनुसन्धानबाट उजागर भएका सबै | एकै पटक वा निरन्तर अनुसन्धान |

| | |
|---|---|
| कसूरको एकै पटक वा निरन्तर अनुसन्धान हुन पर्नेमा हनु नसकेको, | गर्न समयमै निर्देशन दिनुपर्ने, |
| १८. कसूरसँगै असम्बन्धित वा कसूर पीडितको व्यक्तिगत, नियमित प्रयोगका माल वस्तु तत्काल फिर्ता गर्न सकिनेमा निर्देशन दिएको नदेखिएको, | कसूरसँग असम्बन्धित वा पीडितको व्यक्तिगत, नियमित प्रयोगका माल वस्तु तत्काल फिर्ता गर्न अनुसन्धानकर्तालाई निर्देशन दिनुपर्ने, |
| **अभियोजन (मुद्दा चलाउने वा नचलाउने) निर्णयका सम्बन्धमा** | |
| १९. शंकाजन्य जाहेरी, मौखिक प्रमाण तथा अपूर्ण अनुसन्धानकै भरमा मुद्दा चलाउने/नचलाउने निर्णय हुने गरेको, | अपूर्ण अनुसन्धानकै भरमा मुद्दा चलाउने/ नचलाउने निर्णय गर्ने अभ्यासलाई निरुत्साहित गर्नुपर्ने (अनुगमन/ परिपत्र) |
| २०. मुद्दा चलाउने/नचलाउने निर्णयमा प्रमाण मूल्याङ्कन विश्लेषणमा त्रुटि कमजोरी देखिने गरेको, | मुद्दा चलाउने/ नचलाउने निर्णयमा पुष्ट्याई सहित निर्णय गर्ने, (प्रशिक्षण/ परिपत्र) |
| २१. कसूरको प्रकृति र सार्वजनिक हित समेतलाई विचार गरी धरौटी जमानत वा तारेखमा राखी अनुसन्धान गर्ने अभ्यास प्रभावकारी नहुँदा त्यसको प्रत्यक्ष असर अभियोजनको गुणस्तरमा परेको, | अभियोजनको गुणस्तर सुधारका लागि सरकारी वकीललाई प्रशिक्षित गर्नुपर्ने, |
| २२. विशेष ऐन लागू गर्ने कुरामा एकरूपता हुन नसकेको, (बाल यौन दुर्व्यवहार र बालयौन दुरूपयोग जस्ता विशेष ऐन र संहिता) | विशेष ऐन लागू गर्ने कुरामा एकरूपता कायम गर्न सरकारी वकीललाई प्रशिक्षित गर्नुपर्ने, |
| २३. वारदात पिच्छे अलग अलग अभियोजनको निर्णय गर्नु पर्नेमा एउटै निर्णय हुने गरेको, | वारदात पिच्छे अलग अलग अभियोजनको निर्णय गर्नु पर्ने मुद्दामा एउटै निर्णय गर्ने त्रुटि हुन नदिन प्रशिक्षण दिनुपर्ने, |
| २४. एक भन्दा बढी कसूरदार सम्लग्न भएको वारदातमा प्रत्येक कसूरदारको कसूरमा भूमिका नखुलाई गोलमटोल एवं गोश्वारा अभियोग दाबी लिने | सरकारी वकीलहरूलाई प्रशिक्षण दिनुपर्ने, |

| | |
|---|---|
| गरिएको, | |
| २५. अभियुक्तको पहिचान खुल्ने यकिन कागज विना प्रतिवादी कायम हुने गरेको, | अभियुक्तको पहिचान हुने कागजात मिसिलमा राखी मात्र प्रतिवादी कायम गर्नुपर्ने, |
| २६. क्षतिपूर्तिको दाबीमा पीडितलाई परेको असरको गांभीर्यता, सो पुष्टि हुने सबुद प्रमाण, प्रतिवादीको आर्थिक अवस्था खुलाई दाबी लिने नगरिएको, | अपराध पीडितलाई क्षतिपूर्ति दिलाउन मागदाबी लिने विषयमा अलग निर्देशिका बनाउनु पर्ने, |
| २७. कसूरमा क्षति भएको विगो यकिन नगर्ने र को बाट कति विगो भराउनु पर्ने हो दाबी पनि स्पष्ट नहुने | को पीडितको कति विगो क्षति भएको र को बाट कति भराउनु पर्ने दाबी यकिन गरे नगरेको अनुगमन / कारवाही गर्ने गराउने पद्धति विकास गर्नुपर्ने, |
| २८. खासगरी अनुसूची—२ का कसूरमा अभियोजनमा निर्णयमा मुद्दा चलाउने हकदैया, हदम्याद, म्याद र सुनुवाई गर्ने निकाय यकिन नगरी निर्णय हुने गरेको कारण उही मुद्दा कही अदालतमा र कही अर्धन्यायिक निकायमा दर्ता हुने गरेको, | अनुसूची—२ का कसूरमा अभियोजनको निर्णय गर्दा स्पष्ट निर्णय गर्नु भनि परिपत्र गर्नुपर्ने, |
| २९. संस्थाका पदाधिकारी संलग्न देखिएका कसूरमा सबै पदाधिकारी वा कर्मचारी उपर मुद्दा चलाउने गरिएको, | संस्थाका पदाधिकारी संलग्न देखिएका कसूरमा Corporate Veil खोली अभियोजन गर्ने पद्धतिका लागि सरकारी वकीललाई प्रशिक्षित गर्नुपर्ने, |
| ३०. घट्ना, तथ्य, प्रमाणले समर्थन नगर्ने तथा परिभाषित कसूर भित्र नपर्ने अधिक कसूरमा अभियोजन तथा मागदाबी लिने अभ्यास निरन्तर रहेको, | मिसिल सम्लग्न सबुद प्रमाणले समर्थन नगर्ने तथा कानूनले परिभाषित कसूर भित्र नपर्ने विषयमा अभियोन गर्ने अभ्यास निरुत्साहित गर्नुपर्ने, (अनुगमन/परिपत्र/कारवाही) |
| ३१. सामान्य विवाद वा सानातिना कसूर, परिवार भित्र अनिवार्य आवश्यकता परी सवारी चलाउँदा कावु बाहिरको परिस्थितिमा भएको दुर्घटना वा | प्रथम दृष्टीमा हेर्दा सार्वजनिक हितका लागि मुद्दा नचलाउनु श्रेयस्कर देखिने मुद्दा नचलाउने अभ्यासलाई महान्यायाधिवक्ताको कार्यलयबाट |

| | |
|---|---|
| सार्वजनिक हितका लागि भएको घट्नामा अभियोजन नगर्ने हुनु पर्नेमा त्यसो हुन नसकेको, | प्रोत्साहित गर्नुपर्ने, |
| ३२. कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण र जफत) ऐन, २०७० को प्रभावकारी कार्यान्वयनमा सरकारी वकीलको अभियोजन निर्णयमा सक्रियताको अभाव देखिएको, | ऐनको उद्देश्य अनुरूप प्रभावकारी कार्यन्वयनमा सरकारी वकीलले अभियोग निर्णय र अनुसन्धानलाई निर्देशन दिने कुरामा ध्यान दिनुपर्ने, |
| **कानूनी द्विविधा/ अभाव/ दोह्वोरोपन समेतले अभियोजनमा समस्या** | |
| ३३. सपुर्दगी र पारस्परिक सहायता सम्बन्धी कानून कार्यान्वयनको अभावमा अन्तरदेशीय अपराधको अनुसन्धान तथा अभियोजनमा समस्या | विदेशी मुलुकसँग सन्धि सम्झौता गर्न सरकारलाई सिफारिस गर्ने |
| ३४. पटके / एकीकृत/ सामूहिक वा संगठित कसूरदारले/अपहरण तथा शरीरबन्धक बनाई नाबालक, अशक्त, अपाङ्ग, गर्भवती महिला पीडित उपर भएको कसूरमा सबै कसूरको सजाय थप दाबीका विषय स्पष्ट नभएको | थप सजाय हुने सबै वा अधिकांश कसूर गरेको कसूरदारका हकमा कुन कुन कसूरमा थप हुने/नहुने कानूनमै स्पष्ट गर्न सुझाव दिने, |
| ३५. कसूरको परिभाषा, थप सजाय र हदम्याद समेतमा संहिता कानूनको ब्याख्या, प्रयोग र बुझाईमा विविधता देखिएको, | अभ्यासमा एकरूपता ल्याउन सुधार हुनुपर्ने, |
| **बाल तथा लैंगिक न्यायका संवेदनशील पक्ष र कार्यविधिको पालानाः** | |
| ३६. महिला तथा बालबालिका पीडित भएको मुद्दामा पहिचानको गोपनीयतामा ध्यान नदिँदा अभियोजनमा त्यसको असर देखिएको, | महिला तथा बालबालिका पीडित भएको मुद्दामा गोपनीयताका सबालमा गंभीर हुन सबै सरकारी वकीललाई ध्यानाकर्षण गराउनु पर्ने, |
| ३७. बाल न्याय कार्यविधिको अनुसन्धान र अभियोजनका दुबै चरणमा पूर्ण अनुशरण नगर्दा अभियोजन आलोच्य हुने गरेको, | बालन्याय कार्यविधिको पालनामा त्रुटि कमजोरी गर्दा अभियोजन आलोच्य हुने गरेको तर्फ महान्यायाधिवक्ताको कार्यलयले सबै सरकारी वकीललाई ध्यानकर्षण गराउने, |

| | |
|---|---|
| ३८. महिला तथा बालबालिका शंकित भएका कसूरको अनुसन्धानमा बयान, कागज गराउँदा संवेदनशिलताका पक्षमा गंभीरता नदेखिएको, | महिला तथा बाल मैत्री वातावरणमा प्रमाण संकलन गर्न अभियोजन अधिकारीले अनुसन्धानकर्तालाई समयमै उचित निर्देशन र राय दिई कानूनको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने, |
| ३९. उत्कृष्ट अभियोगपत्र छनोट गरी नमुनाका रूपमा सबै अभियोजन अधिकारीलाई संप्रेषण गर्न नसकिएको, | अभियोगपत्र अध्ययन टोली बनाई उत्कृष्ट अभियोगपत्र छनोट गरी नमुनाका लागि संप्रेषण गर्नुपर्ने, |

## १०. सरकार वादी मुद्दाको क्षेत्राधिकार विस्तारका लागि पहल

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ बमोजिम माननीय महान्यायाधिवक्ताको अध्यक्षतामा गठित समन्वय समितिको निर्णय अनुसार विद्युतीय (इलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ बमोजिमको मुद्दा र बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) बमोजिमको चेक वाउन्स सम्बन्धी बैंकिङ कसूरको मुद्दा हेर्ने क्षेत्राधिकार सबै जिल्ला अदालतलाई प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था मिलाउन कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय समक्ष सुझाव प्रस्तुत गरिएको थियो। सो अनुरूप मिति २०८०।०३।११ मा नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम सबै जिल्ला अदालतहरूलाई विद्युतीय (इलेक्ट्रोनिक) कारोवार र चेक बाउन्स सम्बन्धी बैंकिङ कसूर सम्बन्धी मुद्दा हेर्ने अधिकार क्षेत्र प्रदान गरिएको छ।

## ११. सरकारी वकील कार्यालयको वेवसाइटमा अभियोगपत्र अपलोड

सरकार वादी फौजदारी मुद्दाका पीडित र प्रतिवादी समेतका सरोकारवालाहरूको अभियोगपत्रमा सहज पहुँचका लागि सबै सरकारी वकील कार्यालयहरूबाट सम्बन्धित अड्डा अदालत समक्ष दायर भएका अभियोगपत्रका विद्युतीय प्रतिहरू कार्यालयको वेभसाइटमा अपलोड गर्ने कार्य हुँदै आएको थियो। अपलोड हुन केही बाँकी रहेका अभियोगपत्रहरू २०७९ चैत्र मसान्त भित्र अपलोड गर्न र २०८० वैशाख १ गतेदेखि हरेक दिन सम्बन्धित कार्यालयको वेभसाइटमा अनिवार्य रूपमा अपलोड गर्न सबै सरकारी वकील कार्यालयहरूलाई निर्देशन जारी गरिएको छ। सो बमोजिम सबै सरकारी वकील कार्यालयले अभियोगपत्र अपलोड गर्ने गरेको र महान्यायाधिवक्ताको कार्यालयबाट अभियोगपत्र अपलोड गरे नगरेको अनुगमन गर्ने गरिएको छ।

## १२. मातहत सरकारी वकीललाई थप अधिकार प्रत्यायोजन

नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताले आफूमा निहित अधिकार मातहत सरकारी वकीलले प्रयोग र पालना गर्ने गरी प्रत्यायोजन गरेकोमा मिति २०८०।०४।०१ देखि लागू हुने गरी देहाय बमोजिम हेरफेर गर्नु भएको छः

(क) आत्महत्या एवं प्रतिवादी नहुने प्रकृतिका अन्य ज्यान मुद्दा, वारदातबाट कसूर भएको देखिएको तर प्रतिवादी खुल्न नआएका अन्य मुद्दा र प्रतिवादी खुलेको भए पनि निजको मृत्यु भइसकेको मुद्दामा मुद्दा नचलाउने अन्तिम निर्णय जिल्ला सरकारी वकील कार्यालयको प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले गर्ने,

(ख) सुरक्षित कारोबार ऐन, २०६३ बमोजिमको कसूर सम्बन्धी मुद्दा र बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) मा उल्लिखित कसूर बाहेक सो ऐन बमोजिमका अन्य कसूर सम्बन्धी मुद्दामा काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका हकमा अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई अनुसन्धान प्रतिवेदनसहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि प्राप्त मिसिल अध्ययन गर्दा विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजले तोकेको उपन्यायाधिवक्ता वा सहायक न्यायाधिवक्ताले सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनुपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी सम्बन्धित अदालतमा मुद्दा दायर गर्ने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने,

(ग) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्र गराउन आदेश दिन सकिने प्रकृतिका मुद्दामा मिलापत्र गर्न आदेश दिन सक्ने अधिकार सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ३३ मा उल्लिखित शर्तको अधीनमा रही देहायका सरकारी वकीलले प्रयोग गर्नेः-

- जिल्ला अदालतमा विचाराधीन मुद्दामा सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयको प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले,
- उच्च अदालतमा विचाराधीन मुद्दामा सम्बन्धित उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले,
- वैदेशिक रोजगार न्यायाधीकरणमा विचाराधीन मुद्दामा विशेष सरकरी वकील कार्यालयको सहन्यायाधिवक्ताले,

- सर्वोच्च अदालतमा विचाराधीन मुद्दामा महान्यायाधिवक्ताको कार्यालयमा सो मुद्दा रहेको महाशाखाको नायब महान्यायाधिवक्ताले,

(घ) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्र हुन सक्ने प्रकृतिका नेपाल सरकार वादी हुने मुद्दामा अनुसन्धानकै चरणमा प्रतिवादीले पीडितलाई बुझाउनुपर्ने बिगो, हर्जाना तथा अन्य रकम बुझाई वा अन्य कुनै शर्तमा मुद्दाको कारबाही अगाडि नबढाउन पीडित र प्रतिवादी दुबै पक्ष सहमत भै दिएको निवेदन बमोजिम मातहतको जिल्ला सरकारी वकील कार्यालयबाट मुद्दा नचलाउने गरी प्राप्त भएका मिसिलमा मुद्दा चलाउने वा नचलाउने अन्तिम निर्णय उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले गर्ने। विशेष सरकारी वकील कार्यालयबाट महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त हुने यस प्रकृतिका मुद्दामा सम्बन्धित नायब महान्यायाधिवक्ताले मुद्दा चलाउने वा नचलाउने अन्तिम निर्णय गर्ने।

## १३. पुनरावेदन गर्ने नगर्ने सम्बन्धमा अधिकार प्रत्यायोजन

महान्यायाधिवक्ताको कार्यालयको मिति २०८०।३।२६ को परिपत्र अनुसार तीन वर्ष वा सो भन्दा कम कैद सजाय वा पच्चिस लाख रूपैंया सम्म विगो दावी लिई अभियोगपत्र दायर भएको मुद्दामा जिल्ला अदालतबाट भएको फैसला उपर पुनरावेदन नगर्ने अन्तिम निकासा उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले दिने व्यवस्था गरिएको छ।

## १४. महान्यायाधिवक्ताको कार्यालयबाट सञ्चालित समुदायमा सरकारी वकील कार्यक्रमको विवरण

| क्र.स. | कार्यक्रम सञ्चालन मिति | कार्यक्रम सञ्चालन भएको जिल्ला | सहभागी संख्या |
|---|---|---|---|
| १. | २०७९।०५।१२ | पर्सा | ३८ |
| २. | २०७९।०५।२१ | डोल्पा | ७९ |
| ३. | २०७९।०६।११ | उदयपुर | ४३ |
| ४. | २०८०।०६।०५ | रसुवा | ६० |
| ५. | २०८०।०६।०६ | नुवाकोट | ७९ |
| ६. | २०८०।०६।११ | हुम्ला | ७७ |

## १५. सरकार वादी फौजदारी मुद्दामा मिलापत्र गर्ने सम्बन्धी मापदण्ड

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) मा सर्वसाधारणको ठगी, अनुचित लेनदेन वा सर्वसाधारणको सम्पत्तिको हानि नोक्सानी वा वैदेशिक रोजगारी सम्बन्धी मुद्दामा प्रतिवादी र पीडित दुवैले मिलापत्र गराई पाऊँ भनी सम्बन्धित सरकारी वकील समक्ष दिएको निवेदन उपर कारबाही हुँदा त्यस्तो व्यहोरा मनासिब लागेमा महान्यायाधिवक्ताले मिलापत्र गराउन आदेश दिन सक्ने कानूनी व्यवस्था छ। मिलापत्र गराउन आदेश दिन सक्ने महान्यायाधिवक्ताको अधिकार सबै तहका सरकारी वकील कार्यालयबाट तत् तत् अदालतमा विचाराधिन नेपाल सरकार वादी फौजदारी मुद्दा कानून बमोजिम मिलापत्र गर्न आदेश दिन सकिने गरी माननीय महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भएको अवस्था छ। सो सन्दर्भमा सरकारी वकीलले मिलापत्र गर्न आदेश दिंदा एकरूपता कायम गर्न र यस कार्यको सहजताका लागि महान्यायाधिवक्ताको कार्यालयबाट नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा मिलापत्र गर्ने आदेश गर्दा अपनाउनु पर्ने मापदण्ड मिति २०८०।०४।११ मा जारी गरी सबै सरकारी वकील कार्यालयमा सम्प्रेषण समेत गरिएको छ।

## १६. नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०८० को तर्जुमा र कार्यान्वयन

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९७ को उपदफा (१) को खण्ड (क) मा संहिताको अनुसूची—१ वा अनुसूची—२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको अनुसन्धान एवं अभियोजन सम्बन्धी काम कारबाही लाई सरल, स्पष्ट, र सुव्यवस्थित गर्न महान्यायाधिवक्ताको राय लिई नेपाल सरकारले निर्देशिका बनाई लागू गर्न सक्ने कानूनी व्यवस्था गरिएको छ। सो कानूनी व्यवस्था बमोजिम नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०८० तर्जुमा गरी स्वीकृतिको लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिएकोमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८०।८।२१ को निर्णयले सो निर्देशिका स्वीकृत भएको छ।

## १७. कार्यशाला, अन्तरक्रिया, प्रशिक्षण तथा क्षमता विकास कार्यक्रम

- महान्यायाधिवक्ताको अध्यक्षतामा महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ताहरू र सहन्यायाधिवक्ताहरूको सहभागितामा मिति २०८०।३।१२ मा on consultation on implementation of third five year strategic

plan of OAG सम्पन्न भएको छ । उक्त कार्यक्रममा एघार वटा विषयहरूका प्रतिवेदनहरू पेश भई ती प्रतिवेदनहरूबाट प्राप्त सुझावहरूलाई कार्यान्वयनमा लैजान व्यवस्थापन समिति समक्ष पेश गर्ने निर्णय समेत भएको,

- राष्ट्रिय न्यायिक प्रतिष्ठानको आयोजनामा सबै सहन्यायाधिवक्ताहरूको सहभागिता रहने गरी नेतृत्व विकास र व्यवस्थापन सम्बन्धी दुई दिने अन्तरक्रिया मिति २०८०।३।१५ र १६ मा सम्पन्न भएको,
- मिति २०८०।०६।२८ देखि २०८०।०७।०१ गते सम्म ३६ जना नवनियुक्त सरकारी वकीलहरूको लागि सेवा प्रवेश सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न भएको,
- मिति २०८०।०८।१८ र १९ गते Document Tracking System सम्बन्धी महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत सबै सरकारी वकीलहरूलाई प्रशिक्षण कार्यक्रम सम्पन्न गरियो।

## १८. वैदेशिक अध्ययन भ्रमण

### १८.१. महान्यायाधिवक्ता र नायब महान्यायाधिवक्ताको वैदेशिक अध्ययन भ्रमण विवरण

- U.S. Department of Justice, Office of Overseas Prosecutorial Development Assistance and Training (OPDAT) को निमन्त्रणामा मिति २०७९।११।२० देखि २९ सम्म माननीय महान्यायाधिवक्ता डा. दिनमणी पोखरेल र नायब महान्यायाधिवक्ता श्री संजीवराज रेग्मी Plea Bargaining सम्बन्धी तालिममा सहभागी हुनु भएको थियो। यसैगरी वहाँहरुले अवलोकन भ्रमण कार्यक्रम अन्तर्गत United States को Colorado and Washington D.C. को भ्रमण गर्नु भएको थियो।
- भारत सरकारको अन्तर्राष्ट्रिय सहयोग कार्यक्रम Indian Technical and Economic Cooperation (ITEC) अन्तर्गत मिति २०७९।१२।४ गतेदेखि ऐ. १६ गतेसम्म नेशनल ल युनिभर्सिटी जोधपुर राजस्थानमा आयोजित Two Weeks Special Training Program in Constitutional Law, Criminal Law, Forensic Science and Cyber Law for Government Attorneys of Nepal कार्यक्रममा नायब महान्यायाधिवक्ता डा. टेक बहादुर घिमिरेको नेतृत्वमा ३२ जना सरकारी वकीलको सहभागितामा रहेको थियो।
- May 9 - 18, 2023 मा सञ्चालित Seminar on Law Enforcement Cooperation for Nepal कार्यक्रममा नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइरालाको नेतृत्वमा दुई जनाको टोली चीनको कुनमिनमा आयोजित कार्यक्रममा सहभागिता रहेको थियो।

- गणतन्त्र कोरिया सरकारको Korea International Cooperation Agency अन्तर्गत May 28 – June 9, 2023 मा गणतन्त्र कोरियाको KOICA र Sungkyunkwan University द्वारा सञ्चालित Capacity Building Training on Cyber Crime for Nepali Government Attorneys कार्यक्रममा नायब महान्यायाधिवक्ता डा. टेकबहादुर घिमिरे र नायब महान्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल समेत १५ जना सरकारी वकीलको सहभागितामा रहेको थियो।
- 9 – 14 July, 2023 मा क्यानडाको भ्यानकुवरमा आयोजित APG's 2023 Annual Meeting and Forum on Technical Assistance and Training कार्यक्रममा नेपाल सरकारको प्रतिनिधिमण्डलमा नायब महान्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल सहित दुई जना सरकारी वकीलको सहभागिता रहेको थियो।
- 24 – 27 September, 2023 मा बेलायतको लण्डनमा आयोजित 27th Annual Conference and general meeting of IAP कार्यक्रममा माननीय महान्यायाधिवक्ता डा. श्री दिनमणी पोखरेल र सहन्यायाधिवक्ता श्री सूर्यराज दाहालको सहभागिता रहेको थियो।
- 6 – 9 November, 2023 मा माल्दिभ्सको मालेमा आयोजित Regional Multi-stakeholder meeting on strategies against organized crime and regional event on gender and human rights mainstreaming in preventing and combating organized crime कार्यक्रममा नायब महान्यायाधिवक्ताहरू श्री विश्वराज कोइराला र श्री सञ्जिवराज रेग्मीको सहभागिता रहेको थियो।

## १८.२. अन्य सरकारी वकीलहरुको वैदेशिक अध्ययन भ्रमण विवरण

| क.स. | कर्मचारीको पद र नाम | विषय | आयोजक/ स्थान/देश | मिति |
|---|---|---|---|---|
| १. | सहन्यायाधिवक्ता श्री शम्भु कार्की, उपन्यायाधिवक्ता श्री प्रकाश घिमिरे | Regional workshops for South Asia on mutual legal assistance (MLA) and electronic evidence | UNODC/ Austria | 19-22 December 2022 |
| २. | सहन्यायाधिवक्ता श्री शंकर खत्री | Wildlife Inter-Regional Enforcement (WIRE) Meeting | UNODC/ Thailand | 30 November to 2 December 2022 |
| ३. | सहन्यायाधिवक्ता श्री सन्देश श्रेष्ठ, उपन्यायाधिवक्ता विना दहाल | Criminal Justice Response to Vulnerable Groups (e.g. Reoffenders, Female and Child Victims ) Towards Inclusive | Japan International Cooperation Agency/ Japan | 7-21 March 2023 |

| | | | | |
|---|---|---|---|---|
| | | Society Program | | |
| ४. | जिल्ला न्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेत | 7th Wildlife Inter-Regional Enforcement (WIRE) Meeting | UNODC/ United Arab Emirates | 7 -10 November 2023 |
| ५. | उपन्यायाधिवक्ता श्री रुद्र प्रसाद सुवेदी | Strengthening the Capacity of Civil Code Application (The Civil Code Reform - Nepal) | Japan International Cooperation Agency/ Japan | 9-18 March 2023 |
| ६. | उपन्यायाधिवक्ता श्री प्रेमराज पौडेल, उपन्यायाधिवक्ता श्री सविता शर्मा, उपन्यायाधिवक्ता श्री श्रीकला पौडेल | South Asia Regional Anti-Corruption Workshop for prosecutors, investigators and analysts | Banglades, Dhaka | 5-9 November 2023 |
| ७. | सहन्यायाधिवक्ता श्री शंकर खत्री, सहन्यायाधिवक्ता श्री हरिप्रसाद रेग्मी, उपन्यायाधिवक्ता श्री अशोकराज रेग्मी, उपन्यायाधिवक्ता श्री पदम बहादुर कार्की, सहायक न्यायाधिवक्ता श्री राजेन्द्र रेग्मी, सहायक न्यायाधिवक्ता श्री सुस्मिता पौडेल | Tenth Comparative Study on the Criminal Justice System of Japan and Nepal | UNAFEI/ Japan | 11 April 2023 |
| ८. | सहायक न्यायाधिवक्ता श्री स्वेता भट्टराई | The 2nd IAP Training | Supreme Public Prosecutor's Office/ Korea | 21-23 November 2023 |
| ९. | सहन्यायाधिवक्ता श्री मिना गुरुङ, जिल्ला<br><br>न्यायाधिवक्ता चुरामणि पराजुली, उपन्यायाधिवक्ता श्री पोषराज खनाल | The role of Forensic Science in Criminal Justice Delivery System for Nepal | National Forensic Science University/ India | 11-22 September 2023 |
| १०. | सहायक जिल्ला न्यायाधिवक्ता श्री चन्द्र प्रसाद सञ्जेल | CCSE Track to Counter online Child Sexual Exploitation | Kerala/ India | 6-7 October 2023 |
| ११. | सहायक न्यायाधिवक्ता श्री बाबुराम भट्टराई | Strengthening the Capacity of civil code Application (The civil code Reform-Nepal) | JICA/ Japan | 3-12 December 2023 |
| १२. | सहायक न्यायाधिवक्ता श्री प्रभात क्षेत्री, सहायक न्यायाधिवक्ता श्री युडेन लामा | South Asia Regional Consultation on Wildlife Crime | UNDOC/ India | 11-12 October 2023 |
| १३. | जिल्ला न्यायाधिवक्ता श्री विष्णुप्रसाद | Documenting Death in Custody and Incidents of Torture Cruel and | The International Commission of Jurists Asia and | 7-11 October 2023 |

| | | | | |
|---|---|---|---|---|
| | पौडेल | Other Degrading Treatment | Pacific office/ Bangkok, Thailand | |
| १४. | सहायक न्यायाधिवक्ता श्री सुदीप शाक्य | Management of Correctional Facilities and Rehabilitation of offenders | JICA/ Japan | 4 September to 5 October 2023 |
| १५. | उपन्यायाधिवक्ता श्री ऋषिकेशव बस्याल, सहायक न्यायाधिवक्ता श्री दिपा खराल | Best practices for proactive and reactive investigations utilizing a variety of investigative tools in transnational narcotics cases | Embassy of the United States of America/ New Delhi India | 22-26 May 2023 |
| १६. | सहन्यायाधिवक्ता श्री कृष्णराज पन्त | Seminar for judges and procurators of Developing Countries | AIOB/ China | 5-18 July 2023 |
| १७. | उपन्यायाधिवक्ता श्री अमित उप्रेती, उपन्यायाधिवक्ता श्री विवेक बराल | Seminar on Anti-Money Laundering for Nepal | Government of China/ China | 6-15 December 2023 |
| १८. | उपन्यायाधिवक्ता श्री कमलराज पन्थी | Strengthening Trans-Regional Action and Responses against the Smuggling of Migrants | UNODC/ Maldives | 4-6 December 2023 |

## १९. सरकारी वकील कार्यालयको निरीक्षण तथा अभियोजन परीक्षण, बालसुधार गृह, हिरासत तथा कारागारको अनुगमन

सरकरी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ९ को उपनियम (६) मा महान्यायाधिवक्ताको कार्यालयले सबै सरकारी वकील कार्ययिलयको वर्षको कम्तीमा एक पटक निरीक्षण तथा अनुगमन गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ। सो बमोजिम महान्यायाधिवक्ताको कार्यालयबाट मातहतका कार्यालयहरूको अनुगमन गरी अभियोजन परीक्षण लगायत सरकारी वकील कार्यालयबाट सम्पादन भएका काम कारवाहीको अवस्था मूल्यांकन गरी आवश्यक निर्देशन दिइएको छ। अनुगमन तथा निरीक्षणबाट सरकारी वकीलको कार्यसम्पादनमा एकरूपता कायम गर्न तथा आगामी दिनका लागि मार्गदर्शन समेत गरिएको छ।

यसैगरी नेपालको संविधानको धारा १५८ को उपधारा (६) को देहाय (ग) मा महान्यायाधिवक्तालाई हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजूरी परेमा वा जानकारी हुन आएमा छानिवन गरी त्यस्तो हुनबाट रोक्न

सम्बन्धित अधिकारीलाई निर्देशन दिने अधिकार रहेको छ। साथै सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ११ को उपनियम (१) को खण्ड (छ) बमोजिम कारागार तथा हिरासतमा रहेका कैदी तथा थुनुवाको मानव अधिकारको अवस्थाबारे अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने अधिकार समेत महान्यायाधिवक्तालाई रहेको छ। सो बमोजिम महान्यायाधिवक्ता तथा निजले अधिकार प्रत्योजन गरे बमोजिम नायब महान्यायाधिवक्ता र सहन्यायाधिवक्ताहरूबाट विभिन्न जिल्लाका हिरासत, कारागार तथा बाल सधार गृहको अनुगमन गरी सुधारका लागि सुझाव दिइएको छ। अनुगमनको क्रममा कारागारमा रहेका थुनुवा तथा कैदीहरूले मुद्दाको कारवाहीको जानकारी प्राप्त गर्न पाउने अधिकारलाई प्रत्याभूति दिने उद्देश्यले महान्यायधिवक्ताको कार्यालयबाट संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम अन्तर्गत संस्थागत सुधार मार्फत न्यायमा पँहुच अभिवृद्धि परियोजना - II को सहयोगमा कोशी प्रदेश अन्तर्गत कारागार कार्यालय मोरङलाई, गण्डकी प्रदेश अन्तर्गत कारागार कार्यालय कास्कीलाई, कर्णाली प्रदेश अन्तर्गत कारागार कार्यालय सुर्खेतलाई, बागमती प्रदेश अन्तर्गत केन्द्रीय कारागार कार्यालय जगन्नाथदेवललाई, सुदुरपश्चिम प्रदेश अन्तर्गत कारागार कार्यालय धनगढीलाई, मधेश प्रदेश अन्तर्गत कारागार कार्यालय पर्सालाई र लुम्बिनी प्रदेश अन्तर्गत कारागार कार्यालय तुलसीपुरलाई Smart TV Monitor हस्तान्तरण गरिएको छ। विगत एक वर्षमा देहायका अधिकारीबाट देहायका जिल्लाका हिरासत, कारागारमा रहेका थुनुवा तथा कैदी एवं बालसुधार गृहमा रहेका बालबालिकाको मानव अधिकारको अवस्था तथा सरकारी वकील कार्यालयहरूको काम कारबाहीको निरीक्षण तथा अभियोजन परीक्षण गरी आवश्यक निर्देशन समेत दिइएको छः

| क्र.स. | अनुगमन गर्न अधिकारी | कार्यालय, कारागार तथा हिरासत अनुगमन गरिएका जिल्लाहरु | बालसुधार गृह अनुगमन गरिएका जिल्लाहरु | अनुगमन मिति |
|---|---|---|---|---|
| १. | महान्यायाधिवक्ता डा. दिनमणी पोखरेल | दोलखा, रामेछाप, सिन्धुली | - | २०८० वैशाख |
| २. | महान्यायाधिवक्ता डा. दिनमणी पोखरेल | लमजुङ, गोरखा, कास्की, मनाङ | कास्की | २०८० मंसिर |
| ३. | महान्यायाधिवक्ता डा. दिनमणी पोखरेल | बाँके, सुर्खेत, दैलेख, कालिकोट, जुम्ला | - | २०८० जेठ |
| ४. | महान्यायाधिवक्ता डा. दिनमणी पोखरेल नायब महान्यायाधिवक्ता डा. टेकबहादुर घिमिरे | इलाम, झापा, मोरङ | - | २०८० वैशाख |
| ५. | महान्यायाधिवक्ता डा. दिनमणी पोखरेल, | दाङ, सल्यान | | २०८० |

| | | | | |
|---|---|---|---|---|
| | नायब महान्यायाधिवक्ता डा. टेकबहादुर घिमिरे, नायब महान्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल | | | असोज |
| ६. | महान्यायाधिवक्ता डा. दिनमणी पोखरेल नायब महान्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल | कास्की, बाग्लुङ, म्याग्दी, मुस्ताङ | - | २०८० वैशाख |
| ७. | महान्यायाधिवक्ता डा. दिनमणी पोखरेल, नायब महान्यायाधिवक्ता डा. टेकबहादुर घिमिरे | उ.स.व.का. सुर्खेत, जि.स.व.का. सुर्खेत | - | २०८० असोज |
| ८. | महान्यायाधिवक्ता डा. दिनमणी पोखरेल, नायब महान्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल | रुकुम पूर्व, रुकुम पश्चिम, जाजरकोट | - | २०८० असोज |
| ९. | नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला | पर्सा | पर्सा | २०८० वैशाख |
| १०. | नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला | रूपन्देही, नवलपरासी पश्चिम, कपिलवस्तु | रुपन्देही | २०८० मंसिर |
| ११. | नायब महान्यायाधिवक्ता डा. टेकबहादुर घिमिरे | सप्तरी | - | २०८० वैशाख |
| १२. | नायब महान्यायाधिवक्ता डा. टेकबहादुर घिमिरे | सुनसरी | - | २०८० मंसिर |
| १३. | नायब महान्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल | महेन्द्रनगर, कंचनपुर | बाँके | २०८० मंसिर |
| १४. | नायव महान्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल | बाँके, बर्दिया | - | २०८० बैशाख |
| १५. | सहन्यायाधिवक्ता श्री लोकराज पराजुली | सिराहा, उदयपुर, मोरङ | - | २०८० बैशाख |
| १६. | सहन्यायाधिवक्ता श्री रमादेवी पराजुली | मोरङ, सुनसरी | मोरङ्ग | २०८० मंसिर |
| १७. | सहन्यायाधिवक्ता श्री हरी प्रसाद जोशी | कैलाली, डडेल्धुरा, डोटी | डोटी | २०८० कार्तिक |
| १८. | सहन्यायाधिवक्ता श्री सूर्यराज दाहाल | मकवानपुर, चितवन | मकवानपुर | २०८० मंसिर |
| १९. | सहन्यायाधिवक्ता श्री सूर्यराज दाहाल | वारा, पर्सा | - | २०७९ फागुन |
| २०. | सहन्यायाधिवक्ता श्री ध्रुबकुमार चौहान | सिराहा, सप्तरी, उदयपुर | - | २०८० मंसिर |
| २१. | सहन्यायाधिवक्ता श्री चन्द्रकान्त खनाल | बारा, पर्सा, रौतहट | - | २०८० मंसिर |

| | | | | |
|---|---|---|---|---|
| २२. | सहन्यायाधिवक्ता श्री दिनेश प्रसाद घिमिरे | बाजुरा, अछाम, डोटी | - | २०८० बैशाख |
| २३. | सहन्यायाधिवक्ता श्री हरिप्रसाद रेग्मी | पाँचथर, ताप्लेजुङ | - | २०८० कार्तिक |
| २४. | सहन्यायाधिवक्ता श्री हरिप्रसाद रेग्मी | कञ्चनपुर,दार्चुला | - | २०८० जेठ |
| २५. | सहन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी | चितवन, नवलपरासी पूर्व | - | २०८० बैशाख |
| २६. | सहन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी | तेह्रथुम, धनकुटा | - | २०८० कार्तिक |
| २७. | सहन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवाली | पाल्पा, गुल्मी, अर्घाखाँची | - | २०८० कार्तिक |

## २०. बिदाइ कार्यक्रम

महान्यायाधिवक्ता श्री खम्मबहादुर खातीले मिति २०७९।०९।११ गतेदेखि लागू हुनेगरी पदबाट राजीनामा दिनु भएसँगै २०७९।०९।११ गते महान्यायाधिवक्ताको कार्यालयमा आयोजित कार्यक्रममा वहाँलाई बिदाइ गर्दै मायाको चिनो प्रदान गरियो।

नायब महान्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे २०७९।१०।१७ गते अनिवार्य अवकाश हुनुभयो। वहँको सेवा निवृत्त जीवन सुखमय, सुस्वास्थ्य र सक्रिय रहोस भन्ने कामना सहित २०७९।१०।१७ गते महान्यायाधिवक्ताको कार्यालयमा वहाँलाई बिदाइ गर्दै मायाको चिनो प्रदान गरियो।

नायब महान्यायाधिवक्ता श्री पद्म प्रसाद पाण्डेय प्रतिनिधिसभाको सचिव पदमा मिति २०८०।०१।२८ गते नियुक्त हुनुभयो। सो उपलक्ष्यमा मिति २०८०।०१।२८ गते महान्यायाधिवक्ताको कार्यालयमा आयोजित कार्यक्रममा वहाँलाई शुभकामना सहित बिदाइ गर्दै मायाको चिनो प्रदान गरियो।

# ३. सरकारी वकीलका विभिन्न पदमा नियुक्त वा बढुवा हुनुभएका सरकारी वकीलहरू

## १. नायब महान्यायाधिवक्ताको पदमा बढुवा हुनु भएका सरकारी वकीलहरु

| सि.नं. | सरकरी वकीलको नाम, थर | बढुवा मिति |
|---|---|---|
| १. | श्री गोपालप्रसाद रिजाल | २०७९।१०।२३ |
| २. | श्री संजीवराज रेग्मी | २०८०।०२।०२ |

## २. सहन्यायाधिवक्ताको पदमा नियुक्त वा बढुवा हुनु भएका सरकारी वकीलहरू

| सि.नं. | सरकरी वकीलको नाम ,थर | नियुक्त वा बढुवा मिति |
|---|---|---|
| १. | श्री मिना गुरुङ्ग | २०८०।०२।०२ |
| २. | श्री पुजा खत्री | २०८०।०२।०२ |
| ३. | श्री हरिशंकर ज्ञवाली | २०८०।०३।०४ |

## ३. उपन्यायाधिवक्ताको पदमा नियुक्त वा बढुवा हुनु भएका सरकारी वकीलहरू

| सि.नं. | सरकरी वकीलको नाम, थर | नियुक्त वा बढुवा मिति |
|---|---|---|
| १ | श्री मुना भट्टराई | २०८०।०२।०२ |
| २ | श्री रमेश भट्टराई | २०८०।०२।०२ |
| ३ | श्री भगवती देवी गौतम | २०८०।०२।०२ |
| ४ | श्री सुधा योगी के.सी. | २०८०।०२।०२ |
| ५ | श्री जगतबहादुर बोहरा | २०८०।०२।०२ |
| ६ | श्री श्रीराम खनाल | २०८०।०२।०२ |
| ७ | श्री दिपेन्द्र दनुवार | २०८०।०२।०२ |
| ८ | श्री गोविन्दप्रसाद हुमागाई | २०८०।०२।०२ |
| ९ | श्री भीमसेन काफ्ले | २०८०।०२।०२ |
| १० | श्री रामप्रसाद पन्थी | २०८०।०२।०२ |
| ११ | श्री चुरामणि पराजुली | २०८०।०२।०२ |
| १२ | श्री श्रीधर अर्याल | २०८०।०२।०२ |

| | | |
|---|---|---|
| १३ | श्री पूर्णप्रसाद शर्मा | २०८०।०२।०२ |
| १४ | श्री कर्मसिंह लामा | २०८०।०२।०२ |
| १५ | श्री शोभा पाठक | २०८०।०३।१५ |
| १६ | श्री गणेश पौडेल | २०८०।०३।१५ |

## ४. सहायक न्यायाधिवक्तामा बढुवा हुनुभएका सरकारी वकीलहरु

| सि.नं. | सरकरी वकीलको नाम,थर | बढुवा मिति |
|---|---|---|
| १ | श्री टेकनाथ खनाल | २०८०।०५।१५ |
| २ | श्री एकनारायण ढकाल | २०८०।०५।१५ |
| ३ | श्री पार्वती तामाङ | २०८०।०५।१५ |
| ४ | श्री मदनराज चौलागाई | २०८०।०५।१५ |
| ५ | श्री शान्तिप्रसाद बराल | २०८०।०५।१५ |
| ६ | श्री कमल सुनार | २०८०।०५।१५ |
| ७ | श्री शारदा कुमारी घिमिरे | २०८०।०५।१५ |
| ८ | श्री गोपाल पौड्याल | २०८०।०५।१५ |

## ५. सहायक न्यायाधिवक्ताको पदमा नियुक्त हुनुभएका सरकारी वकीलहरु

| सि.नं. | कर्मचारीको नाम,थर | बढुवा मिति |
|---|---|---|
| १ | श्री विपना अधिकारी | २०८०।०६।२४ |
| २ | श्री शिला भुसाल | २०८०।०६।२४ |
| ३ | श्री पुजा पन्थी | २०८०।०६।२४ |
| ४ | श्री उमेशविजश्री थारु | २०८०।०६।२४ |
| ५ | श्री रत्नकेशरी महर्जन | २०८०।०६।२४ |
| ६ | श्री सागर बराल | २०८०।०६।२४ |
| ७ | श्री नमुना गोदार | २०८०।०६।२४ |
| ८ | श्री ज्योति चौधरी | २०८०।०६।२४ |
| ९ | श्री प्रतिक्षा खड्का | २०८०।०६।२४ |
| १० | श्री मिलन अधिकारी | २०८०।०६।२४ |
| ११ | श्री तेजप्रसाद पाण्डे | २०८०।०६।२४ |

| | | |
|---|---|---|
| १२ | श्री सुनमाया मल्ल | २०८०।०६।२४ |
| १३ | श्री भुवनप्रसाद ज्ञवाली | २०८०।०६।२४ |
| १४ | श्री हेमप्रसाद डुम्रे | २०८०।०६।२४ |
| १५ | श्री प्रियंका बलाल | २०८०।०६।२४ |
| १६ | श्री सन्तोष अधिकारी | २०८०।०६।२४ |
| १७ | श्री सृजना आचार्य | २०८०।०६।२४ |
| १८ | श्री दिपिका आचार्य | २०८०।०६।२४ |
| १९ | श्री सीता शर्मा | २०८०।०६।२४ |
| २० | श्री जुना शर्मा | २०८०।०६।२४ |
| २१ | श्री दिनेश साह | २०८०।०६।२४ |
| २२ | श्री तप्तबहादुर रावत | २०८०।०६।२४ |
| २३ | श्री चन्द्रसेखर साह तेली | २०८०।०६।२४ |
| २४ | श्री सिमीकुमारी गुप्ता | २०८०।०६।२४ |
| २५ | श्री सुष्मा नगरकोटी | २०८०।०६।२४ |
| २६ | श्री विष्णुकुमारी चौधरी | २०८०।०६।२४ |
| २७ | श्री रमा श्रेष्ठ | २०८०।०६।२४ |
| २८ | श्री भेषबहादुर गुरुङ | २०८०।०६।२४ |

# ४. महान्यायाधिवक्ताबाट भएका अधिकार प्रत्यायोजनसँग सम्बन्धित राजपत्रहरू

## नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७१) काठमाडौं, वैशाख १३ गते, २०७८ साल (संख्या २

### भाग ४

### महान्यायाधिवक्ताको कार्यालयको

### सूचना

नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी माननीय महान्यायाधिवक्ताले आफूमा निहीत अधिकार देहायको शर्तको अधीनमा रही सरकारी वकीलले प्रयोग र पालना गर्न पाउने गरी प्रत्यायोजन गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छः-

१. मुद्दा चलाउने वा नचलाउने सम्बन्धमाः

(क) कुनै अदालत वा मुद्दा हेर्ने अधिकारीसमक्ष नेपाल सरकारको तर्फबाट दायर हुने मुद्दामा सम्बन्धित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई मुद्दा चलाउने वा नचलाउने निर्णयको लागि अनुसन्धान प्रतिवेदन सहित जिल्ला सरकारी वकील कार्यालयमा पेश हुन आएको मिसिल कागज अध्ययन गर्दा सम्बन्धित सरकारी वकीलले सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने देखेमा सोही बमोजिम निर्णय गरी आवश्यक कानूनी प्रक्रिया पूरा गरी गराई आफूले मुद्दा दायर गर्नुपर्ने भए प्रचलित कानून बमोजिम सम्बन्धित अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्ने र अन्य निकायले मुद्दा दायर गर्नु पर्ने भए निर्णयको प्रतिलिपि सहित सम्बन्धित अनुसन्धान अधिकारी समक्ष पठाउने,

(ख) खण्ड (क) बमोजिम प्राप्त मिसिल अध्ययन गर्दा सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी सोको प्रतिलिपिसहित मिसिल सम्बन्धित उच्च सरकारी वकील कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने,

(ग) प्रचलित कानूनबमोजिम जिल्ला न्यायाधिवक्ताले प्रयोग गर्ने काम, कर्तव्य र अधिकार जिल्ला सरकारी वकील कार्यालयमा सहन्यायाधिवक्ता खटिएको अवस्थामा सहन्यायाधिवक्ता वा निजले तोकेको जिल्ला न्यायाधिवक्ताले प्रयोग गर्ने,

(घ) खण्ड (ख) बमोजिम सम्बन्धित सरकारी वकीलबाट प्राप्त मिसिल अध्ययन गर्दा उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले मुद्दा चलाउनु पर्ने देखेमा आधार र कारण सहित निर्णय गरी निर्णयको प्रतिलिपि सहित मिसिल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने,

(ङ) खण्ड (ख) बमोजिम प्राप्त मिसिलमध्ये आत्महत्या एवं प्रतिवादी नहुने प्रकृतिका मुद्दा, वारदातबाट कसूर भएको देखिएको तर प्रतिवादी खुल्न नआएका मुद्दा र प्रतिवादी खुलेको भएपनि निजको मृत्यु भई सकेको मुद्दामा उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले अन्तिम निकासा दिने,

(च) सुरक्षित कारोबार ऐन, २०६३ र बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ बमोजिमको कसूर सम्बन्धी मुद्दामा काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका हकमा अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई अनुसन्धान प्रतिवेदनसहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि प्राप्त मिसिल अध्ययन गर्दा विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजले तोकेको उपन्यायाधिवक्ता वा सहायक न्यायाधिवक्ताले सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने देखेमा आधार र कारणसहित निर्णय गरी सम्बन्धित अदालतमा मुद्दा दायर गर्ने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) वैदेशिक रोजगार ऐन, २०६४ र सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिमको कसूर सम्बन्धी मुद्दामा अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि अनुसन्धान प्रतिवेदनसहित विशेष सरकारी वकील कार्यालयमा पेश हुन आएको मिसिल सो कार्यालयका सहन्यायाधिवक्ता वा निजले तोकेको उपन्यायाधिवक्ता वा सहायक न्यायाधिवक्ताले अध्ययन गर्दा सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने देखेमा सोको आधार र कारण खुलाई निर्णय गरी निर्णयको प्रतिलिपिसहित मुद्दा दायर गर्न सम्बन्धित अनुसन्धान अधिकारीसमक्ष पठाउने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने,

(ज) राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २० बमोजिम सम्बन्धित अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई अनुसन्धान प्रतिवेदनसहित पेश हुन आएका मुद्दामा सो मुद्दा दायर हुने उच्च अदालतको भौगोलिक क्षेत्राधिकारभित्र पर्ने उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजले तोकेको उपन्यायाधिवक्ता वा सहायक न्यायाधिवक्ताले मिसिल अध्ययन गर्दा सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मुद्दा दायर गर्न सम्बन्धित अनुसन्धान अधिकारीसमक्ष पठाउने र मुद्दा चलाउनु नपर्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने,

(झ) खण्ड (घ),(च),(छ) र (ज) बमोजिम महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त हुन आएको मिसिल अध्ययन गर्दा सम्बन्धित नायब महान्यायाधिवक्ताले थप अनुसन्धान गर्नु गराउनु पर्ने वा मुद्दा चलाउनु पर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपि साथै राखी मिसिल सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित महान्यायाधिवक्तासमक्ष पेश गरी निर्णय भएबमोजिम गर्ने,

(ञ) माथि विभिन्न खण्डमा उल्लेख भए बमोजिम सहन्यायाधिवक्तालाई प्रत्यायोजन गरिएको अधिकार निजको अनुपस्थितिमा सहन्यायाधिवक्ताको हैसियतमा कामकाज गर्ने सरकारी वकीलले प्रयोग गर्ने।

२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३४ को उपदफा (१) को प्रयोजनको लागि खास किसिमका सानातिना कसूरमा सो दफाको प्रक्रिया पूरा गरी मुद्दा दायर नगर्ने निर्णय गर्न सम्वन्धित जिल्लाका सरकारी वकीललाई स्वीकृति प्रदान गर्ने।

३. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ को उपदफा (८) बमोजिम मुद्दा नचलाईएको प्रतिवादीको हकमा सोही दफाको उपदफा (११) को प्रयोजनार्थ महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त हुन आएका मिसिल अध्ययन गरी सम्बन्धित नायब महान्यायाधिवक्ताले मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा आवश्यक निर्देशन दिने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

४. **हिरासतमा रहेको व्यक्तिको मानव अधिकारको अवस्थाबारे अनुगमन गर्ने सम्बन्धमाः**

(क) हिरासतमा रहेको व्यक्तिलाई नेपालको संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायीमार्फत भेटघाट गर्न नदिएको भन्ने उजूरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने सम्बन्धमा नेपालको संविधानको धारा १५८ को उपधारा (६) को खण्ड (ग) ले प्रदान गरेको अधिकार सम्बन्धित क्षेत्रभित्रका उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजको अनुपस्थितिमा सहन्यायाधिवक्ताको हैसियतमा काम गर्ने सरकारी वकीलले प्रयोग र पालना गर्ने,

(ख) खण्ड (क) बमोजिम अनुगमन गर्ने क्रममा हिरासतमा रहेको व्यक्तिको मानव अधिकार संरक्षण गर्न र हिरासत व्यवस्थालाई सुदृढ पार्नको लागि आवश्यक व्यवस्था मिलाउन सम्बन्धित अधिकारीलाई निर्देशन दिनुपर्ने भए निर्देशन समेत दिने,

(ग) खण्ड (क) वा (ख) बमोजिम गरेको अनुगमन तथा दिएको निर्देशन सम्बन्धी कार्यको प्रतिवेदन महान्यायाधिवक्ताको कार्यालयमा पेश गर्ने।

(घ) खण्ड (क), (ख) वा (ग) बमोजिम अधिकार प्रत्यायोजन गरेको कारण महान्यायाधिवक्ता वा महान्यायाधिवक्ताको कार्यालयबाट हिरासतको अनुगमन

६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्ने र सम्बन्धित अधिकारीलाई निर्देशन दिनसक्ने विषयमा कुनै असर नपर्ने ।

५. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्र गराउन आदेश दिन सक्ने अधिकार सरकारी वकील सम्वन्धी नियमावली, २०७७ को नियम ३३ मा उल्लिखित शर्तको अधीनमा रही सम्वन्धित नायव महान्यायाधिवक्ताले प्रयोग गर्ने।

६. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २ को खण्ड (त) बमोजिम महान्यायाधिवक्ताको कार्यालय, उच्च सरकारी वकील कार्यालय तथा विशेष सरकारी वकील कार्यालयका सहायक न्यायाधिवक्ताले महान्यायाधिवक्ता कार्यालयबाट अन्यथा आदेश भएकोमा बाहेक नेपाल सरकार वादी हुने मुद्दा तथा नेपाल सरकारको हक, हित वा सरोकार निहीत रहेका मुद्दामा आफ्नो कार्यक्षेत्र भित्रका अदालत वा मुद्दा हेर्ने अधिकारीसमक्ष बहस, पैरबी तथा प्रतिरक्षा गर्ने।

द्रष्टव्यः नेपाल राजपत्रमा प्रकाशन भएका देहाय बमोजिमका सूचनाहरु खारेज गरिएका छन्:-

१. खण्ड ६५, अतिरिक्ताङ्क १५ क, मिति २०७२।६।३ को नेपाल राजपत्र भाग ४ तथा भाग ५ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयका सूचनाहरु,

२. खण्ड ६६, सङ्ख्या ४६, मिति २०७३।०९।१८ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयका सूचनाहरु,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खण्ड ७१) संख्या २ नेपाल राजपत्र भाग ४ मिति २०७८।०१।१३

३. खण्ड ६८, सङ्ख्या २६, मिति २०७५।६।१ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयको सूचना,

४. खण्ड ६८, सङ्ख्या ३८, मिति २०७५।७।१३ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयको सूचना,

५. खण्ड ६९, सङ्ख्या ४७, मिति २०७६।११।१९ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयका सूचनाहरु।

आज्ञाले,
पद्मप्रसाद पाण्डेय
नायब महान्यायाधिवक्ता ।

मुद्रण विभाग, सिंहदरबार

८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खण्ड ७२) संख्या ८ नेपाल राजपत्र भाग ४ मिति २०७९।०१।२६

# भाग ४

## महान्यायाधिवक्ताको कार्यालयको

## सूचना

नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३) बमोजिम माननीय महान्यायाधिवक्ताले आफूमा निहीत अधिकार सरकारी वकीललाई प्रत्यायोजन गरी खण्ड ७१) संख्या २, मिति २०७८।०१।१३ को नेपाल राजपत्र भाग ४ मा सूचना प्रकाशन भएकोमा माननीय महान्यायाधिवक्ताले सो सूचनाको प्रकरण १ अन्तर्गत प्रत्यायोजित अधिकारको खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) रहने गरी हेरफेर गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छः-

"(झ) खण्ड (घ), (च), (छ) र (ज) बमोजिम महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त हुन आएको मिसिल अध्ययन गर्दा सम्बन्धित नायब महान्यायाधिवक्ताले थप अनुसन्धान गर्नु गराउनु पर्ने वा मुद्दा चलाउनु पर्ने वा मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारण सहित महान्यायाधिवक्ता समक्ष पेश गरी निर्णय भए बमोजिम गर्ने,"

आज्ञाले,
कृष्णजीवी घिमिरे
नायब महान्यायाधिवक्ता ।

१७

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, असार ११ गते, २०८० साल (संख्या १४

## भाग ५

### नेपाल सरकार

### कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको

### सूचना १

नेपाल सरकारले विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा (५) ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको परिच्छेद-९ मा उल्लेख भए बमोजिमका कसूरको शुरु कारबाही र किनारा गर्ने क्षेत्राधिकार तोक्ने सम्बन्धमा देहाय बमोजिम निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(क) विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को परिच्छेद-९ मा उल्लिखित कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्न खण्ड ५७, सङ्ख्या ५१, मिति २०६४।१२।२५ को

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचना बमोजिम सूचना प्रविधि न्यायाधिकरण गठन नहुँदासम्मको लागि काठमाडौं जिल्ला अदालतलाई तोकिएकोमा अब उप्रान्त आफ्नो प्रादेशिक इलाका भित्र घटेका त्यस्तो कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्न सो ऐनको दफा ६० को उपदफा (५) बमोजिम सबै जिल्ला अदालतलाई तोक्ने,

(ख) खण्ड (क) बमोजिम सम्बन्धित जिल्ला अदालतको क्षेत्राधिकार भित्र पर्ने तर हाल काठमाडौं जिल्ला अदालतमा दायर भई छिन्न बाँकी विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को परिच्छेद-९ मा उल्लेख भए बमोजिमका कसूर सम्बन्धी मुद्दा सम्बन्धित जिल्ला अदालतमा सार्ने,

(ग) खण्ड (क) बमोजिम सम्बन्धित जिल्ला अदालतको क्षेत्राधिकार भित्र पर्ने तर काठमाडौं जिल्ला अदालतबाट कारबाही र किनारा भइसकेका मुद्दा, ती मुद्दासँग सम्बन्धित मिसिल, प्रमाण तथा अन्य अभिलेखहरु सम्बन्धित जिल्ला अदालतमा सार्ने,

(घ) खण्ड ५७, सङ्ख्या ५१, मिति २०६४।१२।२५ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को परिच्छेद-९ मा उल्लेख भए बमोजिमको कसूरहरुको शुरु कारबाही र किनारा गर्ने क्षेत्राधिकार काठमाडौं जिल्ला अदालतलाई तोकेको सम्बन्धी सूचना खारेज गर्ने।

## सूचना २

नेपाल सरकारले बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा १७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ३ को खण्ड (ग) बमोजिमको मुद्दा दायर गर्ने प्रयोजनको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लागि अदालत तोक्ने सम्बन्धमा देहाय बमोजिम निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ:-

(क) बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतका कसूर सम्बन्धी मुद्दा दायर गर्ने प्रयोजनको लागि खण्ड ५९, सङ्ख्या १४, मिति २०६६।०४।०५ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित सूचना बमोजिम उच्च अदालतमा रहेको वाणिज्य इजलासलाई तोकिएकोमा अब उप्रान्त आफ्नो इलाका भित्रको सो ऐनको दफा ३ को खण्ड (ग) बमोजिमको कसूरमा मुद्दा दायर गर्ने प्रयोजनको लागि सोही ऐनको दफा १७ को उपदफा (१) बमोजिम सबै जिल्ला अदालतलाई तोक्ने,

(ख) खण्ड (क) बमोजिम सम्बन्धित जिल्ला अदालतको क्षेत्राधिकारभित्र पर्ने तर सम्बन्धित उच्च अदालत अन्तर्गत रहेका वाणिज्य इजलासमा दायर भई छिन्न बाँकी रहेका बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) बमोजिमको कसूर सम्बन्धी मुद्दाहरु सम्बन्धित जिल्ला अदालतमा सार्ने,

(ग) खण्ड (क) बमोजिम सम्बन्धित जिल्ला अदालतको क्षेत्राधिकारभित्र पर्ने तर सम्बन्धित उच्च अदालत अन्तर्गत रहेका वाणिज्य इजलासबाट कारबाही र किनारा भइसकेका मुद्दा, ती मुद्दासँग सम्बन्धित मिसिल, प्रमाण तथा अन्य अभिलेखहरु सम्बन्धित जिल्ला अदालतमा सार्ने ।

## सूचना ३

नेपाल सरकारले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी राजस्व न्यायाधिकरण, काठमाडौंको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राजस्व सदस्य पदमा अर्थ मन्त्रालयका उपसचिव श्री टंक नाथ पौडेललाई मिति २०८०।०३।१० को निर्णय अनुसार तोकेकोले यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**
**धनराज ज्ञवाली**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खण्ड ७३) संख्या १७ नेपाल राजपत्र भाग ४ मिति २०८०।०३।२५

# भाग ४

## महान्यायाधिवक्ताको कार्यालयको

## सूचना

नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताले आफूमा निहीत अधिकार मातहतका सरकारी वकीलले प्रयोग र पालना गर्ने गरी प्रत्यायोजन गर्नु भएको अधिकार मिति २०८०।०४।०१ देखि लागू हुने गरी देहाय बमोजिम हेरफेर गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छः-

१. खण्ड ७१) सङ्ख्या २, मिति २०७८/०१/१३ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित सूचनाको,-

(क) प्रकरण १ को खण्ड (ङ) र (च) को सट्टा देहायका खण्ड (ङ) र (च) राखिएका छन्:-

"(ङ) खण्ड (क) बमोजिम प्राप्त मिसिल मध्ये आत्महत्या एवं प्रतिबादी नहुने प्रकृतिका अन्य ज्यान मुद्दा, वारदातबाट कसूर भएको देखिएको तर प्रतिबादी खुल्न नआएका अन्य मुद्दा र प्रतिबादी खुलेको भए पनि निजको मृत्यु भइसकेको मुद्दामा मुद्दा नचलाउने अन्तिम निर्णय जिल्ला सरकारी वकील कार्यालयको प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले गर्ने,

४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) सुरक्षित कारोबार ऐन, २०६३ बमोजिमको कसुर सम्बन्धी मुद्दा र बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) मा उल्लिखित कसूर बाहेक सो ऐन बमोजिमका अन्य कसूर सम्बन्धी मुद्दामा काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका हकमा अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई अनुसन्धान प्रतिवेदनसहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि प्राप्त मिसिल अध्ययन गर्दा विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजले तोकेको उपन्यायाधिवक्ता वा सहायक न्यायाधिवक्ताले सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनुपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी सम्बन्धित अदालतमा मुद्दा दायर गर्ने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने,"

(ख) प्रकरण ५ को सट्टा देहायको प्रकरण ५ राखिएको छ:-

"५. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्र गराउन आदेश दिन सकिने प्रकृतिका मुद्दामा मिलापत्र गर्न आदेश दिन सक्ने अधिकार सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम

५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

३३ मा उल्लिखित शर्तको अधीनमा रही देहायका सरकारी वकीलले प्रयोग गर्ने:-

(क) जिल्ला अदालतमा विचाराधीन मुद्दामा सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयको प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले,

(ख) उच्च अदालतमा विचाराधीन मुद्दामा सम्बन्धित उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले,

(ग) वैदेशिक रोजगार न्यायाधीकरणमा विचाराधीन मुद्दामा विशेष सरकरी वकील कार्यालयको सहन्यायाधिवक्ताले,

(घ) सर्वोच्च अदालतमा विचाराधीन मुद्दामा महान्यायाधिवक्ताको कार्यालयमा सो मुद्दा रहेको महाशाखाको नायब महान्यायाधिवक्ताले ।"

२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्र हुन सक्ने प्रकृतिका नेपाल सरकार वादी हुने मुद्दामा अनुसन्धानकै चरणमा प्रतिवादीले पीडितलाई बुझाउनुपर्ने बिगो, हर्जाना तथा अन्य रकम बुझाई वा अन्य कुनै शर्तमा मुद्दाको कारवाही अगाडी नबढाउन पीडित र प्रतिवादी दुबै पक्ष सहमत भै दिएको निवेदन बमोजिम मातहतको जिल्ला सरकारी वकील कार्यालयबाट मुद्दा नचलाउने गरी प्राप्त भएका मिसिलमा मुद्दा चलाउने वा नचलाउने अन्तिम निर्णय उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा

६

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खण्ड ७३) संख्या १७ नेपाल राजपत्र भाग ४ मिति २०८०।०३।२५

काम गर्ने सरकारी वकीलले गर्ने । विशेष सरकारी वकील कार्यालयबाट महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त हुने यस प्रकृतिका मुद्दामा सम्बन्धित नायब महान्यायाधिवक्ताले मुद्दा चलाउने वा नचलाउने अन्तिम निर्णय गर्ने ।

**द्रष्टव्य:** खण्ड ७१) अतिरिक्ताङ्क ७(क), मिति २०७८/०१/१९ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित सूचना खारेज गरिएको छ ।

**आज्ञाले,**
**विश्वराज कोईराला**
**नायब महान्यायाधिवक्ता ।**

७

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# ५. महान्यायाधिवक्ताको कार्यालयसँग सम्बन्धित निर्देशनहरू

महान्यायाधिवक्ताको कार्यालय

(.................................. शाखा)

प्रशासन

पत्र संख्या :- ०७७/०७८(निर्देशन)

चलानी नं. :- १६८०

रामशाहपथ, काठमाडौं

मिति :- २०७८।०१।०२

विषय :- निर्देशन सम्बन्धमा

श्री उच्च सरकारी वकील कार्यालय, सबै।
श्री बिशेष सरकारी वकील कार्यालय, काठमाडौं ।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै ।

उपरोक्त सम्बन्धमा माननीय महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा मिति २०७७।१२।२६ मा बसेको व्यवस्थापन समितिको बैठकबाट सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (१) बमोजिम नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन देहायबमोजिमका निर्देशनहरु जारी गर्ने निर्णय भएको हुँदा सो बमोजिम गर्नु गराउनहुन निर्णयानुसार अनुरोध गरिन्छ।

देहाय

निर्देशन नं. १. मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ अनुसार एकीकृत कसूर वापत थप सजायको दाबी लिने सम्बन्धमा:-

यस दफाको उपदफा (२) मा जन्म कैदको सजाय हुने कसूरदारमा बाहेक एकीकृत कसूर गर्ने कसूरदारलाई थप सजाय हुने व्यवस्था छ। सोही दफाको उपदफा (१) मा कुनै व्यक्तिले एउटै वारदातमा एक भन्दा बढी कसूर गरेमा त्यस्तो व्यक्तिले एकीकृत कसूर गरेको मानिनेछ भनी एकीकृत कसूरको परिभाषा गरिएको छ। एउटा वारदातमा कुनै एक कसूर गर्दा सो कसूरसँग अन्योन्याश्रित रुपमा सँगै जोडिएर आउने कार्यलाई प्रचलित कानूनले कसूर मानेको रहेछ भने त्यसरी जोडिएर आएको कार्यलाई यस उपदफाको परिभाषा अनुसार एकीकृत कसूर मानिँदैन। एकीकृत कसूर हुन एकै वारदातमा दुईवटा फरक फरक (Independent) कसूर भएको हुनु पर्दछ। महान्यायाधिवक्ताको कार्यालयमा पुनरावेदन/निवेदन सम्बन्धी कारवाहीका लागि प्राप्त हुने मिसिल हेर्दा कतिपय मुद्दामा हाडनातामा जबरजस्ती करणी गरेको कसूर, सामूहिक रुपमा गरेको जबरजस्ती करणीको कसूर आदिमा पनि यस दफा बमोजिम एकीकृत कसूर वापत थप सजाय हुन मागदाबी लिएको तर अदालतबाट सो दाबी कायम नभएको देखिएको छ। तसर्थ एउटा कार्य गर्दा छुट्याउन नसकिने किसिमको अर्को कार्य (Inextricable act) भएको अवस्थामा एकीकृत कसूर वापत थप सजायको दाबी नलिने तर कुनै एउटा कसूर गर्ने सिलसिलामा कानूनद्वारा निषेधित कसूर मानिने अर्को छुट्टै (Separate) कार्य भएको अवस्था जस्तैः जबरजस्ती करणीको कसूर गर्ने सिलसिलामा पीडितको धनमाल चोरेको, घरमा आगो लगाएको, पीडितको हार गुहार सुनी पीडितलाई उद्दार गर्न आउने व्यक्तिहरु उपर कुनै कसूर गरेको आदि जस्ता अवस्थामा मात्र त्यसरी भएका प्रत्येक कसूरबापत दाबी लिई दफा ४३ बमोजिम एकीकृत कसूर बापत थप सजायको मागदाबी लिने।

निर्देशन नं. २. मुलुकी अपराध संहिता, २०७४ को दफा ४४ अनुसार थप सजायको दाबी सम्बन्धमा:-

यस दफाको उपदफा (१) मा जन्म कैदको सजाय पाएको कसूरदारको हकमा बाहेक जघन्य वा गम्भीर कसूरमा सजाय पाएको व्यक्तिले अर्को कसूर गरेमा निजले पछिल्लो पटक गरेको कसूरमा हुने सजायको दोब्बरसम्म सजाय हुने तथा सोही दफाको उपदफा (२) मा उपदफा (१) बमोजिमको कसूर बाहेक अन्य कसूरमा सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान गरेको पाँच वर्षभित्र अर्को कसूर गरेमा निजलाई

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(..................................... शाखा)

प्रशासन

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७७/०७८(निर्देशन)

चलानी नं. :-

मिति :-

पछिल्लो पटक गरेको सजायको दोब्बरसम्म सजाय हुने व्यवस्था छ। यो कानूनी व्यवस्था अनुसार थप सजाय हुनका लागि जघन्य वा गम्भीर कसूरमा अदालतबाट सजाय पाईसकेको (तर सजाय भुक्तान गरेको हुनु नपर्ने) र सो बाहेकका अन्य कसूरमा सजाय पाएर सो सजाय भुक्तान गरेको पाँच वर्षभित्र अर्को कसूर गरेको हुनुपर्ने पूर्वशर्त रहेको छ। महान्यायाधिवक्ताको कार्यालयमा पुनरावेदन/निवेदन सम्बन्धी कारबाहीका लागि प्राप्त भएका कतिपय मिसिलबाट सो पूर्वशर्त नरहेको अवस्था जस्तैः अघिल्लो कसूरसम्बन्धी मुद्दा अदालतमा विचाराधीन रहिरहेको वा एकैपटक वा एकभन्दा बढी कसूर गरेको तर अदालतबाट सजाय पाइ नसकेको अवस्थामा पनि थप सजायको मागदाबी लिएको भएपनि अदालतबाट फैसला हुँदा सो दाबी नपुगने गरी फैसला भएको देखिएको छ। तसर्थ कानूनले प्रष्ट शब्दमा निर्धारण गरेका माथि उल्लेखित पूर्व शर्तहरु नरहेको अवस्थामा दफा ४४ बमोजिम थप सजायको मागदाबी नलिने। यस्तो थप मागदाबी मुलुकी अपराध संहिता, २०७४ लागू भएपछि अर्थात् २०७५।०५।०१ वा सो भन्दा पछि कसूर गरी सजाय पाएको वा सजाय भुक्तान गरेको प्रतिवादीको हकमा मात्र लिने।

<u>निर्देशन नं. ३.</u> मिलापत्र गराउन आदेश दिन सकिने प्रकृतिका सरकारवादी फौजदारी मुद्दामा प्रतिवादीको पुनरावेदन/निवेदन परेको तर प्रत्यार्थी झिकाउने आदेश वा निस्सा नभइसकेको अवस्थामा मिलापत्रको कारवाही अगाडि बढाउने सम्बन्धमा:-

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) अनुसार मिलापत्र गराउन आदेश दिन सकिने प्रकृतिका फौजदारी मुद्दामा कसूर कायम भई प्रतिवादीको पुनरावेदन/दोहोऱ्याई पाउने/पुनरावलोकन निवेदन परेको तर प्रत्यर्थी झिकाउने आदेश वा निस्सा नभइसकेका मुद्दाहरुमा पनि मिलापत्र सम्बन्धी प्रक्रिया अगाडि बढाउने।

<u>निर्देशन नं. ४.</u> मुद्दासँग सरोकार नराख्ने पीडित उपस्थित नभए पनि मिलापत्र हुने सम्बन्धमा:-

प्रचलित कानून बमोजिम मिलापत्र हुने प्रकृतिका मुद्दामा धेरै पीडितहरु रहेका तर केही पीडितले मात्र जाहेरी दिएको वा मुद्दामा सरोकार देखाएको अवस्थामा अदालत वा सरकारी वकील कार्यालयबाट खोजी गर्दा उपस्थित नहुने वा मुद्दासँग सरोकार नराख्ने पीडितहरुले मिलापत्रको लागि निवेदन नदिएको भए पनि मुद्दामा सरोकार राख्ने पीडित आफैंले वा सम्पर्कमा आएका वा नआएका पीडितका तर्फबाट पीडितका एकासगोलका परिवारका सदस्य वा कानूनबमोजिमका संरक्षकले आ-आफ्नो हकमा मिलापत्र गर्न निवेदन दिएमा सम्बन्धित सरकारी वकील कार्यालयले मिलापत्रको प्रक्रिया अगाडि बढाउने। सम्पर्कमा नरहेका वा सम्पर्कमा आउने अवस्था नदेखिएका पीडितका हकमा त्यस्ता पीडितहरुको नोक्सानी भए अनुसारको रकम, सोमा कानून बमोजिम लाग्ने हर्जाना र अन्य खर्च समेत प्रतिवादीले सुरक्षित राखेको (धरौटी वा अन्य उपायबाट) र त्यस्ता पीडितहरु पछि सम्पर्कमा आएका बखत त्यस्तो रकम प्राप्त गर्न सक्ने देखिएमा उपस्थित भएका पीडित र प्रतिवादीको निवेदन परेमा समेत मिलापत्रको लागि कारवाही अगाडि बढाउने।

<u>निर्देशन नं. ५.</u> चेक अनादर सम्बन्धी बैंकिङ्ग कसूर मुद्दामा मिलापत्र गराउन आदेश दिने सम्बन्धमा:-

सर्वोच्च अदालतबाट पुरुषोत्तम दंगाल विरुद्ध महान्यायाधिवक्ताको कार्यालय समेत भएको परमादेश मुद्दामा (०७७-WO-००१५) मिति २०७७।१०।०८ मा भएको आदेश समेतलाई विचार गरी बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) अनुसारका सर्वसाधारण पीडित भएको बैंकिङ्ग कसूर मुद्दामा पीडित पक्ष र प्रतिवादीले मिलापत्र गराई पाउँ भनी निवेदन दिएमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) अनुसार मिलापत्र सम्बन्धी कारवाही अगाडि बढाउने।

☎: ४२००८००, ४२००८०१, ४२००८०६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(............................... शाखा)
प्रशासन

पत्र संख्या :- ०७७/०७८(निर्देशन)
चलानी नं. :-

रामशाहपथ, काठमाडौं

मिति :-...............................

**निर्देशन नं. ६.** चेक अनादर सम्बन्धी बैंकिङ्ग कसूर मुद्दामा प्रतिवादीले पीडितलाई बिगो बुझाईसकेको अवस्थामा मुद्दा नचलाउने र पुनरावेदन नगर्ने सम्बन्धमाः

बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) अनुसारका कसूर अन्तर्गतको ललिता कुमारी सिंहको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रेश्मा शाह भएको बैंकिङ्ग कसूर (चेक अनादर) मुद्दा (०७५-RB-०१४१) मा"जाहेरवालाले प्रतिवादीबाट बिगो रकम प्राप्त गरिसकेको छु भनी अदालतमा गरेको बकपत्र साथै रकम प्राप्त भएको भरपाई समेत पेश गरेको देखिएकोले बिगो बाँकी नहुँदा प्रतिवादीलाई बिगो बमोजिम जरीवाना र बिगो भराईदिनु नपर्ने ठहर गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट भएको फैसला सदर हुने" भनी सर्वोच्च अदालतबाट मिति २०७६।०३।०२ मा भएको फैसला उपर प्रतिवादीलाई बिगो बमोजिम जरीवाना नभएको हकमा सर्वोच्च अदालतमा पुनरावलोकनका लागि निवेदन गरिएकोमा (०७६-RV-०२२४) पुनरावलोकनको अनुमति नहुने गरी मिति २०७७।०१।०८ मा आदेश भएको छ। यस प्रकृतिका कसूरमा पीडित पक्ष र प्रतिवादीले मिलापत्र गराई पाउँ भनी निवेदन दिएमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) मा उल्लिखित "सर्वसाधारणको हानि, नोक्सानी" को कसूर अन्तर्गत मिलापत्र सम्बन्धी कारबाही अगाडि बढाउने भनी आजै व्यवस्थापन समितिबाट निर्णय भएको छ। कानून बमोजिम मिलापत्र हुन सक्ने र मिलापत्र गर्न उपयुक्त हुने प्रकृतिका सरकारवादी फौजदारी मुद्दामा अनुसन्धानको क्रममा वा अभियोजन गर्नु अगाडि पीडित र प्रतिवादी मिलापत्र गर्न सहमत भएका मुद्दामा सामान्यतया अभियोजन गरिने छैन भन्ने महान्यायाधिवक्ताको कार्यालयको नीति रहेको (महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मार्गदर्शन, २०७७ को परिच्छेद २ को २.२(२.२.२६)) छ। अतः यस प्रकृतिका मुद्दामा अभियोजन पूर्व प्रतिवादीबाट पीडितले रकम प्राप्त गरिसकेको भए मुद्दा नचलाउने निर्णय गर्ने र अदालतमा मुद्दा दायर भएपछि पीडितले त्यस्तो रकम प्राप्त गरिसकेको अवस्थामा त्यस्तो फैसला उपर पुनरावेदन नगर्ने।

**निर्देशन नं. ७.** अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २० अनुसार पीडितले गरेको पुनरावेदन/निवेदनमा बहस पैरवी प्रतिरक्षा नगर्ने सम्बन्धमाः-

नेपाल सरकार वादी हुने मुद्दामा अदालतबाट भएका आदेश/फैसला उपर नेपाल सरकारको तर्फबाट निवेदन/पुनरावेदन नगर्ने निर्णय भइसकेको अवस्थामा अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २० अनुसार पीडितको निवेदन/पुनरावेदन परेको र सरकारी वकील कार्यालयमा सो मुद्दाको पेशीको सूचना प्राप्त हुन आएमा नेपाल सरकारको तर्फबाट निवेदन/पुनरावेदन नगर्ने निर्णय भएको व्यहोराको जानकारीसहित त्यस्ता निवेदन/पुनरावेदनमा नेपाल सरकारका तर्फबाट बहस पैरवी प्रतिरक्षा नगरिने व्यहोरा अदालतलाई लेखी पठाउने।

**निर्देशन नं. ८.** अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ अनुसारको क्षतिपूर्ति शुल्क (कम्पेनसेसनलेभी) सम्बन्धी दाबी नपुगेको अवस्थामा पुनरावेदन नगर्नेः-

अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ अनुसार क्षतिपूर्ति शुल्क (कम्पेनसेसन लेभी) पीडित राहत कोषमा बुझाउन समेतको मागदाबी अभियोग पत्रमा लिइएको रहेछ र त्यस्तो मुद्दामा अन्य दाबी पुगेको वा गिसिल संलग्न प्रमाण बमोजिम फैसला मिलेको देखिएको तर क्षतिपूर्ति शुल्कको मात्र दाबी नपुगेको वा तत् सम्बन्धमा केही नबोलिएको अवस्थामा सो सम्बन्धमा मात्र पुनरावेदन नगर्ने ।

**निर्देशन नं. ९.** वयस्क महिलाले नाबालकलाई यौन दुरुपयोग गरे गराएमा मुद्दा दायर गर्नेः-

मुलुकी अपराध संहिता, २०७४ को दफा २२५ को उपदफा (२) एवम् बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ को उपदफा (३) को खण्ड (ग), (ङ), (च), (छ), (ज), (झ) र (ट) मा उल्लेख भएको

☎: ४२००८००, ४२००८०१, ४२००८३६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(.................................. शाखा)

प्रशासन

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७७/०७८(निर्देशन)

चलानी नं. :-

मिति :-

कसूर बालिकाका विरुद्ध मात्र नहुने भै बालकका विरुद्ध पनि हुने भएकोले मुलुकी अपराध संहिता, २०७४ को दफा २२५ को उपदफा (२) र बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ को उपदफा (२) र (३) मा उल्लेखित जुनसुकै कसूर कुनै वयस्क महिलाले बालक वा बालिका जोसुकै उपर गरेको भए पनि त्यस विरुद्ध उजूरी पर्न आएमा त्यस्ता महिला उपर उक्त कानूनी व्यवस्था अनुसारको कसूरमा अनुसन्धान तथा अभियोजन सम्बन्धी कारवाही गर्ने।

<u>निर्देशन नं. १०:</u> सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान तहकिकातबाट संकलित कागजात मध्ये अभियोग लगाइएको दाबीलाई समर्थन नगर्ने प्रमाण कागज मिसिलमा नराखे गरी छनौट गर्न नसकिने सम्बन्धमा:-

पुनरावेदन सरकारी वकील कार्यालय नेपालगञ्ज विरुद्ध राजु थापा भएको परमादेश मुद्दा (ने.का.प. २०५७, अंक १०/११, नि नं. ६९५३) मा सर्वोच्च अदालतबाट "सरकारी वकील कार्यालयले आफू समक्ष प्रहरी कार्यालयबाट पेश गरेका मिसिल कागजातमध्ये कुनै कागज मिसिलमा राख्नु नपर्ने देखिएमा सम्बन्धित मिसिलबाट त्यस्तो कागज निकाल्न वा मिसिल संलग्न नगर्न सक्ने गरी त्यस्तो कुनै तजबिजी अधिकार, कर्तव्य र दायित्व सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को कुनै पनि कानूनी व्यवस्थाबाट सरकारी वकीललाई प्रदान नगरेको" भनी मिति २०५६।१२।०७ मा सर्वोच्च अदालतबाट फैसला भएको छ। यो आदेश मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले गरेको कानूनी व्यवस्थाका सम्बन्धमा पनि उत्तिकै सान्दर्भिक छ। अनुसन्धानकर्ता एवम् अभियोजनकर्ताले राज्यको तर्फबाट निष्पक्ष रुपमा काम गर्नुपर्ने हुन्छ। तसर्थ, जे जस्ता प्रमाणहरु संकलन हुन आएका छन् कसूर ठहरको पक्षमा नहुने भए पनि मिसिलबाट अलग नगरी मिसिल सामेल राखी त्यस्तो प्रमाणलाई अभियोग दाबी पुष्टि गर्न सहयोग पुग्ने प्रमाणको आधारमा खण्डन गर्ने। तर कसूर ठहरको पक्षमा नहुने त्यस्ता प्रमाण कागजलाई अभियोग पत्रको प्रमाण खण्डमा भने उल्लेख नगर्ने।

<u>निर्देशन नं. ११:</u> प्रचलित कानूनमा जनही जरिवाना हुने भनी उल्लेख भएकोमा बाहेक जरिवाना दामासाहीले हुने गरी भएका फैसला उपर पुनरावेदन नगर्ने:-

ने.का.प. २०६३, अंक ९, निर्णय नं. ७७६७, पृष्ठ १२३५ (नेपाल सरकार विरुद्ध इन्द्रप्रसाद नेपाल समेत, मुद्दा ठगी), ने.का.प. २०६१, अंक ३, नि.नं. ७३४८, पृष्ठ ३१० (समीन अन्सारी विरुद्ध नेपाल सरकार, मुद्दा डाँका), ने.का.प. २०७२, अंक १, नि.नं. ९३२९, पृष्ठ ९९ (दयाप्रसाद घिमिरे विरुद्ध नेपाल सरकार, मुद्दा : ठगी), ने.का.प. २०६५, अंक १०, नि.नं. ८०२८, पृष्ठ १२७१ (नेपाल सरकार विरुद्ध बाजे राना समेत, मुद्दाः वनपैदावार हटाई पाऊँ) मा सर्वोच्च अदालतबाट प्रतिपादन भएका नजीरहरुबाट दुई वा सो भन्दा बढी कसूरदार भएको मुद्दामा प्रचलित कानूनमा जनही जरिवाना हुने भनी उल्लेख भएकोमा बाहेक जरिवाना दामासाहीले हुने सिद्धान्त स्थापित भएको छ। तसर्थ सोही कुरालाई विचार गरी जनही जरिवाना हुने भनी प्रचलित कानूनमा उल्लेख भए बाहेकका मुद्दाहरुमा दामासाहीले जरिवाना गर्ने गरी भएका फैसला उपर पुनरावेदन नगर्ने।

☎: ४२००८००, ४२००८०१, ४२००८४६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(..................... प्रशासन ..................... शाखा)

नेपाल

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७७/०७८(निर्देशन)

चलानी नं. :-

मिति :-

**निर्देशन नं. १२. कसूरको अनुसन्धान, अभियोजन तथा अन्य काम कारवाही गर्दा नयाँ शब्दावलीको प्रयोग गर्नेः-**

मुलुकी संहिताहरु समेतका नयाँ कानूनहरुले गरेको कानूनी व्यवस्था तथा यस क्षेत्रमा विश्वमा आएको परिवर्तित अवधारणा समेतलाई मध्यनजर गरी अनुसन्धान, अभियोजन तथा अन्य काम कारवाहीमा प्रयोग गरिदैं आएको शब्दावलीहरुको सट्टा निम्नानुसारका शब्दावली प्रयोग गर्नेः-

| प्रयोग गरिदैं आएको शब्दावली | अब प्रयोग गर्ने शब्दावली |
|---|---|
| अपराध | कसूर |
| अपराधी | कसूरदार |
| प्रारम्भिक प्रतिवेदन | प्रारम्भिक अनुसन्धान प्रतिवेदन |
| राय प्रतिवेदन | अनुसन्धान प्रतिवेदन |
| सफल | कसूर ठहर |
| असफल | कसूर ठहर नभएको/सफाई |
| **बालबालिकाको हकमा** | |
| प्रतिवादी | कानूनको विवादमा परेका बालक/बालिका |
| अपराध | कसूरजन्य कार्य |
| हिरासत | निगरानी कक्ष |
| पक्राउ | नियन्त्रणमा लिने |
| बयान | सोधपुछ |

लोकराज पराजुली
सहन्यायाधिवक्ता

**अवगतार्थः**

माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय, महान्यायाधिवक्ताको कार्यालय,
श्रीमान् नायब महान्यायाधिवक्ताज्यूहरु, महान्यायाधिवक्ताको कार्यालय ।

**बोधार्थः**

श्री प्रवक्ताज्यू, महान्यायाधिवक्ताको कार्यालय,
श्री मुद्दा व्यवस्थापन महाशाखा, महान्यायाधिवक्ताको कार्यालय ।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(..................प्रशासन.......... शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७७/०७८(निर्देशन)

चलानी नं. :- १९६४

मिति :- २०७८।०३।२९

विषय :- निर्देशन सम्बन्धमा ।

श्री उच्च सरकारी वकील कार्यालय, सबै।
श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं ।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै ।

उपरोक्त सम्बन्धमा माननीय महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा मिति २०७८।०३।२५ मा बसेको व्यवस्थापन समितिको बैठकबाट देहायबमोजिमका निर्देशनहरु जारी गर्ने निर्णय भएको हुँदा सो बमोजिम गर्नु गराउनहुन निर्णयानुसार अनुरोध गरिन्छ।

देहाय

**निर्देशन नं. १३.** बालबालिका हुँदा गरेको कसूरजन्य कार्य गर्ने व्यक्ति बयस्क भएपछि पक्राउ परेमा अनुसन्धान तथा अभियोजन गर्दा बाल न्यायसम्बन्धी कार्यविधि नै लागू गर्ने सम्बन्धमाः-

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा (२) को खण्ड (ञ) अनुसार बालबालिका मानिने कुनै व्यक्तिले कसूरजन्य कार्य गरी फरार रहेकोमा निज १८ वर्ष उमेर पूरा भएपछि पक्राउ परेमा कसूरको अनुसन्धान तथा अभियोजन सम्बन्धी कारबाही गर्दा बालबालिका सम्बन्धी ऐन, २०७५ तथा बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को कानूनी व्यवस्थाले निर्धारित गरेको प्रक्रिया अनुसार गर्ने गराउने ।

**निर्देशन नं. १४.** संगठित अपराध निवारण ऐन, २०७० अनुसार थप सजायको दावी लिएको मुद्दामा अन्य कानून अनुसार थप सजाय हुन मागदावी नलिने सम्बन्धमाः-

संगठित अपराध निवारण ऐन, २०७० अनुसारको थप सजायको मागदावी लिईएको मुद्दामा अन्य कानून अनुसार थप सजायको मागदावी नलिने ।

**निर्देशन नं. १५.** आंशिक निर्णय गर्दा मुद्दा चलाउने र नचलाउने निर्णय छुट्टाछुट्टै नगरी एउटै निर्णय गर्ने सम्बन्धमाः-

कसूरको अनुसन्धानको दायरामा परेका शंकित व्यक्तिमध्येका केही व्यक्तिका हकमा मुद्दा चलाउने र केही व्यक्तिका हकमा मुद्दा नचलाउने निर्णय गर्दा छुट्टाछुट्टै निर्णय नगरी एउटै निर्णय गर्ने ।

**निर्देशन नं. १६.** कसूरसँग असम्बन्धित चिजवस्तु जफतको दावी नलिने, दशीका रुपमा अदालतमा पेश नगर्ने र प्रतिवेदक/सुराकी लाई पुरस्कार दिलाउन अभियोग दावी नलिने सम्बन्धमाः-

कतिपय मुद्दाहरुमा कसूरसँग असम्बन्धित मोबाइल, घडी, नगद रुपैया, सवारी साधन आदि चिजवस्तु कसुरदार पक्राउ पर्दा निजको साथबाट बरामद भएको आधारमा जफत हुन मागदावी लिई अदालतमा दशीको रुपमा पेश गर्ने गरेको देखिएको छ। यसका साथै केही मुद्दाहरुमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ मा समावेश नभएको प्रतिवेदक/सुराकीलाई पुरस्कार

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

महान्यायाधिवक्ताको कार्यालय

(..................... प्रशासन ..... शाखा)

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ, काठमाडौं

मिति :-.............................

दिलाइदिने विषय (जस्तैः लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८ ख. भन्सार ऐन,२०६४ को दफा ७१, राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन,२०५२ को दफा २९ आदिमा) समेत अभियोग दावी लिने गरिएको तर अदालतमा सो मागदावी ठहर नहुने गरेको र उक्त विषयका लागि मात्र पुनरावेदन सम्बन्धी कारबाही गर्ने गरिएको प्रचलनमा सुधार गर्न आवश्यक देखिएको छ । त्यसर्थ कसूरसँग सम्बन्धित नदेखिएका घडी, मोबाइल, नगद रुपैया, सवारी साधन आदि चिजवस्तु जफत हुन मागदावी नलिने, त्यस्ता चिजवस्तु दशीका रुपमा अदालतमा पेश नगरी सम्बन्धित धनीलाई फिर्ता दिने र प्रतिवेदक/सुराकीलाई पुरस्कार दिलाउने विषयमा अभियोग दावी नलिने ।

**निर्देशन नं. १७. अदालतमा दायर भएका मुद्दाहरुको अभियोगपत्र सम्बन्धित कार्यालयले वेभसाईटमा अपलोड गर्ने सम्बन्धमा:-**

सरकारी वकील कार्यालयबाट मुद्दा हेर्ने निकायसमक्ष दायर हुने अभियोगपत्रहरुमा सम्बन्धित पीडित, अभियुक्त र कानून व्यवसायी लगायत सम्बद्द सबैको पहुँचलाई सहज बनाउनु पर्ने आवश्यकता रहेको छ । यसबाट कार्यालयको कामको सम्बन्धमा सम्बन्धित सरोकारवाला व्यक्तिलाई जानकारी प्राप्त गर्न सहज हुन्छ । त्यसर्थ सबै सरकारी वकील कार्यालयहरुले अदालत वा मुद्दा हेर्ने अधिकारीसमक्ष अभियोग पत्र दर्ता भएपश्चात् अभियोगपत्रको विद्युतीय प्रति कार्यालयको वेभसाईटमा रहेको "अभियोग" खण्डमा नियमित रुपमा अपलोड गर्ने व्यवस्था गर्ने । सो कार्यको अनुगमन मुद्दा व्यवस्थापन महाशाखाले गर्ने । अनुसूची - २ का मुद्दामा सम्बन्धित अनुसन्धानकर्ताबाट मुद्दा दायर भएपश्चात् अभियोगपत्रको विद्युतीय प्रति प्राप्त गरी सो अनुसार अपलोड गर्ने ।

**निर्देशन नं. १८. मुद्दा चलाउने, नचलाउने सम्बन्धी अभियोजनको निर्णय गर्ने सम्बन्धमा:-**

अभियोजन नीति तथा मार्गदर्शन, २०७७ ले मुद्दा चलाउने, नचलाउने सम्बन्धी आधारहरु उल्लेख गरेको छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ मा समेत प्रमाणका आधारमा मुद्दा चल्ने भन्ने उल्लेख भएको छ । यस सम्बन्धमा विगतमा पनि निर्देशन जारी भएको विदैतै छ । (२०६७,२०६८,२०७३ असार, २०७६ मा समेत निर्देशन जारी भएका छन्।) अभियोजन गर्दा कसूरमा संलग्न भएको आधार, प्रमाण र संलग्नताको भूमिकालाई विचार गर्नुपर्ने हुन्छ । यसको अर्थ निर्दोष वा कसूरमा असंलग्न व्यक्तिलाई अभियोजनको विषय बनाइनु हुँदैन भन्ने नै हो । जाहेरी/सूचनामा नाम उल्लेख भएको वा शंका रहेको भन्ने आधारमा मात्र पक्राउ गर्ने, हिरासतमा राख्ने अनुमति माग्ने, मुद्दा चलाउने समेतका कार्यहरु हुनु उपयुक्त हुँदैन । यसका लागि अनुसन्धानकर्तासँग समन्वय गरी प्रमाणलाई नै अभियोजन गर्ने आधारको रुपमा ग्रहण गर्नुपर्ने अभियोजन नीति तथा मार्गदर्शनको व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्ने गराउने । कुनै संगठित संस्थाका पदाधिकारी तथा कर्मचारीमध्ये कुनै व्यक्ति कसूरमा संलग्न रहेको अवस्थामा त्यस्तो

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(.......................प्रशासन.......शाखा)

पत्र संख्या :-

रामशाहपथ, काठमाडौं

चलानी नं. :-

मिति :-...............................

व्यक्तिउपर मुद्दा चलाउने र कसूरमा संलग्न नभएका त्यस्तो संस्थाका अन्य व्यक्तिउपर मुद्दा चलाउन नहुने कुरामा विशेष ध्यान पुऱ्याउने।

**निर्देशन नं. १९. अनुसन्धान गर्ने निकायको निरीक्षण गरी हदम्याद भित्र अनुसन्धान र अभियोजन गर्ने व्यवस्था मिलाउनेः-**

मुलुकी अपराध संहिता, २०७४ तथा प्रचलित कानूनमा उल्लेख भएअनुसारको हदम्याद भित्रै मुद्दा दायर गर्नु पर्ने अनिवार्यता हुन्छ। कतिपय कसूरका अभियुक्त तत्काल फेला नपरेको कारण प्रहरी कार्यालयमा दर्ता भएको उजूरी/जाहेरी उपर वर्षौंसम्म अनुसन्धानको कार्य पुरा नभएको र हदम्याद सकिने अन्तिम अवस्थामा मात्र मुद्दा चलाउने वा नचलाउने गरी अनुसन्धान प्रतिवेदन पेश भएको पाईएको छ। यसबाट कसूरमा संलग्न व्यक्ति समयमा नै पहिचान हुन नसक्ने र कानूनको दायरामा ल्याउन नसकिने हुन्छ । त्यसैले यस सम्बन्धमा अनुसन्धानलाई पूर्णता दिन सम्बन्धित निकायसँगको समन्वयमा अनुसन्धानमा संलग्न निकायको अनुगमन र निरीक्षण गरी देहाय बमोजिम गर्ने गराउने व्यवस्था मिलाउनेः-

क. सबै सरकारी वकील कार्यालयहरुले प्रत्येक वर्ष श्रावण महिनामा अनुसन्धान गर्ने निकायको निरिक्षण गरी, मुद्दाको संख्यात्मक विवरण, फरार प्रतिवादीको नाम/ हुलिया, मुद्दा दायर गर्न बाँकी रहेको हदम्याद आदि विषयका विवरण महान्यायाधिवक्ताको कार्यालय, मुद्दा व्यवस्थापन महाशाखामा पठाउने,

ख. मुद्दाको प्रकृतिबाट अनुसन्धान गर्नु पर्ने देखिए तत्काल अनुसन्धान गर्न गराउन आवश्यक निर्देशन दिने र प्रतिवादी फरार रहेकोमा खोजतलास गर्न सम्बन्धित निकायसँग समन्वय र ताकेता गर्ने गराउने ।

**निर्देशन नं. २०. सामाजिक सञ्जाल प्रयोग गर्ने सम्बन्धमाः**

निजामती सेवा तथा सरकारी सेवामा रहेका कुनै पनि कर्मचारीलाई आफ्नो पेशागत हक हितको लागि संगठित हुन बाहेक राजनैतिक गतिविधिमा संलग्न हुने अनुमति प्रचलित कानूनले दिएको छैन। महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील तथा कर्मचारीहरुले कुनै राजनैतिक दल वा कुनै दलको पक्ष वा विपक्षमा कुनै कुरा लेख्न, बोल्न तथा संकेत गर्न नपाउने व्यवस्था निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० मा उल्लेख रहेको जानकारी नै छ । सरकारी वकील तथा कर्मचारीले सामाजिक सञ्जाल मार्फत् कुनै राजनैतिक दल तथा नेताको पक्ष/विपक्षमा अभिमत दिने, अनुचित तथा पदीय मर्यादा विपरीतका स्टाटस राख्ने तथा शेयर गर्ने प्रवृत्ति देखिनु कर्मचारीको आचारसंहिता समेतको प्रतिकूल कार्य हो। यस्तो क्रियाकलाप पदीय मर्यादाको समेत विपरीत भई जवाफदेहिता सृजना गर्ने कार्य हो। त्यसर्थ कुनै पनि राजनैतिक दल वा राजनैतिक दलको नेताको पक्ष वा विपक्ष वा कुनै व्यक्तिको सम्बन्धमा पदीय मर्यादा विपरितका कुरा

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(............प्रशासन............ शाखा)

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ, काठमाडौं

मिति :-............................

सामाजिक सञ्जालमा पोष्ट गर्ने, शेयर गर्ने र कमेन्ट गर्ने कार्य नगर्न र सरकारी वकील तथा कर्मचारीको आचारसंहिताको पूर्ण पालना गर्ने गराउने। कार्यालय प्रमुखले यस्तो कार्य भएमा तत्काल महान्यायाधिवक्ताको कार्यालयको प्रशासन शाखामा जानकारी गराउने। यस्तो गरेको पाइएमा प्रचलित कानून अनुसार कारवाही हुने।

**(पुनश्चः यस कार्यालयको च.नं. १७६०, मिति २०७८।०१।०२ को पत्रबाट १२ बुँदाको निर्देशन यसअगावै सम्प्रेषण गरिएको व्यहोरा अनुरोध छ ।)**

............................

लोकराज पराजुली

सहन्यायाधिवक्ता

**अवगतार्थः**

माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय, महान्यायाधिवक्ताको कार्यालय,

श्रीमान् नायब महान्यायाधिवक्ताज्यूहरु, महान्यायाधिवक्ताको कार्यालय ।

**बोधार्थः**

श्री प्रवक्ताज्यू, महान्यायाधिवक्ताको कार्यालय,

श्री मुद्दा व्यवस्थापन महाशाखा, महान्यायाधिवक्ताको कार्यालय ।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(कर्मचारी प्रशासन शाखा)

पत्र संख्या :- ०७९/०८० (निर्देशन)

रामशाहपथ, काठमाडौं

चलानी नं. :- १६६३

मिति :- २०८०।०२।०२

विषयः निर्देशन सम्बन्धमा।

श्री उच्च सरकारी वकील कार्यालय, सबै
श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै

माननीय महान्यायाधिवक्ताज्यूबाट मिति २०८०।०२।०२ को निर्णय अनुसार सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ बमोजिम देहाय बमोजिमको निर्देशन जारी भएको छ। प्रस्तुत निर्देशन यस कार्यालयको च.नं. १७६३, मिति २०७८।१।२ को पत्र र च.नं. १९७४, मिति २०७८।३।२९ को पत्रबाट जारी निर्देशनको निरन्तरता भएकाले यस अघि जारी गरिएका उल्लिखित निर्देशन र प्रस्तुत निर्देशन कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ।

**निर्देशन नं. २१: ठगी, चेक बाउन्स सम्बन्धी बैंकिङ्ग कसूर तथा वैदेशिक रोजगार जस्ता दुनियाँको बिगो समावेश भएका मुद्दामा अभियोजन गर्दा बिगो यकिन गर्ने सम्बन्धमाः-**

ठगी, चेक बाउन्स सम्बन्धी बैंकिङ्ग कसूर तथा वैदेशिक रोजगार जस्ता दुनियाँको बिगो समावेश भएका कसूरमा प्रतिवादी साबित भएको वा तथ्ययुक्त प्रमाणले यकिन भए भन्दा बाहेकको बिगो कायम गर्दा जाहेरवाला वा पीडितले प्रतिवादीलाई दिएको वा प्रतिवादीबाट पाउनुपर्ने रकम भन्दा बढी रकम दावी गरी बढी जाहेरी दिने र जाहेरीमा उल्लिखित अंकलाई नै बिगो कायम गरी अभियोग माग दावी लिंदा अभियोगपत्र यथार्थपरक नभएको र दाबी स्थापित हुने नगरेको देखिन्छ। माथि उल्लिखित दुनियाँको बिगो समावेश भएका मुद्दासँग सम्बन्धित कसूरको अनुसन्धान गर्दा नै जाहेरवाला वा कसूर पीडितबाट प्रतिवादीले लिएको भनिएको रकमको स्रोत र रकम दिएको माध्यम (बैंकिङ प्रणाली वा कुनै भरपाई कागज) जाहेरवालाबाट खुलाउन लगाई स्रोत र भुक्तानीलाई पुष्टि गर्ने कागजात जाहेरवाला वा पीडितसंग रहे भएको पुष्टि हुने गरी प्रमाण संकलन गरी जाहेरीमा उल्लिखित रकमको अंक पुष्टि हुने कागज प्रमाणका आधारमा बिगो कायम गर्ने गराउने।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज: ४२००८२४, ४२००८२५
G:\My Drive\... २०७९।८०\पत्रहरु\परिपत्र.docx
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

महान्यायाधिवक्ताको कार्यालय

(............................ शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :-

चलानी नं. :-१६६२

मिति :-............................

निर्देशन नं. २२: बरामद भएको चोरीको धनमाल जाहेरवाला वा माल धनीलाई तत्काल फिर्ता दिलाउने सम्बन्धमा:-

चोरी सम्बन्धी कसूरमा बरामद भएको चोरीको धनमाल तत्काल जाहेरवाला वा धनीलाई फिर्ता नगरी अदालतमा दसीको रूपमा पेश गर्ने र अदालतबाट फिर्ता दिने आदेश / फैसला हुँदासम्म त्यस्ता धनमाल नासिने, बिग्रने वा तत्काल प्रयोग गर्न नपाई कसूर पीडितलाई थप पीडा हुने भई जाहेरी नै दिन नमान्ने तथा तत्काल सामान फिर्ता पाउनु पर्नेमा नपाएको भनी गुनासो आउने गरेको सन्दर्भमा मुलुकी फौजदारी कार्यविधि नियमावली,२०७५ को नियम १४ बमोजिम सामान फिर्ता गर्न / गराउनका लागि सहजिकरण गर्ने।

निर्देशन नं. २३: कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० र नियमावली, २०७७ को कार्यान्वयन सम्बन्धमा:-

कसूरजन्य सम्पत्ति तथा साधनको व्यवस्थापनको लागि कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० र नियमावाली, २०७७ जारी भै गृह मन्त्रालय अन्तर्गत कसूरजन्य सम्पत्ति व्यवस्थापन बिभागको स्थापना समेत भैसकेको परिप्रेक्ष्यमा उक्त ऐनको दफा ५ बमोजिम कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधन मध्ये मुद्दाको रोहमा कसूरसँग सम्वद्धता भएका दसी प्रमाणको लागि प्रयोग हुने सम्पत्ति तथा साधन छुट्टयाई कसूरसँग सम्बन्धित सम्पत्ति तथा साधन मात्र अदालतमा पेश गरी अन्य सम्पत्ति तथा साधनको (कसूरसँग सम्बन्धित नभएको कुनै व्यक्तिको नीजि सम्पत्ति बाहेक) सम्बन्धमा काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्लाका सरकारी वकीलले उक्त विभागमा र अन्य जिल्लाका सरकारी वकीलले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा बुझाउने गरी व्यवस्था गर्ने।

कसूरसँग सम्बन्धित भए पनि अदालतमा पेश गर्ने अवधीसम्म नासिने बिग्रने वा सुरक्षा / संरक्षण गर्न नसकिने सम्पत्तिका हकमा जिल्ला अदालत, विभाग, जिल्ला प्रशासन कार्यालय समेतसँग समन्वय गरी त्यस्ता सम्पत्तिको बिस्तृत विवरण तयार गरी मूल्य खुलाई त्यस्तो मूल्य बराबरको रकम धरौटीमा राखी वा माथवर

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

G:\My Drive\प्रशासन शाखा आ.व. २०७९ । ८०\पत्रहरु\परिपत्र.docx

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(............................ शाखा)

पत्र संख्या :-

चलानी नं. :- १६६२

रामशाहपथ, काठमाडौं

मिति :-............................

मानिसको जिम्मा लगाई त्यस्तो सम्पत्ति नासिन, बिग्रीन नपाउने गरी व्यवस्थापन गर्न गराउनका लागि सहजिकरण गर्ने।

त्यसैगरी कसूरसंग सम्वन्धित कुनै दसी जफतको मागदावी लिनु पर्दा कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को प्रयोग गर्ने।

**निर्देशन नं. २४: कर्तव्यको उजुरी परेको ज्यान सम्बन्धी कसूरको मुद्दा चलाउने हदम्याद सम्बन्धमा**

साबिक मुलुकी ऐन, २०२० को ज्यान सम्बन्धीको महलको २० नं. तथा हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा १८७ को उपदफा (३) मा भएको कानूनी व्यवस्था बमोजिम ज्यान सम्बन्धी कसूरमा कर्तव्यको उजुरी परेको तर अनुसन्धानबाट कर्तव्यवाला यही हो भन्ने पत्ता नलागेको अवस्थामा मात्र बीस वर्षको हदम्याद हुने सीमा रहेको छ। कसैको नाम किटान गरी कर्तव्यको उजुरी परेको वा अनुसन्धान गर्दा कर्तव्यवाला पत्ता लागेको वा कसूरदार आफै साबित भएको अवस्थामा हदम्यादको सीमा नरही जहिलेसुकै पनि हदम्याद रहन्छ। तसर्थ ज्यान सम्बन्धी कसूरको वारदातमा उल्लिखित अवस्था अर्थात् कर्तव्यमा उजुरी परेको तर अनुसन्धानबाट कर्तव्यवाला यही हो भन्ने पत्ता लाग्न नसकेको अवस्थामा बीस वर्ष भित्र मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने। कर्तव्यवाला किटान गरी उजूरी परेको वा कर्तव्यमा उजूरी परेको बीस वर्ष भित्र अनुसन्धानबाट कर्तव्यवाला यही हो भनी पत्ता लागेको वा कसूरदार आफै साबित भई पोलेको अवस्थामा जहिलेसुकै मुद्दा चलाउन सकिने हुँदा सोही अनुसार गर्ने गराउने।

**निर्देशन नं २५: पुनरावेदन सम्बन्धी कारबाही अगाडि नबढाई तोक आदेश गरी लगत कट्टा गर्ने सम्बन्धमा:**

मातहत कार्यालयबाट पुनरावेदन गर्ने नगर्ने प्रस्ताव सहित प्राप्त कतिपय मिसिल अध्ययन गर्दा पुनरावेदन सम्बन्धी कारवाही गर्न नपर्ने विषयमा समेत पुनरावेदन नगर्ने प्रस्ताव सहित निकासाका लागि महान्यायाधिवक्ताको कार्यालयमा मिसिल प्राप्त हुने गरेको सन्दर्भमा देहाय बमोजिम गर्ने:-

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८३४
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

G:\My Drive\प्रशासन शाखा आ.व. २०७९।८०\पत्रहरु\परिपत्र.docx

# महान्यायाधिवक्ताको कार्यालय

(.................................. शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :-

चलानी नं. :- १६६२

मिति :-..............................

(क) मुलुकी अपराध संहिता, २०७४ लागू हुनु भन्दा पहिले अभियोजन गरिएका मुद्दामा हाल फैसला हुँदा संहिता बमोजिम अभियोग मागदावी गरिए भन्दा कम सजाय भएतापनि केही नेपाल कानूनलाई संशोधन, एकिकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम कम सजाय हुने कानूनी व्यवस्था रहेकाले यस्ता फैसला उपर पुनरावेदन सम्बन्धी कारवाही नगरी कार्यालय प्रमुखले सोही व्यहोराको तोक आदेश गरी लगत कट्टा गर्ने।

(ख) कुनै मुद्दामा मागदावी बमोजिम कसूर कायम भएको तर कानूनले तोकेको सजायको सीमा भित्र रही स्वविवेकीय अधिकार अन्तर्गत सजाय तोकेको विषयमा पुनरावेदन गर्नुपर्ने मनासिब आधार कारण देखिई पुनरावेदन गर्नु पर्ने अवस्थामा पुनरावेदनको मस्यौदा गरी पठाउने तर यस्तो मुद्दामा पुनरावेदन गर्नु नपर्ने देखिएकोमा पुनरावेदन नगर्ने सम्बन्धी प्रस्ताव पठाउन नपर्ने। पुनरावेदन नगर्ने आधार र कारण खुलाई कार्यालय प्रमुखले तोक आदेश गरी मुद्दाको लगत कट्टा गर्ने।

(ग) कुनै मुद्दामा फैसला हुनु अगावै प्रतिवादीको मृत्यु भई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ को उपदफा (१) बमोजिम अदालतबाट अभियोग माग दावी खारेज भएकोमा उपदफा (२) बमोजिम बिगो वा क्षतिपूर्ति भराउनु पर्ने अवस्था नरहे नभएकोमा पुनरावेदन सम्बन्धी कारवाही नगरी कार्यालय प्रमुखले सोही बमोजिम तोक आदेश गरी मुद्दाको लगत कट्टा गर्ने।

(घ) कुनै मुद्दामा कुनै प्रतिवादीका हकमा यस अघि अदालतमा अर्को कुनै मुद्दा चलेको भन्ने आधारमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४४, लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १६ बमोजिम थप सजायको माग दावी लिएकोमा अदालतबाट फैसला हुँदा यस्ता प्रतिवादीले अघि सजाय नपाएको भन्ने आधारमा माग दावी बमोजिम थप सजाय नगरेकोमा प्रचलित कानून

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

C:\My Drive\प्रशासन शाखा आ.व. २०७९।८०\पत्रहरू\परिपत्र.docx

महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(.............................. शाखा)

पत्र संख्या :-
चलानी नं. :- १8६२

रामशाहपथ, काठमाडौं
मिति :-..............................

बमोजिम थप सजाय गर्नलाई प्रतिवादीले अघि कुनै मुद्दामा सजाय पाएको हुनुपर्ने अनिवार्य व्यवस्था गरेको देखिंदा यस्ता माग दावी नठहरेको हकमा पुनरावेदन सम्बन्धी कारबाही गर्न उपयुक्त नहुने भएकाले सोही व्यहोराको तोक आदेश गरी लगत कट्टा गर्ने।

(ङ) अर्धन्यायिक निकाय वा अधिकारी जस्तै डिभिजनल वन अधिकृत, प्रमुख जिल्ला अधिकारी लगायतका कानूनले तोकेको अर्धन्यायिक निकाय वा अधिकारीले गरेको फैसला उपर जिल्ला अदालतमा कानून बमोजिम पुनरावेदन परी सो अदालतबाट समेत सुरु फैसला सदर भएको र न्याय प्रशासन ऐन, २०७३ को दफा ८ को उपदफा (३) को खण्ड (ख) र (ग) को अवस्था विद्यमान नभएका मुद्दाहरुमा उच्च अदालतमा पुनरावेदन वा निवेदन लाग्न सक्ने कानूनी व्यवस्था देखिँदैन। तसर्थ यस्ता मुद्दाहरुमा भएको फैसला कानूनतः अन्तिम हुने भई पुनरावेदकीय कारबाही गर्नुपर्ने अवस्था नभएकोले जिल्ला सरकारी वकील कार्यालयको प्रमुखले सोही व्यहोरा जनाई तोक आदेश गरी लगत कट्टा गर्ने।

**निर्देशन नं. २६: पुनरावेदन गर्ने हदम्याद सम्बन्धमा:-**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ को उपदफा (४) मा "यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि फैसला भएको मितिले एक वर्षको अवधि नाघेपछि पक्षले फैसला भएको स्वतः थाहा पाएको मानिने छ" भन्ने कानूनी व्यवस्था रहेको छ। सो सम्बन्धमा गाण्डिव काफ्ले विरुद्ध उच्च अदालत पाटन समेत भएको बन्दीप्रत्यक्षीकरण मुद्दा (०७८-WH-०१७६) मा सर्वोच्च अदालतबाट मिति २०७८/०१/०८ मा भएको आदेशमा फैसलाको पूर्ण पाठ तयार भई प्रमाणीकरण भएको दिनलाई फैसला भएको मिति मानिने भन्ने व्याख्या भएको छ। तसर्थ फैसलाको पूर्ण पाठ तयार भई प्रमाणिकरण भएको मितिले एक वर्ष पुग्ने मिति भन्दा अगावै फैसलाको जानकारी प्राप्त गरी पुनरावेदन/निवेदन सम्बन्धी कारबाही भई नसकेको भए मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

G:\My Drive\(प्रशासन शाखा आ.व. २०७९।८०\पत्रहरु\परिपत्र.docx

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(.................................. शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :-

चलानी नं. :- १८६२

मिति :-...............................

१३४ को उपदफा (४) को कानूनी व्यवस्था तथा सर्वोच्च अदालतबाट माथि उल्लिखित मुद्दामा भएको व्याख्यालाई ध्यानमा राखी फैसलाको जानकारी प्राप्त नभएको भएपनि अदालतबाट फैसला भई फैसलाको पूर्ण पाठ तयार भई प्रमाणीकरण भएको मितिबाट एक वर्ष व्यतित भएपछि सोही संहिताको दफा १३४ को उपदफा (१) अनुसारको पुनरावेदन/निवेदन म्याद कायम गरी पुनरावेदन/निवेदन सम्बन्धी कारवाही गर्ने गराउने।

**निर्देशन नं. २७: साक्षी उपस्थित गराउने एवं सोधपुछ तथा जिरह गर्ने सम्बन्धमा:-**

नेपाल सरकार बादी भई दायर भएका मुद्दाहरूमा अदालतमा बकपत्रका लागि साक्षी उपस्थित गराउने र सरकारी वकील उपस्थित भई बादीका साक्षीलाई सोधपुछ र प्रतिवादीका साक्षीलाई जिरह गर्ने कार्य प्रभावकारी रुपमा हुन नसकेको भन्ने गुनासो आउने गरेको छ। अदालतबाट साक्षी उपस्थित गराउन पटक-पटक आदेश हुँदा समेत साक्षी उपस्थित नगराउने वा निष्कृय रहने परिपाटीलाई अन्त्य गर्न जरुरी छ। तसर्थ अदालतबाट आदेश भई तोकिएको मितिमा अनिवार्य रूपमा साक्षी उपस्थित गराउने, त्यसरी साक्षी उपस्थित गराउन नसकिएमा फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम ३० बमोजिम गर्ने गराउने तथा साक्षी बकपत्र गराउदा अनिवार्य रुपले सरकारी वकील स्वयं उपस्थित भई प्रभावकारी रुपमा बादीका साक्षीसँग सोधपुछ र प्रतिवादीका साक्षीसँग जिरह गर्ने।

**निर्देसन नं. २८: कसूरजन्य कार्यको आरोप लागेका बालबालिकालाई नियन्त्रण लिने सम्बन्धमा**

लक्ष्मी (नानी) थापा विरुद्ध रुकुम जिल्ला अदालत, रुकुम पश्चिम समेत भएको बन्दीप्रत्यक्षीकरण समेत (रिट नं. ०७६-WH-०३८०) मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७७।०३।२१ मा "अब उप्रान्त कसूरजन्य कार्यको आरोप लगाई नियन्त्रणमा लिएका बालबालिकालाई अनुसन्धानको लागि निगरानी कक्षमा राख्न अदालतको अनुमति माग गर्दा अनिवार्य रूपमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २१ को उपदफा (७) बमोजिम एक पटकमा पाँच दिनमा नबढ्ने गरी बढीमा एकाईस दिनसम्म म्याद थपको माग गर्ने, निजहरुको तत्काल सोधपुछ

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

E:\My Drive\प्रशासन शाखा\आ.व. २०७७।८०\पत्रहरु\परिपत्र.docx

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(.................................... शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :-

चलानी नं. :- १६६२

मिति :-...............................

गराउन र सोही कसूरमा अन्य उमेर पुगेका व्यक्ति भए निजहरुको छुट्टै मिसिल खडा गर्न आवश्यक व्यवस्था मिलाउन भनी सबै जिल्ला सरकारी वकील कार्यालय तथा प्रहरी कार्यालयहरुलाई सूचित गर्न महान्यायाधिवक्ताको कार्यालयलाई जानकारी दिनु" भन्ने निर्देशनात्मक आदेश भएकोले उक्त निर्देशनात्मक आदेश बमोजिम गर्ने गराउने।

निर्देशन नं. २९: **कसूरको अनुसन्धानको दायरामा आएका बालबालिका विरूद्ध अभियोजन गर्दा र पुनरावेदन सम्वन्धी कारवाही गर्दा छुट्टै मिसिल तयार गर्ने सम्बन्धमा**

अभियोजन गर्दा अभियोजन गरिएका सबै व्यक्तिको उमेर खुलेको आधिकारिक कागज मिसिलमा राख्नुपर्ने कानूनी व्यवस्था रहेको छ। आरोपित बालबालिका र बालबालिका हुन भन्ने विश्वास गर्ने मनासिब आधार भएका व्यक्तिको उमेर खुलेको आधिकारिक कागज कतिपय मिसिलमा संलग्न रहेको पाइदैन। बालबालिकालाई वयस्क देखाई बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ प्रतिकूल उमेर पुगेका व्यक्तिसँगै अभियोजन गर्ने कार्य कार्बाहीयोग्य विषय भएको (०७८- WH-०१९१) तर्फ ध्यानाकर्षण गराउँदै बालबालिका संलग्न कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाका हकमा उक्त नियमावलीको नियम ११ बमोजिम छुट्टै अभियोजन गर्ने / गराउने।

बालबालिका र बयस्कलाई एउटै अभियोगपत्रबाट मुद्दा चलाइएको भएमा मुद्दा पुर्पक्षको क्रममै रहेको भए अदालतसँग समन्वय गरी बालबालिकाको हकमा तत्काल छुट्टै मिसिल तयार गरी बाल न्याय कार्यविधिको अवलम्बन गरी बाल इजलासबाट मुद्दाको सुनुवाई हुने व्यवस्था गर्न पहल गर्ने।

बालबालिका र वयस्क व्यक्तिका हकमा एउटै मुद्दाबाट फैसला भइसकेको भए बालबालिकाको हकमा छुट्टै नक्कल मिसिल तयार गरी बाल न्याय कार्यविधि अवलम्बन गरी पुनरावेदन सम्वन्धी कारवाही गर्ने।

निर्देशन नं. ३०: **बालबालिका विरुद्धका कसूरमा बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम अभियोजन गर्ने सम्बन्धमा:-**

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

G:\My Drive\प्रशासन शाखा आ.व. २०७९।८०\पत्रहरु\परिपत्र.docx

महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(........................... शाखा)
रामशाहपथ, काठमाडौं

पत्र संख्या :-
चलानी नं. :- १८६२
मिति :-

मुलुकी अपराध संहिता, २०७४ को दफा २२५ मा बाल यौन दुरुपयोग सम्बन्धी कसूर र सजायको व्यवस्था गरिए तापनि सो संहिता सामान्य कानून हो। हाल बालबालिका विरुद्ध हुने कसूरजन्य कार्यलाई विस्तृत रुपमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ मा बाल हिंसा र बाल यौन दुर्व्यवहार गरी अलग अलग कसूरको व्यवस्था भएको र सोही ऐनको दफा ७२ मा सजाय सम्बन्धी व्यवस्था गरिएको छ। साथै सोही ऐनको दफा ६७ को उपदफा (२) मा बाल यौन दुर्व्यवहारको कसूर ठहर भएमा स्वतः नैतिक पतन कायम हुने व्यवस्था समेत भएको हुँदा बालबालिका विरुद्ध हुने कसूरमा अभियोजन गर्दा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ अनुसार अभियोजन गर्ने / गराउने।

**निर्देशन नं. ३१: मुद्दाको लगत कट्टा गर्ने सम्बन्धमा:-**

नेपाल सरकार वादी भई चलेका, नेपाल सरकारको हक हित वा सरोकार रहेका वा नेपाल सरकार उपर परेका मुद्दा तथा निवेदनको दायरी लगत कट्टा गर्ने सम्बन्धमा अन्तिम आदेश वा फैसला मिति वा त्यस्तो आदेश वा फैसला प्राप्त गरेको मितिका आधारमा लगत कट्टा गर्ने सम्बन्धमा सरकारी वकील कार्यालयहरुमा एकरुपता नभएको अनुगमन तथा निरीक्षणको क्रममा देखिएको हुँदा अदालतबाट सुनुवाइ भई अन्तिम आदेश वा फैसला भएको मितिलाई आधार मानी दायरी रजिष्टरमा मुद्दाको लगत कट्टा गरी तथ्यांक र मुद्दाको कारवाहीको विवरण अद्यावधिक गर्ने।

**निर्देशन नं. ३२: रिट निवेदनको मिसिल र अभिलेख व्यवस्थापन गर्ने सम्बन्धमा:-**

नेपाल सरकार उपर परेको रिट निवेदनमा अदालतबाट सो निवेदनमा सुनुवाइ भई अन्तिम आदेश भए पछि सो रिट निवेदन सम्बद्ध सक्कल फाइल सम्बन्धित निकायमा फिर्ता गरी सोको अभिलेख राख्ने । रिट निवेदनको मिसिल विपक्षी निकायमा फिर्ता पठाउने । निवेदनमा विपक्षी बनाइएका धेरै निकाय भएमा निवेदनसँग प्रत्यक्ष सरोकार राख्ने निकायमा फिर्ता पठाइ सोको अभिलेख राख्ने ।

**निर्देशन नं. ३३: सरकार वादी मुद्दाको मिसिल र अभिलेख व्यवस्थापन गर्ने सम्बन्धमा:-**

नेपाल सरकार वादी भई चलेका वा नेपाल सरकार उपर परेका मुद्दामा अदालतबाट अन्तिम फैसला भए पश्चात सम्बन्धित मिसिलमा रहेको अभियोगपत्र, तहगत

☎: ४२०००००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज ... ४२००८२४, ४२००८३४
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np
G:\My Drive\प्रशासन शाखा\आ.व. २०७९।८०\पत्रहरु\परिपत्र.docx

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(.............................. शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :-

चलानी नं. :- १६६२

मिति :-..............................

अदालतबाट भएका फैसलाको प्रतिलिपि समेत समावेश गरी अलग्गै फाइल खडा गरी सो मूल मिसिल अनुसन्धान गर्ने निकायमा पठाइ सोको अभिलेख राख्ने।

२०८०।०२।०२

(लोकराज पराजुली)
सहन्यायाधिवक्ता

अवगतार्थ:
माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय,
श्रीमान् नायब महान्यायाधिवक्ताज्यूहरु।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

G:\My Drive\प्रशासन शाखा आ.व. २०७९।८०\पत्रहरु\परिपत्र.docx

# महान्यायाधिवक्ताको कार्यालय

(............कर्मचारी प्रशासन............ शाखा)

पत्र संख्या :- ०८०/०८१ (निर्देशन)

रामशाहपथ, काठमाडौं

चलानी नं. :- ६५८

मिति :- २०८०/०८/०४

विषयः निर्देशन सम्बन्धमा।

उच्च सरकारी वकील कार्यालय, सबै।
विशेष सरकारी वकील कार्यालय, काठमाडौं।
जिल्ला सरकारी वकील कार्यालय, सबै।

महान्यायाधिवक्ताको कार्यालय, व्यवस्थापन समितिको निर्णय समेतका आधारमा माननीय महान्यायाधिवक्ताज्यूबाट मिति २०८०/०८/०४ मा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ बमोजिम निम्न निर्देशन जारी भएको छ। साथै प्रस्तुत निर्देशन यस कार्यालयको च.नं. १७६३ मिति २०७८/०१/०२, च.नं. १९७४ मिति २०७८/०३/२९ र च.नं. १६७३ मिति २०८०/०२/०२ को पत्रबाट जारी निर्देशनको निरन्तरता भएकाले यस अघि जारी भएका उल्लिखित निर्देशनहरु र प्रस्तुत निर्देशन कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गरिन्छ।

निर्देशन नं. ३४: सहकारी ठगी मुद्दाको मिलापत्र सम्बन्धमा:-

विनोद थापा मगर विरुद्ध महान्यायाधिवक्ताको कार्यालय समेत भएको बन्दीप्रत्यक्षीकरण (०७९-WH-००७७) समेतको रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट भएको परमादेश तथा महान्यायाधिवक्ताको कार्यालयको मिति २०८०/०४/०४ को निर्णय बमोजिम गठित समितिले पेश गरेको सरकार वादी फौजदारी मुद्दामा मिलापत्रको क्षेत्र विस्तार सम्बन्धी अध्ययन प्रतिवेदनले सहकारी ठगी अन्तर्गत सहकारी संस्था वा सहकारीका संचालकबाट सर्वसाधारण व्यक्तिको हानि नोक्सानी भएका मुद्दा समेत मिलापत्र गर्न सकिने गरी क्षेत्र विस्तार गर्न उपयुक्त हुने भनी उल्लेख गरेको कुरा समेतलाई विचार गर्दा सहकारी संस्था वा त्यसका संचालक वा कर्मचारीबाट सर्वसाधारण व्यक्तिको सम्पत्तिको हानि नोक्सानी हुनेगरी ठगी गरेकोमा सहकारी ऐन अन्तर्गत

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(......कर्मचारी प्रशासन...... शाखा)

पत्र संख्या :- ०८०/०८१ (निर्देशन)

चलानी नं. :-

रामशाहपथ, काठमाडौं

मिति :- २०८०/०८/०४

अभियोगपत्र दायर भएको मुद्दामा समेत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ तथा यस कार्यालयवाट मिलापत्र सम्वन्धमा जारी मापदण्ड समेतको अधीनमा रही मिलापत्र सम्वन्धी कारवाही अगाडि वढाउने।

२०८०।८।४।२

(खेमराज ज्ञवाली)
सहन्यायाधिवक्ता

अवगतार्थ:

माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय।
श्रीमान् नायव महान्यायाधिवक्ताज्यूहरु।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

# ६. महान्यायाधिवक्ताको कार्यालयसँग सम्बन्धित परिपत्रहरु

**महान्यायाधिवक्ताको कार्यालय**

(कर्मचारी प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७९/०८०

चलानी नं. :- २०२२

मिति :- २०८०/०३/०६

<u>विषय: अभियोग पत्र अपलोड सम्बन्धमा।</u>

उच्च सरकारी वकील कार्यालय, सबै।

विशेष सरकारी वकील कार्यालय, काठमाडौं।

जिल्ला सरकारी वकील कार्यालय, सबै।

सरकारी वकील कार्यालयहरूवाट अभियोगपत्र आफ्नो कार्यालयको तथा महान्यायाधिवक्ताको कार्यालयको वेभसाइटमा अनिवार्य रुपमा अपलोड गर्नका लागि यस कार्यालयवाट निर्देशन जारी गरिएकोमा सो को अनलाइन अनुगमन गर्दा देखिएको २०८० बैशाख देखि ऐ. असार ५ गतेसम्मको अवस्थाको विवरण पाना ९ यसैसाथ संलग्न छ। सबै कार्यालयहरूले यो विवरण गम्भिरतापूर्वक अध्ययन गर्न, अभियोग पत्र अपलोड नगर्ने कार्यालयहरूले तुरुन्त अपलोड गर्न तथा अपलोड भएका अभियोगपत्रहरू अध्यन गर्दा देखिएका कैफियत एवं त्रुटी सुधार गर्नेतर्फ ध्यान दिनका लागि जानकारी गराईन्छ। साथै उच्च सरकारी वकील कार्यालयहरूले मातहतका जिल्ला सरकारी वकील कार्यालयहरूवाट यस सम्बन्धमा भएको कार्यको अनुगमन गरी आवश्यक निर्देशन दिनुहुनका लागि समेत जानकारी गराईन्छ।

२०८०/०३/०६

(लोकराज पराजुली)
सहन्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेवसाइट: www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(.......कर्मचारी प्रशासन........ शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७९/०८०

चलानी नं. :- ३०९५

मिति :- २०८०/०३/२६

विषयः अधिकार प्रत्यायोजन भए बमोजिम गर्ने/गराउने सम्बन्धमा।

श्रीमान् नायब महान्यायाधिवक्ताज्यूहरु, महान्यायाधिवक्ताको कार्यालय,
श्री उच्च सरकारी वकील कार्यालय सबै,
श्री विशेष सरकारी वकील कार्यालय काठमाडौं,
श्री जिल्ला सरकारी वकील कार्यालय सबै।

नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी माननीय महान्यायाधिवक्ताबाट आफूमा निहित अधिकार मातहतका सरकारी वकीलले प्रयोग र पालना गर्ने गरी यस अघी प्रत्यायोजन भएको अधिकारमा मिति २०८०/०४/०१ बाट लागू हुने गरि देहाय बमोजिम हेरफेर गर्ने गरी मिति २०८०/०३/२१ मा निर्णय भएकोले सो बमोजिम गर्न/गराउनका लागि अनुरोध गरिन्छ।

क. मुद्दा चलाउने/नचाउने निर्णय गर्ने/नगर्ने तथा मिलापत्र गर्न आदेश दिने/नदिने सम्बन्धमाः

१. खण्ड ७१) सङ्ख्या २, मिति २०७८/०१/१३को नेपाल राजपत्रभाग ४ मा प्रकाशित सूचनाको,-

(क) प्रकरण १ को खण्ड (ङ) र (च) को सट्टा देहायका खण्ड (ङ) र (च) राखिएका छनः-

"(ङ) खण्ड (क) बमोजिम प्राप्त मिसिल मध्ये आत्महत्या एवं प्रतिवादी नहुने प्रकृतिका अन्य ज्यान मुद्दा, वारदातवाट कसूर भएको देखिएको तर प्रतिवादी खुल्न नआएका अन्य मुद्दा र प्रतिवादी खुलेको भए पनि निजको मृत्यु भइसकेको मुद्दामा मुद्दा नचलाउने अन्तिम निर्णय जिल्ला सरकारी वकील कार्यालयको प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले गर्ने,

(च) सुरक्षित कारोवार ऐन, २०६३ बमोजिमको कसूर सम्बन्धी मुद्दा र बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) मा उल्लिखित कसूर बाहेक सो ऐन बमोजिमका अन्य कसूर सम्बन्धी मुद्दामा काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका हकमा अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई अनुसन्धान प्रतिवेदनसहित मुद्दा चल्ने वा नचल्ने

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(.................................... शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०६९/०८०

चलानी नं. :- ३०६५

मिति :-..................................

ख. पुनरावेदन गर्ने/नगर्ने सम्बन्धमा:

तीन वर्ष वा सो भन्दा कम कैद सजाय वा पच्चिस लाख रुपैया सम्म विगो दावी लिई अभियोग पत्र दायर भएको मुद्दामा जिल्ला अदालतवाट भएको फैसला उपर पुनरावेदन नगर्ने अन्तिम निकासा उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले दिने।

पुनश्च: माथि खण्ड क मा उल्लेख भएको अधिकार प्रत्यायोजन सम्बन्धमा खण्ड ७३) सङ्ख्या १७ मिति २०८०/०३/२५ को नेपाल राजपत्र भाग ४ मा सूचना प्रकाशन भएको तथा उच्च अदालत र विशेष अदालतमा विचाराधिन मुद्दामा क्रमश: उच्च सरकारी वकिल कार्यालय र विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्तले मिलापत्र गर्न आदेश दिन सक्ने अधिकार खण्ड ७१) सङ्ख्या २, मिति २०७८/०१/१३ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयको सूचनाको प्रकरण १ को देहाय खण्ड (ञ) मा उल्लेख भए बमोजिम निजको अनुपस्थितिमा सहन्यायाधिवक्ताको हैसियतमा कामकाज गर्ने सरकारी वकीलले प्रयोग गर्न सक्ने व्यहोरा समेत अनुरोध छ।

अवगतार्थ:

माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय।

२०८०/०३/२६

.....................

(लोकराज पराजुली)

सहन्यायाधिवक्ता

सहन्यायाधिवक्ता

फोन: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(......कर्मचारी प्रशासन...... शाखा)

पत्र संख्या :-०८०/०८१

रामशाहपथ, काठमाडौं

चलानी नं :- ४६

मिति :२०८०/०४/११

**विषय: नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा मिलापत्र गर्ने आदेश गर्दा अपनाउनु पर्ने मापदण्ड सम्बन्धमा।**

उच्च सरकारी वकील कार्यालय, सबै।
विशेष सरकारी वकील कार्यालय, काठमाडौं।
जिल्ला सरकारी वकील कार्यालय, सबै।

सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (१) बमोजिम सबै सरकारी वकील कार्यालयहरूले प्रयोग तथा पालना गर्नेगरी माननीय महान्यायाधिवक्ताज्यूबाट मिति २०८०/०४/११ को निर्णयबमोजिम जारी भएको नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा मिलापत्र गर्ने आदेश गर्दा अपनाउनुपर्ने मापदण्ड पाना ५ (पाँच) यसैसाथ संलग्न छ। उक्त मापदण्ड बमोजिम मिलापत्र सम्बन्धी काम कारवाही गर्न गराउनका लागि अनुरोध गरिन्छ। साथै मातहतका सरकारी वकील कार्यालयहरूबाट मिलापत्र सम्बन्धमा भएको काम कारवाहीको अनुगमन तथा सहजीकरण गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयमा देहाय बमोजिमको समिति गठन भएकोले सो सम्बन्धी काम कारवाहीमा कुनै कठिनाई वा द्विविधा भएमा उक्त समितिका पदाधिकारीसँग सम्पर्क गर्नुहुन एवं आ-आफ्नो कार्यालयबाट भएको मिलापत्र सम्बन्धी आदेश यस कार्यालयको इमेल ठेगाना (milapatra@ag.gov.np) मा पठाउनका लागिसमेत सोही निर्णय बमोजिम अनुरोध गरिन्छ।

समिति:

| सि.नं. | नाम,थर | पद | जिम्मेवारी | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | श्री लोकराज पराजुली | सहन्यायाधिवक्ता | संयोजक | ९८५१३११०१७/ ९८५१२१४४७७ |
| २. | श्री सोमकान्ता भण्डारी | सहन्यायाधिवक्ता | सदस्य | ९८४१३८४९९३ |
| ३. | श्री निमा घिमिरे | उपन्यायाधिवक्ता | सदस्य | ९८४१४९८८२८ |
| ४. | श्री बाबुराम भट्टराई | सहायक न्यायाधिवक्ता | सदस्य | ९८४१३७३३९९ |

(बाबुराम भट्टराई)
सहायक न्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

सरकार वादी फौजदारी मुद्दामा मिलापत्र गर्ने आदेश गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ र सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ३३ को अधीनमा रही देहाय बमोजिमको मापदण्डका आधारमा गर्नु पर्नेछः

१. सरकार वादी फौजदारी मुद्दा मध्ये मिलापत्र हुने प्रकृतिका मुद्दामा मिलापत्रका लागि पेश भएको निवेदन बमोजिमको मुद्दा सम्बन्धित कार्यालयमा चालु अवस्थामा रहे नरहेको यकिन गरेर मात्र दर्ता गर्ने,
२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) मा उल्लेखित मिलापत्र हुने प्रकृतिको (सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी वा वैदेशिक रोजगार सम्बन्धी कसूर वा बैंकिङ्ग कसूर अन्तर्गतको चेक बाउन्स आदि) मुद्दा भए नभएको यकिन गर्ने,
३. मिलापत्र गर्न पेश भएको संयुक्त निवदेनमा देहायका कुराहरु भए नभएको यकिन गर्ने:
   (क) मिलापत्रको निवेदनमा पीडित र प्रतिवादीहरुको हस्ताक्षर र सहिछाप,
   (ख) पीडित र प्रतिवादी बीच के कस्तो शर्तमा मिलापत्र गर्न मञ्जुर भएको हो सो विषय मिलापत्रको निवेदनमा स्पष्ट रुपमा उल्लेख भएको,
   (ग) पीडित र प्रतिवादीको पहिचान खुल्ने आधिकारिक कागजात वा परिचयपत्र संलग्न भएको,
   (घ) मिलापत्र गर्दा पीडितले प्रतिवादीबाट बिगो, हर्जाना तथा अन्य रकम कुन कुन प्रतिवादीबाट कुन कुन पीडितले के कसरी प्राप्त गरेको हो वा गर्ने हो स्पष्ट उल्लेख भएको,
   (ङ) मिलापत्रको संयुक्त निवेदनमा उल्लेख गरे बमोजिमका कागजात तथा अवस्था भए नभएको यकिन गर्ने,
४. मिलापत्रको निवेदन बमोजिम पीडित र प्रतिवादीलाई मिलापत्रको मतलब र परिणाम समेत जानकारी गराउने,
५. मिलापत्रको प्रकृया अगाडि बढाउन मञ्जुर भए पीडित र प्रतिवादीको सनाखत गराई तोकिएको सरकारी वकीलले सहिछाप गर्ने,
६. सनाखत गर्ने सरकारी वकीलले सनाखत गर्दा नाम, पद, कार्यालय र मिति समेत उल्लेख गरी कार्यालयको छाप समेत लगाउने,
७. अभियोगपत्र दायर गर्दा पीडितलाई प्रतिवादीबाट प्रचलित कानून बमोजिम बिगो, हर्जाना तथा अन्य रकम भराउन मागदाबी गरिएको भए पनि पीडित र प्रतिवादी बीच मिलापत्र गर्दा अभियोगपत्रमा उल्लेख गरे भन्दा कम बिगो, हर्जाना तथा अन्य रकम बुझाउने गरी वा पूरै बिगो, हर्जाना तथा

(२)

अन्य रकम छाडि मिलापत्र गर्न पीडित र प्रतिवादी सहमत भई सो व्यहोरा निवेदनमा उल्लेख गरी निवेदन दिएको अवस्थामा सो बमोजिम मिलापत्र गर्न आदेश दिन सकिने,

८. मिलापत्र गराउन आदेश दिन सकिने प्रकृतिका सरकार वादी फौजदारी मुद्दामा प्रतिवादीको पुनरावेदन परेको तर प्रत्यर्थी झिकाउने आदेश नभई सकेको अवस्थामा पनि मिलापत्र सम्बन्धी प्रकृया अगाडि बढाउन सकिने (महान्यायाधिवक्ताको कार्यालयको मिति २०७७।१२।०६ को निर्देशन नं. ३ मा यस सम्बन्धमा उल्लेख गरिएको),

९. एक भन्दा बढी पीडित भएको मुद्दामा मिलापत्र सम्बन्धी प्रकृया अगाडि बढाउँदा महान्यायाधिवक्ताको कार्यालयको मिति २०७७।१२।०६ को निर्देशन नं. ४ अनुसार प्रचलित कानून बमोजिम मिलापत्र हुने प्रकृतिका मुद्दामा धेरै पीडितहरु रहेका तर केही पीडितले मात्र जाहेरी दिएको वा मुद्दामा सरोकार देखाएको अवस्थामा अदालत वा सरकारी वकील कार्यालयबाट खोजी गर्दा उपस्थित नहुने वा मुद्दासँग सरोकार नराख्ने पीडितहरुले मिलापत्रको लागि निवेदन नदिएको भए पनि मुद्दामा सरोकार राख्ने पीडित आफैले वा सम्पर्कमा आएका वा नआएका पीडितका तर्फबाट पीडितका एकासगोलका परिवारका सदस्य वा कानून बमोजिमका संरक्षकले आ आफ्नो हकमा मिलापत्र गर्न निवेदन दिएमा सम्बन्धित सरकारी वकील कार्यालयले मिलापत्रको प्रकृया अगाडि बढाउने। सम्पर्कमा नरहेका वा सम्पर्कमा आउने अवस्था नदेखिएका पीडितका हकमा त्यस्ता पीडितहरुको नोक्सानी भए अनुसारको रकम, सोमा कानून बमोजिम लाग्ने हर्जाना र अन्य खर्च समेत प्रतिवादीले सुरक्षित राखेको (धरौटी वा अन्य उपायबाट) र त्यस्ता पीडितहरु पछि सम्पर्कमा आएका बखत त्यस्तो रकम प्राप्त गर्न सक्ने देखिएमा उपस्थित भएका पीडित र प्रतिवादीको निवेदन परेमा समेत मिलापत्रको लागि कारवाही अगाडि बढाउने।

१०. एक भन्दा बढी प्रतिवादी भएका मुद्दामा प्रतिवादीहरु मध्येका कुनै व्यक्तिले मात्र मिलापत्रको प्रकृयामा सहमत भई पीडितसँग मिलापत्रको संयुक्त निवेदन दिएको तर कुनै प्रतिवादी फरार रहेको वा मुद्दा मुलतबीमा रहेको वा मिलापत्रको प्रकृयामा सहभागी नभएको अवस्थामा पीडितले त्यस्ता प्रतिवादीका हकमा समेत दावी छाडि मिलापत्र गर्न मञ्जुर रहेको व्यहोरा स्पष्ट उल्लेख गरेको अवस्थामा मिलापत्र गर्न सकिने गरी आदेश दिने,

११. एक भन्दा बढी पीडित वा प्रतिवादी भएका मुद्दामा बुदा नं. ९ र १० को अवस्थामा बाहेक कुनै पीडित वा प्रतिवादी बीचमा मात्र (आंशिक मुद्दा) मिलापत्र गर्ने गरी मिलापत्र नगर्ने,

१२. मिलापत्रको निवेदन दिन स्वयम् पीडित वा प्रतिबादी उपस्थित हुन नसक्ने अवस्था भएकोमा सोको आधार कारण उल्लेख गरी प्रमाण सहित मिलापत्र गर्ने प्रयोजनका लागि पीडितले निजको नजिकको हकवालालाई मंजुरिनामा दिएको अवस्थामा मिलापत्रको प्रकृया अगाडि बढाउने,

(३)

१३. मिलापत्रको निवेदनमा उल्लेख गरे बमोजिम पीडितलाई प्रतिवादीले बुझाउनु पर्ने बिगो, हर्जाना तथा अन्य रकम बुझाउँदा दस लाख रुपैंयासम्म भएमा पीडितले सो रकम बुझेको भरपाइ वा कागज संलग्न भए नभएको यकिन गर्ने,

१४. मिलापत्रको निवेदनमा उल्लेख गरे बमोजिम पीडितलाई प्रतिवादीले बुझाउनु पर्ने बिगो, हर्जाना तथा अन्य रकम लेनदेन गर्दा दस लाख रुपैया भन्दा बढी विगोका हकमा बैंकिंग प्रणाली वा विद्युतीय माध्यम मार्फत बुझाएको देखिने निस्साको सक्कल प्रति (बैंक भौचर, बैंक स्टेटमेन्ट, रसिद आदि) भएमा मात्र मिलापत्रको प्रकृया अगाडि बढाउने,

१५. प्रतिवादीले अदालतबाट भएको आदेश बमोजिम धरौटी राखेको र पीडितलाई बुझाउनु पर्ने बिगो, हर्जाना तथा अन्य रकम सो धरौटी रकमबाट लिनेदिने शर्त राखी मिलापत्र गर्न पीडित र प्रतिवादी सहमत भई निवेदन दिएमा सो बमोजिम मिलापत्रको प्रकृया अगाडि बढाउने,

१६. पीडितलाई बुझाउनु पर्ने बिगो, हर्जाना तथा अन्य रकम वापत प्रतिवादीले रकमको सट्टामा जग्गा वा अन्य सम्पत्ति दिने शर्त गरी मिलापत्र गर्न पीडित र प्रतिवादी सहमत भई निवेदन दिएमा सो बमोजिमको अवस्था भएको मिसिलबाट देखिएमा सिलापत्रको प्रकृया अगाडि बढाउने,

१७. प्रतिवादी र पीडित बीच पीडितलाई बुझाउनु पर्ने बिगो, हर्जाना तथा अन्य रकम अदालतमा मिलापत्र गर्दाका बखत रकम लेनदेन गर्न शर्त राखी मिलापत्रको निवेदन दिएकोमा मिलापत्रको प्रकृया अगाडि बढाउने,

१८. मिलापत्र हुने नहुने आदेश कार्यालय प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकीलबाट मात्र गर्ने,

१९. मिलापत्रको निवेदन सनाखत भएको मितिले सामान्यतया तीन दिन भित्र मिलापत्र सम्बन्धी निर्णय गर्नु पर्ने,

२०. मिलापत्रको आदेश दिने निर्णय भए वा नभएको जानकारी पीडित र प्रतिवादीलाई गराई मिसिल संलग्न गर्ने,

२१. मिलापत्रको आदेश दिने निर्णय भएकोमा सो आदेशको प्रतिलिपि र आवश्यक कागजात सम्बन्धित अदालतमा यथाशीघ्र पेश गर्ने,

२२. मिलापत्र हुने गरी आदेश भएकोमा सोको आदेश पर्चा अनुसूची १ र तथ्यांकको विवरण अनुसूची २ बमोजिम गरी अभिलेख राखे,

२३. मिलापत्रको आदेश दिने सम्बन्धी कार्य गर्दा प्रचलित कानूनी व्यवस्थाको अधीनमा रही यस मापदण्ड बमोजिम गर्ने गराउने ।

(६)

अनुसूची १

श्री .......... वकील कार्यालय, ..........

मिलापत्रको आदेश सम्बन्धी निर्णय

आर्थिक वर्षः

निर्णय नं.:-

१. जाहेरवालाको नामः ..........

२. वारदात मिति र स्थानः ..................................................

३. प्रतिवादीको नाम, थरः ....................

४. मिलापत्रको निवेदन दर्ता मितिः ...............

५. दर्ता नंः ....................

६. मुद्दाः- ..........

७. मुद्दा विचाराधीन रहेको अदालतः- ..........

८. अदालतको मुद्दा नंः ....................

९. सनाखत गर्न तोकिएको सरकारी वकीलः

पद : ..........          सनाखत मितिः ..........

१०. राय पेश गर्न तोकिएको सरकारी वकीलः

पद : ..........          राय पेश गरेको मितिः ..........

११. कार्यालय प्रमुख समक्ष प्राप्त मितिः ..........

१२. मिलापत्र सम्बन्धमा भएको निर्णय व्यहोराः ..............................................................................................................................................................................................................................................................................................................................................................................................................................................................................................................................................................

हस्ताक्षर ..............................

आदेश दिने सरकारी वकीलको नामः ................

पदः ................

मितिः ................

( ५ )

अनुसूची २

..... सरकारी वकील कार्यालय ..........

मिलापत्र सम्बन्धमा भएका कारवाहीको विवरण

| सि नं | जाहेरवालाको नाम | प्रतिवादीको नाम | मुद्दा | अदालतको मुद्दा नं. | पीडितको संख्या | प्रतिवादीको संख्या | मिलापत्रको आदेशको निर्णय | | अदालतबाट मिलापत्र | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | हुने | नहुने | भएको | नभएको | |
| १. | | | | | | | | | | | |
| २. | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | |



# महान्यायाधिवक्ताको कार्यालय

(........कर्मचारी प्रशासन........ शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०८०/०८१

चलानी नं. :- १८२

मिति :- २०८०/०५/०४

विषय: प्रदेश सरकार तथा स्थानीय तहको लिखित जवाफ तथा प्रतिरक्षा सम्बन्धमा।

श्री उच्च सरकारी वकील कार्यालय, सबै।
श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै।

यस कार्यालयको व्यवस्थापन समितिको मिति २०७५/०५/२७ को निर्णयानुसार सरकारी वकील कार्यालयले गर्नुपर्ने लिखित जवाफ तथा प्रतिरक्षा सम्बन्धी काम कारबाहीका सम्बन्धमा प.सं. ०७५/०७६ चं.नं. ४७२ मिति २०७५/०५/२९ र पं.सं. ०७५/०७६ च.नं. ७७१ मिति २०७५।०५।२९ बाट निम्नानुसार परिपत्र जारी गरिएको व्यहोरा अवगत नै हुनुपर्दछः-

१. नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निज मातहतका सरकारी वकिलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिनेछ भनी नेपालको संविधानको धारा १५८ को उपधारा (२) मा उल्लिखित व्यवस्था अनुसार सरकारी वकीलहरुले नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेका मुद्दा, संघीय कानून बमोजिम स्थापित कार्यालयहरु तथा त्यस्ता कार्यालयहरुमा कार्यरत रहँदाका बखत आफ्नो कार्य सम्पादनको सिलसिलामा संघीय निजामती कर्मचारीले गरेको कुनै कामको सम्बन्धमा त्यस्ता कर्मचारी उपर परेको मुद्दामा त्यस्ता कार्यालय तथा कर्मचारीको तर्फबाट लिखित जवाफ पेश गर्ने, प्रतिनिधित्व गर्ने वा बहस पैरवी गर्ने गराउने।(प.सं. ०७५/०७६ च.नं. ४७२ मिति २०७५/०५/२९ को परिपत्र)
२. स्थानीय तहको तर्फबाट मुद्दामा प्रतिरक्षा गर्ने, लिखित जवाफ तयार गर्ने, कानूनी परामर्श दिने, कुनै कानूनी लिखत तयार गर्ने तथा त्यस्तो लिखत दायर गर्ने कार्य नगर्ने, नगराउने।

उपरोक्तानुसारको परिपत्र जारी भएको भएपनि अद्यापि स्थानीय तह तथा प्रदेश सरकारका कार्यालयमा कार्यरत संघीय निजामती कर्मचारीका तर्फबाट सरकारी वकील कार्यालयले लिखित जवाफ पेश गर्ने नगर्ने र सरकारी वकीलहरुले प्रतिरक्षा गर्ने नगर्ने भन्ने बारेमा दुविधा रहेको देखिएकोले उक्त

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(............कर्मचारी प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०८०/०८१

चलानी नं. :- १८२

मिति :- २०८०।५।१४

परिपत्र अनुसार त्यस्ता संघीय निजामती कर्मचारीको तर्फबाट लिखित जवाफ पेश गर्ने तथा प्रतिरक्षा गर्ने कार्य नगर्न, नगराउन पुनः स्पष्ट पारिएको व्यहोरा निर्देशानुसार जानकारी गराईन्छ।

बोधार्थ:

**श्री सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौं:** मिति २०७५/०५/२९ मा यस कार्यालयबाट मातहतका सरकारी वकील कार्यालयहरुलाई जारी गरीएको प.सं. ०७५/०७६ च.नं. ४७१ र ४७२ का परिपत्रहरुको प्रतिलिपि यसैसाथ संलग्न रहेको व्यहोरा समेत अनुरोध छ।

(बाबुराम भट्टराई)
सहायक न्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(.......कर्मचारी प्रशासन..... शाखा)

नेपाल

पत्र संख्या :- ०८०/०८१ (परिपत्र) रामशाहपथ, काठमाडौं

चलानी नं. :- ५१४ मिति :- २०८०/०६/०४

विषय: पुनरावेदन सम्बन्धी कारवाही उचित समयमा सम्पन्न गर्ने सम्बन्धमा।

उच्च सरकारी वकील कार्यालय, सबै।

विशेष सरकारी वकील कार्यालय, काठमाडौं।

जिल्ला सरकारी वकील कार्यालय, सबै।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ को उपदफा (४) ले उक्त संहिताको अनुसूची १ र २ मा उल्लिखित सरकार वादी फौजदारी मुद्दामा थाहा पाएको मानिने मिति तथा पुनरावेदन/निवेदन गर्ने म्याद सम्बन्धमा गरेको कानूनी व्यवस्था तथा तत् सम्बन्धमा थप स्पष्ट पारी ०७८-WH-०१७६ नं. को बन्दी प्रत्यक्षीकरण मुद्दामा सर्वोच्च अदालतबाट मिति २०७८/०१/०८ मा भएको आदेश समेतको रोहमा उक्त कानूनी व्यवस्था तथा आदेशलाई ध्यानमा राखी पुनरावेदन/निवेदन सम्बन्धी कारवाही उचित समयमै सम्पन्न गर्नका लागि यस कार्यालयको प.सं. ०७९/८० (निर्देशन) च.नं. १६७३ मिति २०८०/०२/०२ को पत्रबाट जारी भएको निर्देशन नं. २६ को बारेमा जानकारी भएकै हुनुपर्दछ।

कतिपय सरकारी वकील कार्यालयले अदालतबाट पठाइएको फैसलाको जानकारी बुझ्न विलम्ब गरी पुनरावेदन/निवेदन सम्बन्धी कारवाही उचित समयमा गर्ने नगरेको भन्ने गुनासो यस कार्यालयमा आउने गरेको छ। पुनरावेदन/निवेदन सम्बन्धी कारवाहीका लागि यस कार्यालयमा प्राप्त हुने कतिपय मिसिलहरू सम्बद्ध कागजातहरू मिसिलमा संलग्न नराखी म्याद नघाएर आउने गरेको पाइएकाले उक्त गुनासो गलत हो भन्न सकिने अवस्था पनि छैन। त्यसर्थ यस कार्यालयबाट जारी भएका पूर्व निर्देशन/परिपत्र समेतलाई ध्यानमा राखी पुनरावेदन/निवेदन म्याद व्यतित नहुनेतर्फ सजग रही पुनरावेदन/निवेदन सम्बन्धी कारवाही उचित समयमा सम्पन्न गर्न मिति २०८०/०५/१९ को निर्णयानुसार पुनः जानकारी गराइन्छ। साथै हालसम्म पुनरावेदन/निवेदनको म्याद बाँकी नरहेको मुद्दामा पुनरावेदन/निवेदन गर्ने नगर्ने निकासाका लागि

☎: ४२००८००, ४२००८०१, ४२००८११, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(........कर्मचारी प्रशासन...... शाखा)

पत्र संख्या :- ०८०/०८१(परिपत्र)

रामशाहपथ, काठमाडौं

चलानी नं. :-

मिति :- २०८०/०६/०४

यस कार्यालयमा नपठाई सम्बन्धित उच्च तथा विशेष सरकारी वकील कार्यालयले देहाय बमोजिम गर्न गराउनका लागि समेत सोही मितिको निर्णयानुसार जानकारी गराइन्छ:

१. आफू मातहतका जिल्ला सरकारी वकील कार्यालय र आफ्नो कार्यालयका समेत हालसम्म पुनरावेदन गर्ने म्याद समाप्त भईसकेका के कति मुद्दा (फैसला) छन् फैसला गर्ने अदालतवाट अभिलेख भिडाई यकिन गर्ने/गराउने,

२. पुनरावेदनको म्याद समाप्त भईसकेका मुद्दाहरू यस कार्यालयमा निकासाको लागि नपठाई सोही व्यहोरा प्रमाणित गरी सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने उच्च सरकरी वकील कार्यालयका प्रमुखले प्रमाणित गरी यस्ता मुद्दाको विवरण यस कार्यालयमा पठाउने,

३. कानून र माथी उल्लिखित प्रतिपादित सिद्धान्तको पालना नगरी पुनरावेदन गर्ने म्याद व्यतित गराउनमा को कुन कर्मचारी वा सरकारी वकीलको संलग्नता रहेको देखिन्छ सो को आधार र कारण सहित नाम नामेसी खुलाई पेश गर्ने,

४. अब उप्रान्त कानून बमोजिम पुनरावेदन गर्ने म्याद ननाघ्ने व्यवस्था मिलाउन कार्यालय प्रमुखलाई जिम्मेवार बनाई, गैर जिम्मेवार पूर्ण काम गर्ने अधिकारीलाई कानून बमोजिम विभागीय कारवाहीको प्रकृया अगाडी बढाउने,

५. माथी प्रकरण नं. १,२,३ र ४ बमोजिमको कार्य यो पत्र प्राप्त भएको मितिले १५ दिन भित्र सम्पन्न गर्ने।

(बाबुराम भट्टराई)
सहायक न्यायाधिवक्ता

<u>अवगतार्थ:</u>
माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय।
श्रीमान् नायब महान्यायाधिवक्ताज्यूहरू।
<u>बोधार्थ:</u>
पुनरावेदन शाखा, महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

# ७. नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०८०[∝]

प्रस्तावना: नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी काम कारबाहीलाई सरल, स्पष्ट र व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९७ को उपदफा (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताको राय लिई नेपाल सरकारले यो निर्देशिका बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस निर्देशिकाको नाम "नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन सम्बन्धी निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अभियुक्त" भन्नाले कुनै कसूरमा संलग्न भएको भनी आरोपित व्यक्ति सम्झनु पर्छ।

(ख) "कसूर पीडित" भन्नाले अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २ को खण्ड (ञ) बमोजिमको पीडित सम्झनु पर्छ।

(ग) "जाहेरी दरखास्त" भन्नाले मुद्दासँग सम्बन्धित कसूरका सम्बन्धमा आफूसँग भएको प्रमाण सहित कसूर सम्बन्धी विवरण खुलाई संहिताको दफा ४ बमोजिम दिएको जाहेरी दरखास्त वा कसूरको सूचना सम्झनु पर्छ र सो शब्दले कसूरका सम्बन्धमा दिएको प्रहरी प्रतिवेदन वा कुनै कार्यालयले दिएको कसूरको जानकारी सम्बन्धी पत्रलाई समेत जनाउँछ।

(घ) "दोभाषे" भन्नाले दफा ३१ बमोजिम सेवा लिइएको व्यक्ति सम्झनु पर्छ।

---

∝ नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०।०८।२१ को निर्णयबाट स्वीकृत भएको।

(ङ) "नियमावली" भन्नाले कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ सम्झनु पर्छ।

(च) "मुद्दा" भन्नाले संहिताको अनुसूची-१ वा अनुसूची-२ मा उल्लिखित नेपाल सरकार वादी हुने फौजदारी मुद्दा सम्झनु पर्छ।

(छ) "संहिता" भन्नाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ सम्झनु पर्छ।

## परिच्छेद-२

## जाहेरी दरखास्त दर्ता र तामेली

३. **जाहेरी दरखास्त दर्ता:** कुनै कसूरको सम्बन्धमा प्राप्त जाहेरी दरखास्त वा सूचना दर्ता गर्दा संहिताको दफा ४ तथा नियमावलीको नियम ३, ४ र ५ मा भएको व्यवस्थाको अधीनमा रही देहाय बमोजिम समेत गरी दर्ता गर्नु पर्नेछः-

(क) कुनै कार्यालय वा निकायको प्रतिवेदन वा पत्रमार्फत कुनै कसूरको सम्बन्धमा प्राप्त हुन आएको सूचनालाई समेत जाहेरी दरखास्तको रूपमा दर्ता गर्नु पर्ने,

(ख) खण्ड (क) बमोजिम प्राप्त प्रतिवेदन वा पत्रका सम्बन्धमा अनुसन्धानको लागि सम्बन्धित निकाय वा कार्यालयबाट थप विवरण माग गर्न सकिने,

(ग) दर्ता हुन आएका जाहेरी दरखास्त सम्बन्धी कसूरको अनुसन्धान गर्ने अधिकारी वा कार्यालयका सम्बन्धमा कुनै द्विविधा भएमा सम्बन्धित सरकारी वकील कार्यालयको समन्वयमा यकिन गर्नु पर्ने।

४. **जाहेरी दरखास्त तामेलीमा राख्ने:** कुनै कसूरको सम्बन्धमा प्राप्त जाहेरी दरखास्त तामेलीमा राख्ने सम्बन्धी व्यवस्था कार्यान्वयन गर्दा संहिताको दफा ११ र नियमावलीको नियम १६ मा भएको व्यवस्थाको अधीनमा रही देहाय बमोजिम गर्नु पर्नेछः-

(क) तीन दिनभित्र त्यस्तो जाहेरी दरखास्त तामेलीमा राख्ने सम्बन्धी प्रतिवेदन पेश गर्न सम्भव नभएमा सोको आधार र कारण खोली मनासिब समयभित्र प्रतिवेदन पेश गर्न सकिने,

(ख) जाहेरी दरखास्त तामेलीमा राख्ने निर्णय भएमा सम्बन्धित सरकारी वकील कार्यालयले सोको जानकारी यथाशीघ्र सम्बन्धित अनुसन्धान अधिकारी, उच्च सरकारी वकील कार्यालय र महान्यायाधिवक्ताको कार्यालयलाई दिनु पर्ने,

(ग) खण्ड (ख) बमोजिम जाहेरी दरखास्त तामेलीमा राख्ने निर्णय प्राप्त भएपछि संहिताको अनुसूची-१ अन्तर्गतको कसूरको हकमा सम्बन्धित प्रहरी कार्यालयले र संहिताको

अनुसूची-२ अन्तर्गतको कसूरको हकमा सम्बन्धित कार्यालयले सोको जानकारी जाहेरी दरखास्त वा सूचना गर्ने व्यक्तिलाई दिनु पर्ने।

## परिच्छेद-३

## कसूरको अनुसन्धान

५. <u>घटनास्थलको सुरक्षा गर्ने तथा कसूर गर्ने व्यक्ति उम्कन नपाउने व्यवस्था गर्नेः</u> (१) प्रहरी कार्यालय वा प्रहरी कर्मचारीले मुद्दासँग सम्बन्धित कुनै कसूर भएको, भइरहेको वा हुन लागेको जानकारी पाएमा घटनास्थलको सुरक्षा गरी कसूरसँग सम्बन्धित कुनै प्रमाण लोप वा नाश हुन नदिने र कसूर गर्ने व्यक्ति भाग्न, उम्कन नपाउने व्यवस्था गर्नका लागि संहिताको दफा ६ मा भएको व्यवस्थाको अधीनमा रही देहाय बमोजिमका कार्य समेत गर्नु पर्नेछः-

(क) घटनास्थलमा पुगेको मिति, समय र अवस्था टिपोट गर्ने,

(ख) घटनास्थलको सुक्ष्म अवलोकन गरी कसूरसँग सम्बन्धित प्रमाण वा वस्तु पहिचान गर्ने,

(ग) घटनास्थलको फोटो तथा श्रव्य दृश्य (भिडियो) लिने,

(घ) घटनास्थलमा सुरक्षाकर्मी परिचालन गरेर घटनास्थल मुचुल्का वा बरामदी मुचुल्का नभएसम्म घटनास्थलको घेराबन्दी (कोर्डन) गरी सुरक्षा गर्ने,

(ङ) घेराबन्दी गरिएको घटनास्थलभित्र घटनास्थल मुचुल्का सम्पन्न नभएसम्म अनुसन्धान गर्न खटिएको कर्मचारी बाहेक कुनै पनि पदाधिकारी वा अन्य व्यक्तिलाई प्रवेश गर्न नदिने,

(च) पीडित वा घटनाको बारेमा जानकार व्यक्तिको पहिचान गरी कसूरसँग सम्बन्धित विवरण प्राप्त गर्ने,

(छ) घटनास्थलमा फेला परेका घाईते व्यक्तिलाई उपचारका लागि तुरुन्त अस्पताल पठाउने,

(ज) कुनै व्यक्तिले मृत्यु हुनुभन्दा पहिले मृत्युको कारणका सम्बन्धमा आफ्नो भनाई (मृत्युकालीन घोषणा) राख्न सक्ने अवस्था भएमा उपचार गर्ने स्वास्थ्यकर्मी वा उपलब्ध व्यक्तिको रोहबरमा कागज गर्ने र यसरी कागज गर्दा सम्भव भएसम्म श्रव्य दृश्य (भिडियो)को साधनबाट समेत अभिलेख राख्ने,

(झ) अपराधमा संलग्न अभियुक्त तत्काल फेला परे नियन्त्रणमा लिने,

(ञ) घटनास्थलमा फेला परेका दसी, उपस्थित पीडित, साक्षी तथा अभियुक्त समेतलाई सुरक्षा प्रदान गर्ने,

(ट) घटनास्थलको अनुसन्धान गर्न अनुसन्धान अधिकारी सहितको अनुसन्धान टोलीलाई तुरुन्तै खबर गर्ने।

(२) मुद्दासँग सम्बन्धित कसूरको सूचना कुनै प्रहरी कार्यालयले पाएकोमा सो कार्यालयले त्यस्तो कसूरका सम्बन्धमा प्रारम्भिक कारबाही गरी सम्बन्धित कार्यालय वा अनुसन्धान अधिकारी समक्ष तुरुन्त पठाउनु पर्नेछ।

६. <u>**अख्तियारवाला समक्ष लेखी पठाउने:**</u> संहिताको दफा ६ को उपदफा (५) बमोजिम कुनै निकाय वा अधिकारीले मद्दत नगरेमा सम्बन्धित अधिकारीलाई आवश्यक कारबाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउन सकिनेछ।

७. <u>**अनुसन्धान अधिकारी तोक्ने:**</u> (१) संहिताको अनुसूची-१ मा उल्लिखित कसूरको अनुसन्धानको लागि अनुसन्धान अधिकारी तोक्ने सम्बन्धमा संहिताको दफा ८ को उपदफा (१) मा उल्लिखित व्यवस्थाको अधीनमा रही देहाय बमोजिम गर्नु पर्नेछः-

(क) दफा ३ बमोजिम दर्ता भएको जाहेरी दरखास्तको सम्बन्धमा अनुसन्धान गर्न सम्बन्धित प्रहरी कार्यालयको प्रमुखले अनुसन्धान अधिकारी र सम्भव भएसम्म घटनास्थल अनुसन्धान अधिकृत (सिन अफ क्राईम अफिसर) सहित अन्य सहयोगी कर्मचारी समेत तोक्नु पर्ने,

(ख) खण्ड (क) बमोजिम अनुसन्धान अधिकारी तोकिएको जानकारी सम्बन्धित सरकारी वकील कार्यालयलाई यथाशीघ्र दिनु पर्ने।

(२) संहिताको अनुसूची-२ मा उल्लिखित कसूरको अनुसन्धान गर्न संहिताको दफा ८ को उपदफा (७) बमोजिम प्रमुख जिल्ला अधिकारीबाट अनुसन्धान अधिकारी तोकिएकोमा सोको जानकारी सम्बन्धित सरकारी वकीललाई समेत यथाशीघ्र दिनु पर्नेछ।

८. <u>**अनुसन्धान अधिकारीले अनुसन्धान गर्ने:**</u> (१) संहिताको अनुसूची-१ मा उल्लिखित कसूरको अनुसन्धानका लागि तोकिएको अनुसन्धान अधिकारी वा कर्मचारीले आफूलाई तोकिएको मुद्दाको अनुसन्धानको कार्य गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष अवस्था सिर्जना भई त्यसरी तोकिएको अनुसन्धान अधिकारी परिवर्तन गर्नु पर्ने भएमा सम्बन्धित अधिकारीले कारण खुलाई अर्को अनुसन्धान अधिकारी तोक्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अर्को अनुसन्धान अधिकारी तोकिएको जानकारी सम्बन्धित सरकारी वकील कार्यालयमा तुरून्त गराउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम तोकिएको अनुसन्धान अधिकारीलाई साविकको अनुसन्धान अधिकारीले आफूले सम्पादन गरेको अनुसन्धान सम्बन्धी वस्तुस्थिति उल्लेख गरी सङ्कलित कागज प्रमाण बुझाई सोको भरपाई लिनु पर्नेछ।

९. <u>घटनास्थल मुचुल्का तयार गर्ने:</u> (१) घटनास्थल मुचुल्का तयार गर्ने सम्बन्धमा संहिताको दफा ८ को उपदफा (२), (३), (४), (५) र (६), दफा १९ को उपदफा (१) र (२) तथा नियमावलीको नियम १७ मा भएको व्यवस्थाको अधीनमा रही देहाय बमोजिम गर्नु पर्नेछः-

(क) घटनास्थलमा सम्भव भएसम्म विशेषज्ञ समेतको अनुसन्धान टोली खटाउनु पर्ने,

(ख) अनुसन्धानमा खटिएको अनुसन्धान अधिकारी सहितको टोलीले घटनास्थल जाँच गर्दा भौतिक सबुद प्रमाणको खोजी गर्ने क्रममा पहिचान भएका भौतिक सबुद प्रमाणको सिरियल नम्बर वा अन्य सङ्केत सूचक वस्तुद्वारा देखाई सोको प्रत्येक भौतिक सबुदको फोटो लिई घटनास्थलको रेखाचित्रण तयार गरी सबुद प्रमाण सङ्कलन गर्नु पर्ने,

(ग) घटनास्थलमा कसूरसँग सम्बन्धित दसीको मालसामान र अन्य कुनै प्रमाण वा वस्तु फेला पारेमा संहिताको अनुसूची -१३ बमोजिमको ढाँचामा खानतलासी तथा बरामदी मुचुल्का खडा गरी त्यस्ता मालवस्तु आफ्नो कब्जामा लिई सोको भरपाई सम्बन्धित व्यक्तिलाई दिनु पर्ने,

(घ) खण्ड (ग) बमोजिम बरामद गरी सङ्कलन गरिएको दसी प्रमाण, सामान वा वस्तुको प्रकृति अनुसार ननासिने र नबिग्रिने गरी सुरक्षित रूपमा खामबन्दी गरी सबुद प्रमाणको श्रृङ्खला कायम गर्नु पर्ने,

(ङ) घटनास्थल मुचुल्का तयार गर्दा सो ठाउँको सम्भव भएसम्म श्रव्य दृश्य (भिडियो) समेत लिनु पर्ने,

(च) घटनास्थलबाट सबुद प्रमाण सङ्कलन गर्दा सम्भव भएसम्म सो सम्बन्धी तालिम प्राप्त घटनास्थल अनुसन्धान अधिकृत (सिन अफ क्राइम अफिसर) ले गर्नु पर्ने,

(छ) घटनास्थलबाट सङ्कलन गरिने प्रत्येक भौतिक सबुद प्रमाणलाई छुट्टाछुट्टै उपयुक्त भाँडोमा प्याकिङ्ग गरी एउटा सबुद अर्को सबुदसँग मिसिन गई दूषित (कन्टामिनेट) हुनबाट बचाउनु पर्ने,

(ज) भौतिक सबुद प्रमाणलाई सिलबन्दी गरी भाँडो बाहिर भौतिक सबुद प्रमाणको सम्पूर्ण विवरण उल्लेख गरिएको नामपत्र (लेबल) टाँसी सम्बन्धित अधिकृतले हस्ताक्षर गर्नु पर्ने,

(झ) आवश्यकता अनुसार भौतिक सबुद प्रमाण र अभियुक्तको खोजीमा तालिम प्राप्त कुकुरको समेत प्रयोग गर्न सकिने।

(२) घटनास्थलबाट दसीको मालसामान र कसूरसँग सम्बन्धित प्रमाण वा वस्तु तत्काल आफ्नो जिम्मा वा कब्जामा लिन सकिने अवस्था नभएमा त्यस्तो चीज वा वस्तुलाई सुरक्षित साथ राख्नको लागि सम्बन्धित अनुसन्धान अधिकारीले स्थानीय तह वा अन्य कुनै कार्यालयलाई अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध गरिएमा सम्बन्धित स्थानीय तह वा कार्यालयले पनि त्यस्तो मालसामान वा प्रमाण जिम्मा लिई त्यसको भरपाई दिनु पर्नेछ।

१०. <u>खानतलासी गर्न जाँदा तलासी दिने:</u> संहिताको दफा १८ बमोजिम खानतलासी गर्नको लागि खानतलासी गर्ने ठाउँमा प्रवेश गर्नुअघि अनुसन्धान अधिकारीका साथै खानतलासीको काममा निजलाई मद्दत गर्न खटिएका अन्य कर्मचारी तथा रोहबरमा रहने व्यक्तिले समेत सम्बन्धित घरधनी वा व्यक्तिलाई आफ्नो तलासी दिनु पर्नेछ।

११. <u>मुचुल्का खडा गर्दा रोहबरमा राख्नु पर्ने:</u> (१) कसूरको अनुसन्धान गर्दा खडा गर्नु पर्ने मुचुल्कामा रोहबरमा बस्ने व्यक्तिको सम्बन्धमा संहिताको दफा १९ मा भएको व्यवस्थाको अधीनमा रही देहाय बमोजिम गर्नु पर्नेछः-

(क) मुचुल्का तयार भएपछि सो मुचुल्का गर्दा देख्ने साक्षी र रोहबरमा बस्ने व्यक्तिको परिचयात्मक विवरण तथा सम्पर्क गर्न सकिने फोन नम्बर उल्लेख गरी सहिछाप गराई काम तामेल गर्ने कर्मचारीले समेत आफ्नो वैयक्तिक विवरण त्यस्तो मुचुल्कामा उल्लेख गरी सहिछाप गरी राख्नु पर्ने,

(ख) यस दफा बमोजिम रोहबरमा राख्ने प्रयोजनका लागि सम्बन्धित अधिकारीले मुचुल्का गर्न जानुअघि सम्बन्धित स्थानीय तहको सदस्यलाई खटाई पठाइदिन त्यस्तो स्थानीय तहलाई अनुरोध गर्नु पर्ने,

(ग) खण्ड (ख) बमोजिम स्थानीय तहको सदस्य उपलब्ध नहुने भएमा अनुसन्धान अधिकारीले कुनै कर्मचारी खटाईदिन कुनै सरकारी कार्यालयलाई अनुरोध गर्नु पर्ने,

(घ) प्रचलित कानून बमोजिम रोहबरमा बसी सहिछाप गर्नु पर्ने कर्तव्य भएका व्यक्ति तथा स्थानीय तहका पदाधिकारी वा सरकारी कर्मचारीले रोहबरमा बसी सहिछाप गर्नु पर्ने,

(ङ) कानून बमोजिम तयार गरिने मुचुल्कामा रोहबरमा बस्नु पर्ने कर्तव्य भएका व्यक्तिले त्यस्तो मुचुल्कामा सहिछाप गर्न इन्कार गरेमा सम्बन्धित अधिकारीले सोही व्यहोरा उल्लेख गरी मुचुल्कामा रोहबरमा नबसेको वा सहिछाप नगरेको व्यहोरा खुलाई कैफियत जनाई उपस्थित अन्य दुई जना व्यक्तिको सहिछाप गराई आफूले पनि सहिछाप गरी मुचुल्का तयार गर्नु पर्ने।

(२) मनासिब कारण बिना उपदफा (१) को खण्ड (ङ) बमोजिम रोहबरमा नबस्ने सरकारी कर्मचारीलाई अनुसन्धान अधिकारीले विभागीय कारबाहीका लागि सम्बन्धित अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ।

१२. <u>अभियुक्त पक्राउ गर्ने:</u> अभियुक्त पक्राउ गर्ने सम्बन्धमा संहिताको दफा ९, मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ३ तथा नियमावलीको नियम १२ र १३ मा भएको व्यवस्थाको अधीनमा रही देहाय बमोजिम गर्नु पर्नेछः-

(क) जरुरी पक्राउ पूर्जी दिई पक्राउ गरिएकोमा स्वीकृतिको लागि अदालतमा निवेदन दिनु अघि पक्राउ गरिएको चौबिस घण्टाभित्र पक्राउ गरिएको व्यक्तिलाई छाड्नु पर्ने देखिएमा जरुरी पक्राउ पूर्जी स्वीकृतिको लागि निवेदन दिनु नपर्ने,
तर त्यसरी पक्राउ गरी छाडिएको जानकारी अदालतलाई दिनु पर्नेछ।

(ख) कुनै व्यक्तिलाई जरुरी प्रकाउ पूर्जी दिई प्रकाउ गर्न वा अदालतको अनुमति लिई प्रकाउ गर्न देहायको अवस्था विद्यमान रहेको हुनु पर्नेः-

(१) कसूरमा संलग्न रहेको भन्ने विश्वास गर्ने मनासिब आधार रहेको,

(२) कसूरमा संलग्न रहेको भनी अन्य अभियुक्तको पोलबाट खुल्न आएको,

(३) अनुसन्धानको सिलसिलामा प्राप्त सबुद प्रमाणबाट कसूरमा संलग्न रहेको विश्वास गर्ने मनासिब आधार रहेको,

(४) पक्राउ नगर्दा भागी जाने सम्भावना रहेको।

१३. <u>प्रारम्भिक अनुसन्धान प्रतिवेदन र निर्देशन:</u> प्रारम्भिक अनुसन्धान प्रतिवेदन र निर्देशन सम्बन्धमा संहिताको दफा १० तथा नियमावलीको नियम १५ मा भएको व्यवस्थाको अधीनमा रही देहाय बमोजिम गर्नु पर्नेछः-

(क) कुनै कसूरका सम्बन्धमा जाहेरी दरखास्त दर्ता हुनासाथ त्यस्तो कसूरको अनुसन्धान गर्न तोकिएको अनुसन्धान अधिकारी वा कर्मचारीले तुरुन्त कसूरको प्रकृति अनुसार देहाय बमोजिम प्रारम्भिक अनुसन्धान गरी सबुद प्रमाण सङ्कलन गर्नु पर्नेः-

(१) घटनास्थल विवरण तथा कसूर भएको स्थानको वस्तुस्थिति समेत खुल्ने गरी घटनास्थल तथा वस्तुस्थिति मुचुल्का तयार गर्ने,

(२) खानतलासी वा बरामदी मुचुल्का तयार गर्ने,

(३) ज्यान मरेको कसूर भए लास जाँच मुचुल्का तयार गर्ने,

(४) घा जाँच, कसूर पीडितको शारीरिक जाँच र उपचार सम्बन्धी कार्य गराउने,

(५) अभियुक्त फेला परेमा तत्काल नियन्त्रणमा लिई निजको शरीरको तलासी लिने र शारीरिक जाँच गराउने,

(६) भौतिक वस्तु वा प्रमाण सङ्कलन गरी परीक्षणको लागि पठाउने,

(७) कसूरको प्रकृति अनुसार तयार गर्नु पर्ने प्रतिवेदन, मुचुल्का वा अन्य आवश्यक विवरण तयार गर्ने।

(ख) खण्ड (क) बमोजिमको प्रारम्भिक अनुसन्धान पश्चात सम्बन्धित अनुसन्धान अधिकारीले प्रारम्भिक अनुसन्धान सम्बन्धी संक्षिप्त विवरण सहितको प्रतिवेदन तीन दिनभित्र सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्ने,

(ग) खण्ड (ख) बमोजिम प्रारम्भिक अनुसन्धान प्रतिवेदन पठाउँदा प्रारम्भिक अनुसन्धानको क्रममा सङ्कलन भएका प्रमाण कागजातको प्रमाणित प्रतिलिपि समेत संलग्न गर्नु पर्ने,

(घ) खण्ड (ख) बमोजिम प्रारम्भिक अनुसन्धान प्रतिवेदन प्राप्त हुनासाथ सम्बन्धित सरकारी वकील कार्यालयले सो सम्बन्धी मुद्दाको विवरण अनुसूची-१ बमोजिमको ढाँचामा कसूर दर्ता किताबमा दर्ता गरी मिसिल खडा गर्नु पर्ने,

(ङ) खण्ड (घ) बमोजिम दर्ता भएको मुद्दाको अनुसन्धान सम्बन्धमा निर्देशन दिने लगायत आवश्यक कार्य गर्न सम्बन्धित सरकारी वकील कार्यालयको प्रमुखले कुनै सरकारी वकीललाई तोकी मिसिल जिम्मा दिनु पर्ने,

(च) खण्ड (ङ) बमोजिम मिसिल प्राप्त गरेपछि सम्बन्धित सरकारी वकीलले सो प्रतिवेदन अध्ययन गरी अनुसन्धान अधिकारीलाई निर्देशन दिन आवश्यक देखेमा त्यस सम्बन्धी विवरण खुलाई तीन दिनभित्र आवश्यक निर्देशन दिनु पर्ने,

(छ) अनुसन्धानको क्रममा रहेका मिसिल कागजातको संवेदनशीलतालाई विचार गरी सम्बन्धित सरकारी वकील तथा कर्मचारीले अनुसन्धानसँग सम्बन्धित मुद्दाको प्रचलित कानून बमोजिम गोप्यता कायम हुने व्यवस्था मिलाउनु पर्ने।

१४. <u>अनुसन्धान अधिकारीलाई निर्देशन दिँदा सरकारी वकीलले विचार गर्नु पर्ने विषयः</u> दफा १३ बमोजिम प्रारम्भिक अनुसन्धान प्रतिवेदन प्राप्त भएपछि वा कसूरको अनुसन्धानको क्रममा सम्बन्धित सरकारी वकीलले देहायका कुरा विचार गरी अनुसन्धान अधिकारीलाई आवश्यक निर्देशन दिनु पर्नेछः-

(क) अनुसन्धान अधिकारीले प्रारम्भिक अनुसन्धान प्रतिवेदन पठाउनुभन्दा पहिले गरेको अनुसन्धान प्रक्रियाको उपयुक्तताको विषय,

(ख) अनुसन्धानका क्रममा सङ्कलन गर्नु पर्ने प्रमाण कागज तथा प्रक्रियाको विषय,

(ग) पीडित वा अभियुक्त महिला वा कानूनको विवादमा परेका बालबालिका भएमा निजको पहिचान गोप्य राख्ने विषय,

(घ) पीडित तथा अभियुक्तको सुरक्षाको विषय,

(ङ) पीडित तथा अभियुक्तको अधिकारको संरक्षणको विषय,

(च) पीडितलाई आवश्यक परामर्श सेवा (काउन्सिलिङ) उपलब्ध गराउने विषय,

(छ) पीडित र अभियुक्तको शारीरिक परीक्षण गरी प्रतिवेदन प्राप्त गर्ने विषय,

(ज) कसूरसँग सम्बन्धित दसी प्रमाणको प्रभावकारी ढङ्गले खोजी गर्ने विषय,

(झ) कसूरको प्रकृति अनुसार पीडित वा अभियुक्तबाट रगत, वीर्य आदिको नमुना सङ्कलन गर्दा पूरा गर्नु पर्ने कानूनी प्रक्रियाको विषय,

(ञ) कसूरसँग सम्बन्धित दसी प्रमाण सङ्कलन गर्दा पुऱ्याउनु पर्ने रीत र कार्यविधिको पालनातर्फ अनुसन्धान अधिकारी सजग हुनु पर्ने विषय,

(ट) कसूरसँग सम्बन्धित भौतिक प्रमाण सङ्कलन गर्दा विशेषज्ञको संलग्नता, सहयोग र परामर्श जुटाउनु पर्ने विषय,

(ठ) कुनै विशेष कुरा बुझ्न आवश्यक देखिएको वा कुनै विशेष प्रमाण सङ्कलन गर्न आवश्यक देखिएको भए त्यस्तो विषय,

(ड) अनुसन्धान गर्दा कुनै विशेष कार्यविधि वा प्रक्रिया अपनाउनु पर्ने विषय,

(ढ) नमुना सङ्कलन गर्दा पीडित र अभियुक्तको अधिकारको सम्मान र संरक्षण गर्ने विषय,

(ण) सङ्कलित नमुना यथासमयमा जाँच गर्न पठाउने र प्रतिवेदन प्राप्त गर्ने विषय,

(त) दण्ड जरिबाना वा बिगो भराउने वा कसूर पीडितलाई क्षतिपूर्ति भराउने प्रयोजनको लागि अभियुक्तको सम्पत्ति विवरण लिने र रोक्का राख्ने विषय,

(थ) क्षतिपूर्तिको रकम निर्धारण गर्न आवश्यक कुरा बुझ्ने विषय,

(द) नबुझी नहुने व्यक्ति र अन्य प्रमाण सम्बन्धी विषय,

(ध) अनुसन्धान प्रक्रिया वा कानूनी व्यवस्थाबारे अनुसन्धान अधिकृतलाई द्विविधा परेको कुनै विषय,

(न) अन्य आवश्यक विषय।

१५. <u>पक्राउ भएको व्यक्तिलाई हिरासतमा राख्ने तथा हिरासत व्यवस्थापन सम्बन्धी व्यवस्थाः</u> पक्राउ भएको व्यक्तिलाई हिरासतमा राख्ने तथा हिरासत व्यवस्थापन सम्बन्धमा संहिताको दफा १३ तथा मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ६ मा भएको व्यवस्थाको अधीनमा रही देहाय बमोजिम गर्नु पर्नेछः-

(क) मुद्दाको अनुसन्धानको सिलसिलामा पक्राउ गरिएको व्यक्तिको मर्यादाको ख्याल गरी मानवोचित व्यवहारका साथ हिरासतमा राख्नु पर्ने,

(ख) महिला र पुरूषलाई अलग अलग हिरासत कक्षमा राख्नु पर्ने,

(ग) कानूनको विवादमा परेका बालबालिकालाई छुट्टाछुट्टै निगरानी कक्षमा बालमैत्री वातावरणमा राख्नु पर्ने,

(घ) हिरासतमा रहेको व्यक्तिले कानून व्यवसायी वा आफन्तसँग भेटघाट गर्न चाहेमा भेटघाटमा भएका कुरा अरुले सुन्न नसक्ने गरी भेटघाटको व्यवस्था मिलाउनु पर्ने,

(ङ) थुनुवासँग भेटघाट गर्ने दैनिक समय तालिका निर्धारण गरी जानकारीको निमित्त कारागारमा टाँस गर्नुका साथै थुनुवासँग भेटघाट गरेको विवरण देखिने अभिलेख किताब समेत राख्नु पर्ने,

(च) थुनुवा कक्षको बाहिर सबैले देख्ने ठाउँमा थुनुवाका संवैधानिक तथा कानूनी अधिकारका साथै थुनामा रहँदाका बखत पाउने सिदा तथा सुविधाका बारेमा उल्लेख गरिएको सूचना पाटी राख्नु पर्ने।

१६. <u>अनुसन्धानका लागि हिरासतमा राख्न सकिने अवधि र तत्सम्बन्धी कार्यविधिः</u> हिरासतमा राख्न सकिने अवधि र तत्सम्बन्धी कार्यविधि सम्बन्धमा संहिताको दफा १४, नियमावलीको नियम १९ तथा अन्य विशेष कानूनमा भएको व्यवस्थाको अधीनमा रही देहाय बमोजिम गर्नु पर्नेछः-

(क) कुनै व्यक्तिलाई कसूरको अनुसन्धानको लागि हिरासतमा राख्न पहिलो पटक म्याद थप गर्न अदालतमा निवेदन दिनुभन्दा अघि सम्बन्धित सरकारी वकीलले हिरासतमा राखिएको व्यक्ति उपर लगाइएको अभियोग, तत्सम्बन्धी कानून र मुद्दा हेर्ने अधिकारीका बारेमा यकिन भएर मात्र निवेदन दिनु पर्ने,

(ख) कुनै व्यक्तिलाई हिरासतमा राख्न म्याद थपको लागि अदालतमा पेश गर्ने प्रयोजनको लागि अनुसन्धान अधिकारीले सरकारी वकील समक्ष पेश गरेकोमा सम्बन्धित सरकारी वकीलले मिसिल कागजात अध्ययन गर्दा पक्राउ गरेको व्यक्तिलाई हिरासतमा राखी अनुसन्धान गर्नु पर्ने स्पष्ट आधार र कारण नदेखेमा त्यस्ता व्यक्तिबाट धरौट वा जमानत लिई वा निजलाई माथवर मानिसको जिम्मामा हाजिर जमानीमा छाडी वा तारिखमा राखी अनुसन्धान कार्य पूरा गर्न अनुसन्धान अधिकारीलाई निर्देशन दिन सक्ने,

(ग) पक्राउ गरेको व्यक्तिलाई हिरासतमा राख्ने म्याद थपको लागि अदालत समक्ष उपस्थित गराउने दिन सार्वजनिक बिदा परेको वा कुनै कारणले अदालत बन्द रहेको अवस्थामा अदालत खुलेको पहिलो दिन यथासम्भव छिटो उपस्थित गराउनु पर्ने,

(घ) हिरासतमा राख्न म्याद थपको लागि अदालतमा निवेदन पेश गर्दा सोसाथ सङ्कलित कागज प्रमाण तथा जाहेरी दरखास्त सहितको सक्कल मिसिल र पक्राउ गरिएको व्यक्तिलाई समेत पेश गर्नु पर्ने,

(ङ) खण्ड (घ) बमोजिम म्याद थपको लागि उपस्थित गराइएको व्यक्तिले आफ्नो शारीरिक परीक्षणको लागि अदालतमा निवेदन दिन चाहेमा अनुसन्धान अधिकारीले सहजीकरण गर्नु पर्ने,

(च) खण्ड (घ) बमोजिम म्याद थपको लागि अदालत समक्ष पेश गरिएकोमा म्याद थपको औचित्य पुष्टि गर्न आवश्यक भएमा सम्बन्धित सरकारी वकीलले बहस पैरवी गर्नु पर्ने,

(छ) कसूरको अनुसन्धानको सन्दर्भमा कुनै व्यक्तिलाई हिरासतमा राखी अनुसन्धान गर्नको लागि अदालतबाट म्याद थप भएको अवधिभित्र प्रभावकारी रूपमा अनुसन्धान कार्य पूरा गरी सम्भव भएसम्म छोटो अवधि हिरासतमा राख्ने तर्फ अनुसन्धान अधिकारी र सरकारी वकीलले ध्यान दिनु पर्ने,

(ज) संहिताको दफा १४ को उपदफा (७) बमोजिम संयुक्त प्रतिवेदन दिने प्रयोजनका लागि अनुसन्धान अधिकारीले प्रतिवेदनको मस्यौदा तयार गरी त्यसको विद्युतीय प्रति समेत सम्बन्धित सरकारी वकील समक्ष पेश गर्नु पर्ने र यसरी प्राप्त प्रतिवेदनको

मस्यौदामा सम्बन्धित सरकारी वकीलले आवश्यक परिमार्जन गरी आफू र अनुसन्धान अधिकारीको समेत दस्तखत गराई अदालतमा पेश गर्नु पर्ने।

१७. **<u>हाजिर जमानी दिने व्यक्तिलाई कागज गराउने:</u>** (१) संहिताको दफा १५ को उपदफा (१) बमोजिम हाजिर जमानीमा छोड्दा हाजिर जमानी दिने व्यक्तिलाई आफूले हाजिर जमानीमा लिएको व्यक्तिलाई खोजी भएका बखत उपस्थित नगराएमा सोही दफाको उपदफा (४) बमोजिम पचास हजार रुपैयाँसम्म जरिबाना हुन सक्ने व्यहोरा मञ्जुर छ भन्ने उल्लेख गरी अनुसन्धान अधिकारीले कागज गराउनु पर्नेछ।

(२) हाजिर जमानीमा लिएको व्यक्तिलाई उपस्थित गराउनुपर्ने अवस्था भएमा अनुसन्धान अधिकारी वा सरकारी वकीलले त्यस्तो व्यक्ति उपस्थित गराउनुपर्ने दिनभन्दा कम्तीमा सात दिन अघि त्यस्तो व्यक्तिलाई उपस्थित गराउनुपर्ने स्थान र मिति तोकी लिखित रूपमा हाजिर जमानी लिने व्यक्तिलाई सूचना दिई सोको निस्सा मिसिलमा राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सूचना दिएकोमा हाजिर जमानी लिने व्यक्तिले उक्त सूचनामा उल्लिखित मिति र स्थानमा उपस्थित गराउनुपर्ने व्यक्तिलाई उपस्थित गराउन नसकेमा अनुसन्धान अधिकारीले आधार र कारण खुलाई पर्चा खडा गरी त्यस्तो हाजिर जमानी लिने व्यक्तिलाई संहिताको दफा १५ को उपदफा (४) बमोजिम जरिबाना गर्न सक्नेछ। त्यसरी गरिएको जरिबानाको रकम प्रचलित कानून बमोजिम असूल गरी नेपाल सरकारको राजस्व खातामा दाखिला गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम जरिबाना गरेको निर्णयको पर्चा र असूल गरिएको जरिबाना राजस्व खातामा दाखिला गरेको निस्सा मिसिलमा संलग्न गर्नु पर्नेछ।

१८. **<u>धरौटी वा जमानत लिने, हाजिर जमानीमा छाड्ने तथा तत्सम्बन्धी अन्य कार्यविधि:</u>** (१) संहिताको दफा १५ तथा नियमावलीको नियम २०, २१ र २५ मा भएको व्यवस्था बमोजिम धरौट वा जमानत वा हाजिर जमानीमा छोड्दा नगद धरौट राखेकोमा सो रकम कार्यालयको धरौट खातामा जम्मा गरी सोको निस्सा र बैङ्क जमानत वा जेथा जमानत राखेकोमा सो सम्बन्धी कागजात मिसिल सामेल राख्नु पर्नेछ।

(२) संहिताको दफा १५ तथा नियमावलीको नियम २०,२१ र २५ तथा उपदफा (१) बमोजिम हिरासत मुक्त गरिएको वा धरौट, जमानत वा जिम्मा जमानीमा छोडिएको व्यक्तिलाई अनुसन्धान गर्दै जाँदा प्राप्त हुन आएका थप सबुद प्रमाणको आधारमा

हिरासतमा राख्न आवश्यक देखिएमा मुद्दा हेर्ने अधिकारीको अनुमतिले हिरासतमा राखी अनुसन्धान गर्न सकिनेछ।

(३) अनुसन्धानको क्रममा धरौट, जमानत वा बैङ्क ग्यारेन्टी लिइएको व्यक्तिको हकमा मुद्दा नचल्ने निर्णय भएकोमा वा मुद्दा चलाएकोमा अदालतबाट थुनछेक आदेश भएपछि सो आदेशबाट रोक्का राख्न भनिएको अवस्थामा बाहेक त्यस्तो धरौट, जमानत वा बैङ्क ग्यारेन्टी तुरून्त फिर्ता वा फुकुवा गरिदिनु पर्नेछ।

१९. <u>अभियुक्तको बयान लिनेः</u> (१) प्रचलित कानूनमा अभियुक्तको बयान लिने सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा बाहेक संहिताको अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कसूरको सम्बन्धमा अनुसन्धान अधिकारीले देहाय बमोजिम सरकारी वकील समक्ष बयान लिनु पर्नेछः-

(क) अनुसन्धानको मिसिल र अभियुक्त साथै लिई अनुसन्धान अधिकारी आफैं सरकारी वकील कार्यालयमा उपस्थित हुने,

(ख) बयानको लागि उपस्थित गराइएको अभियुक्त शारीरिक वा मानसिक रूपमा बयान दिन सक्ने वा नसक्ने यकिन गरी बयान दिन सक्ने भएमा मात्र बयान लिने कार्य शुरु गर्ने,

(ग) बयान शुरु गर्नुपूर्व सम्बन्धित अभियुक्तलाई निजले अभियुक्तको हैसियतमा प्राप्त गर्ने अधिकारको बारेमा जानकारी गराउने,

(घ) बयान गराइने अभियुक्तले नेपाली भाषा नबुझ्ने भएमा दोभाषेको सेवा उपलब्ध गराउने,

(ङ) एउटा अभियुक्तले गरेको बयान अर्को अभियुक्तले सुन्न नपाउने गरी गराउने,

(च) अभियुक्तले बयान गर्दा स्थानीय भाषामा अर्थबोध हुने गरी उल्लेख गरेको कुरालाई सोही अर्थबोध हुने गरी लेखबद्ध गर्ने,

(छ) बयानको लागि उपस्थित गराइएका अभियुक्तलाई निजको स्वेच्छाले बाहेक बयान दिन बाध्य नगर्ने,

(ज) आफूले गरेको कसूर स्वीकार गरेमा वा प्रमाण सङ्कलनमा मद्दत गरेमा हुनसक्ने सजायमा छुट वा कमीको बारेमा जानकारी गराउने र यसरी जानकारी गराउँदा कसूर नगरेकोमा गरेको भनी वा एउटा कसूर गरेकोमा अर्को कसूर गरेको भनी सावित हुन उत्प्रेरित नगर्ने,

(झ) कसूरसँग सम्बन्धित खुलाउनु पर्ने आवश्यक कुराको छोटा छोटा सबाल राखी अनुसूची-२ बमोजिमको ढाँचामा बयान लेखबद्ध गर्ने,

(ञ) बयानमा अभियुक्तको नाम, थर, उमेर, वतन, तीनपुस्ते र सोलाई पुष्टि हुने अभियुक्तको आधिकारिक प्रमाणको प्रतिलिपि र सम्भव भएसम्म अभियुक्तको फोटो समेत मिसिल संलग्न गरी अभियुक्तको औँठाछाप र दस्तखत गराउने,

(ट) अभियुक्त र निजको एकासगोलको परिवारका नाममा रहेको सम्पत्ति र आयआर्जन सम्बन्धी स्पष्ट विवरण खुलाउने,

(ठ) अभियुक्तको शैक्षिक योग्यता, पेशा तथा सामाजिक साँस्कृतिक पृष्ठभूमी समेत खुलाउने,

(ड) प्रचलित कानून बमोजिम गोपनीयता कायम राख्नु पर्ने मुद्दामा अभियुक्तको परिचयात्मक विवरण गोप्य राख्ने,

(ढ) मुद्दासँग असम्बन्धित प्रश्न नसोध्ने,

(ण) संहिताको दफा १६ को उपदफा (६) बमोजिम श्रव्य दृष्य संवाद (भिडियो कन्फरेन्स) को माध्यमबाट बयान लिएको वा सोधपुछ गरेकोमा अनुसन्धान अधिकारीले सोको अभिलेख राख्ने व्यवस्था गर्नु पर्ने।

(२) देहायको अवस्थामा अभियुक्तको पुनः बयान (ततिम्बा) गराउन सकिनेछः-

(क) मुद्दामा कुनै नयाँ तथ्य वा प्रमाण फेला परेमा,

(ख) पहिले गराएको बयानमा नखुलेका कुरा खुलाउनु परेमा।

(३) उपदफा (२) बमोजिम पुनः बयान गराउँदा पहिले सोधिएको प्रश्न पुनः सोध्न पाइने छैन।

(४) यस दफा बमोजिम अभियुक्तको बयान गराउँदा निजले सवालको जवाफ नदिएमा सोध्नु पर्ने आवश्यक सवाल लेखबद्ध गरी सम्बन्धित सवालको जवाफमा जवाफ दिन इन्कार गरेको व्यहोरा उल्लेख गरी सम्बन्धित अधिकारीले प्रमाणित गर्नु पर्नेछ।

२०. **कसूरको सम्बन्धमा महत्वपूर्ण कुरा थाहा पाउने व्यक्तिको कागज गराउनेः** मुद्दासँग सम्बन्धित कुनै कसूरको सम्बन्धमा कुनै महत्वपूर्ण कुरा थाहा छ भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएको व्यक्तिसँग संहिताको दफा १६ को उपदफा (३) र (४) बमोजिम सोधपुछ गरी कागज गराउँदा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) कागज गर्ने व्यक्तिलाई छिटो र उपयुक्त माध्यमबाट कार्यालयमा उपस्थित गराई वा आवश्यकता अनुसार त्यस्ता व्यक्ति समक्ष गई गोप्यता कायम हुने गरी सोधपुछ गर्ने,

(ख) सोधपुछ वा कागज गर्नु पर्ने व्यक्ति अस्पताल वा स्वास्थ्य संस्थामा भर्ना भई उपचार गराई रहेको अवस्थामा सोधपुछ वा कागज गर्नु परेमा अस्पतालका कर्मचारी, परिवारका सदस्य वा संरक्षकको रोहबरमा गर्नु पर्ने,

तर परिवारका सदस्य वा संरक्षकको उपस्थितिमा पीडित लगायतका साक्षीले बयान कागज गर्न असहज मान्ने अवस्थामा निजले रोजेको व्यक्तिको उपस्थितिमा कागज गराउनु पर्नेछ।

(ग) घटना विवरण कागज गर्ने प्रति कुनै आग्रह, पूर्वाग्रह वा निजको व्यक्तिगत चरित्रका सम्बन्धमा कुनै सवाल गर्न नहुने,

(घ) कसूरबाट पीडित व्यक्तिसँग सोधपुछ गरी कागज गराउँदा अन्य कुराका अतिरिक्त घटनापछि कसूर गर्ने व्यक्तिबाट कुनै डर, धम्की, दबाब वा प्रभाव आए वा नआएको कुरा तथा पीडितले दाबी गरेको क्षतिपूर्ति समेत यकिन हुने गरी जवाफ लिनु पर्ने,

(ङ) कागज गराउनु पर्ने व्यक्तिलाई सोधेको प्रश्नको जानेसम्मको सत्य तथ्य कुरा बताउन अभिप्रेरित गरी कागज गराउने,

तर आफू उपर कुनै कसूरको अभियोग लाग्न सक्ने किसिमको जवाफ दिन कुनै व्यक्तिलाई कर गर्नु हुँदैन।

(च) मुद्दासँग असम्बन्धित कुरा नसोध्ने,

(छ) घटना देख्ने, जान्ने वा थाहा पाउने व्यक्ति बालबालिका, हिँडडुल गर्न नसक्ने, दृष्टिविहीन वा वृद्ध अवस्था जस्ता शारीरिक रूपमा असमर्थ व्यक्ति भएमा निज रहे बसेकै ठाउँमा गई सोधपुछ गरी कागज गराउने।

२१. <u>श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) को माध्यमबाट सोधपुछ गर्न सक्नेः</u> (१) संहिताको दफा १६ को उपदफा (६) र नियमावलीको नियम २२ बमोजिम देहायको अवस्थामा अनुसन्धान अधिकारीले कसूर पीडित, जाहेरवाला वा साक्षीको कागज वा कुनै लिखत सरकारी वकीलको रोहबरमा श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) को माध्यमबाट अभिलेखीकरण गर्न सक्नेछः-

(क) घटना विवरण कागज गराउनु पर्ने व्यक्ति शारीरिक अस्वस्थता वा बालबालिका भएको कारणले अनुसन्धान अधिकारी समक्ष उपस्थित हुन नसक्ने भएमा वा त्यस्तो व्यक्तिको सुरक्षाको कारणले निजलाई अनुसन्धान अधिकारी समक्ष उपस्थित गराउन उपयुक्त नदेखिएमा,

(ख) कसूर पीडित, जाहेरवाला वा घटनाका सम्बन्धमा महत्वपूर्ण कुरा देख्ने वा थाहा पाउने कुनै साक्षीलाई अभियुक्तले अनुचित प्रभावमा पारी वा निज उपर डर, त्रास धम्की देखाई निजलाई अदालतमा उपस्थित हुन नदिने वा अदालतमा उपस्थित भए पनि सत्य तथ्य कुरा व्यक्त नगर्नका लागि बाध्य गराउन सक्ने मनासिब कारण भएमा,

(ग) प्रमाणको रूपमा अदालतमा पेश गरिने वस्तु सो वस्तु रहेको ठाउँबाट उठाएर अदालतमा ल्याउन नसकिने भएमा।

(२) उपदफा (१) बमोजिम श्रव्य दृश्यको माध्यमबाट गरेको बयान तथा सोधपुछको अभिलेखीकरण गर्दा पछि त्यस्तो श्रव्य दृश्य सामग्री फेरबदल गर्न नसकिने प्रबन्ध मिलाउनु पर्नेछ।

२२. **<u>भौतिक प्रमाण परीक्षण:</u>** भौतिक प्रमाण परीक्षण सम्बन्धमा संहिताको दफा २१ र नियमावलीको नियम २४ मा भएको व्यवस्थाको अधीनमा रही देहाय बमोजिम गर्नु पर्नेछः-

(क) वैज्ञानिक वा प्रयोगशाला परीक्षण गर्नु पर्ने भौतिक सबुदको नमुना सङ्कलन गर्दा प्रयोगशालामा परीक्षणको लागि आवश्यक पर्ने परिमाण सुरक्षित ढङ्गले प्याकिङ्ग गरी परीक्षण गर्दा व्यक्तिको गोपनीयता कायम गर्न कोड नम्बर राखी परीक्षण गर्न पठाउनु पर्ने,

(ख) कुनै भौतिक वस्तुको नमुना सङ्कलन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित व्यक्ति वा निजको संरक्षकको मञ्जुरी लिनुपर्ने भए रितपूर्वक मञ्जुरीनामाको कागज गराई मिसिल सामेल राख्नु पर्ने,

(ग) खण्ड (क) बमोजिम भौतिक वस्तुको नमुना सङ्कलन र सुरक्षित तवरले प्याकिङ्ग गर्नको लागि अनुसन्धान अधिकारीले आवश्यकता अनुसार विशेषज्ञको सहयोग लिन सक्ने,

(घ) अनुसन्धान अधिकारीले कुनै भौतिक वस्तु परीक्षणको लागि पठाउँदा परीक्षणबाट खुलाउनु पर्ने विषय स्पष्ट रूपमा उल्लेख गरी परीक्षण गर्नु पर्ने भौतिक वस्तुको रीतपूर्वक र सुरक्षित तवरले सङ्कलन गरिएको नमुना र त्यस्तो वस्तु परीक्षण गर्न कुनै दस्तुर वा शुल्क लाग्ने रहेछ भने सो समेत सम्बन्धित प्रयोगशाला वा विशेषज्ञ समक्ष बुझाई भरपाई मिसिल सामेल राख्नु पर्ने,

(ङ) परीक्षणको लागि प्राप्त भएको नमुनालाई सम्बन्धित प्रयोगशाला वा विशेषज्ञले प्राथमिकताका साथ खण्ड (च) बमोजिम खुलाउनु पर्ने कुरामा केन्द्रीत रही परीक्षण गरी नियमावलीको नियम २४ को उपनियम (१) मा उल्लिखित ढाँचा बमोजिम सम्पूर्ण विवरण खुलाई यथाशीघ्र गोप्य रूपमा सम्बन्धित अनुसन्धान अधिकारीलाई उपलब्ध गराउनु पर्ने,

(च) भौतिक वस्तु परीक्षणको लागि लाग्ने खर्च सम्बन्धित कार्यालयले अनुसन्धान अधिकारीलाई उपलब्ध गराउनु पर्ने र अनुसन्धान अधिकारीले आफ्नै खर्चमा यस्तो परीक्षण गराएको भए सम्बन्धित कार्यालयले त्यस्तो रकम निजलाई सोधभर्ना दिनु पर्ने।

## परिच्छेद-४
## अनुसन्धान सम्बन्धी अन्य व्यवस्था

२३. **विशेष अवस्थाका अभियुक्त भएका मुद्दामा अनुसन्धान सम्बन्धी थप व्यवस्थाः** बालबालिका, महिला र अपाङ्गता भएको व्यक्ति अभियुक्त भएका कसूरमा अनुसन्धान गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) बालबालिका संलग्न भएका कसूरमा अनुसन्धान गर्दाः-

(१) कसूरजन्य कार्यको आरोप लागेका बालबालिकालाई नियन्त्रणमा नलिई नहुने अवस्थामा मात्र नियन्त्रणमा लिने र यसरी नियन्त्रणमा लिएकोमा सोको जानकारी बालबालिकाको परिवारको सदस्य, संरक्षक वा नजिकको नातेदार र स्थानीय तहको बालकल्याण अधिकारीलाई समेत दिनु पर्ने,

(२) नाबालिगलाई नियन्त्रणमा लिनुअघि वा नियन्त्रणबाट छाड्दा अभिभावक वा संरक्षकको रोहबरमा स्वास्थ्य परीक्षण गराई स्वास्थ्य परीक्षण प्रतिवेदनको एकप्रति निजको अभिभावक वा संरक्षकलाई उपलब्ध गराउनु पर्ने,

(३) नियन्त्रणमा लिइएका कानूनको विवादमा परेका बालबालिकालाई हिरासतमा नराखी नहुने भएमा निगरानी कक्ष वा छुट्टै कक्षमा बालमैत्री वातावरणमा राख्नु पर्ने,

(४) कानूनको विवादमा परेका बालबालिका संलग्न भएका मुद्दामा अन्य अनुसन्धान कार्य प्रारम्भ गर्नुअघि निजहरूको उमेर यकिन गर्ने आधिकारिक कागजात प्राप्त गर्नु पर्ने,

(५) उपखण्ड (४) बमोजिमको कागजबाट कसूरमा संलग्न व्यक्ति बालबालिका रहेको देखिएमा छुट्टै मिसिल खडा गरी अनुसन्धान गर्न नेपाल सरकारबाट गठित छुट्टै एकाई वा त्यस्तो एकाई गठन नभएकोमा बाल न्याय सम्बन्धी तालिम प्राप्त प्रहरी वा अन्य कर्मचारीबाट अनुसन्धान कार्य अगाडि बढाउनु पर्ने,

(६) निगरानी कक्षमा रहेका बालबालिकालाई सम्भव भएसम्म बाल मनोविज्ञ वा बालहित सम्बन्धी काम गर्ने व्यक्तिसँग सम्पर्क गराई आवश्यक परामर्श सेवा उपलब्ध गराउनु पर्ने,

(७) बालबालिकालाई सोधपुछ तथा बयान गराउँदा निजले चाहेको भाषामा, आवश्यकता अनुसार दोभाषेको समेत सहयोग लिई सादा पोशाक लगाएका प्रहरीबाट गर्नु पर्ने,

(८) बालबालिकालाई सोधपुछ गर्दा रोहबरमा बस्ने अभिभावक वा संरक्षकलाई जानकारी दिई सँगै उपस्थित गराउनु पर्ने,

(९) उपखण्ड (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि अभिभावक वा संरक्षकको उपस्थितिबाट बालकको हित नहुने भन्ने मनासिब आधार भएमा अन्य व्यक्तिको रोहबरमा बालबालिकालाई सोधपुछ गर्न सकिने,

(१०) बालबालिकासँग सोधपुछ गर्दा निजले डर नमानी स्वतन्त्र रूपमा सोधिएको कुराको उत्तर दिन सक्ने बालमैत्री वातावरण बनाई सहज ढङ्गमा सोधपुछ गर्नु पर्ने,

(११) बालबालिकालाई कानून बमोजिम दिशान्तर गर्ने तर्फ क्रियाशील रहनु पर्ने,

(१२) बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा भएको व्यवस्था पालना गर्ने।

(ख) महिला संलग्न भएका कसूरमा अनुसन्धान गर्दाः-

(१) कुनै महिलालाई सोधपुछ गरी कागज गराउनु पर्दा उपलब्ध भएसम्म महिला कर्मचारी वा कुनै समाजसेवी महिलाको रोहबरमा गराउनु पर्ने,

(२) बयान वा कागज गराउँदा महिलामैत्री वातावरणमा निजको सामाजिक, सांस्कृतिक तथा धार्मिक सम्मान, मर्यादा र प्रतिष्ठामा प्रतिकूल असर नपर्ने गरी गराउनु पर्ने,

(३) अनुसन्धान कारबाही गर्दा महिलासँग ठट्टा मस्करी वा अनावश्यक सोधपुछ नगरी सभ्य, शिष्ट तथा सम्मानजनक भाषाको प्रयोग गर्नु पर्ने,

(४) महिलाको बयान कागज गराउँदा निजको बाबु र आमाको तथा विवाहित महिलाको बयान कागज गराउँदा निजको पति, बाबु, आमा, सासु र ससुरा समेतको नाम खुलाउनु पर्ने,

(५) बयान लिँदा वा कागज गराउँदा गोपनीयता भङ्ग नहुने गरी गर्नु पर्ने,

(६) हिरासतमा राख्नुपर्ने भएमा महिलामैत्री वातावरणमा अलग कक्षमा राख्नु पर्ने।

(ग) अपाङ्गता भएका व्यक्ति संलग्न भएका कसूरमा अनुसन्धान गर्दाः-

(१) अपाङ्गमैत्री वातावरणमा निजको मर्यादामा आँच नआउने गरी सोधपुछ गरी बयान कागज गराउनु पर्ने,

(२) बयानका लागि उपस्थित गराइएको अभियुक्त बोल्न असमर्थ भएमा साङ्केतिक भाषा बुझ्ने मान्यता प्राप्त व्यक्ति र अभिभावक वा संरक्षकलाई जानकारी दिई सँगै उपस्थित गराई ईशारा वा सङ्केत बुझ्ने व्यक्तिलाई रोहबरमा राखी निजले सङ्केत वा ईशारा गरे बमोजिम लिपिबद्ध गर्नु पर्ने,

(३) अपाङ्गताको अवस्था खुल्ने आधिकारिक प्रमाण मिसिल सामेल राख्नु पर्ने।

२४. <u>अनुसन्धान गर्दा गोपनीयता कायम गर्नेः</u> (१) कसूरका पीडित, साक्षी तथा अभियुक्तको विवरण सार्वजनिक नगर्दा सार्वजनिक शान्ति तथा सुव्यवस्थामा प्रतिकूल असर पर्ने अवस्थामा बाहेक अनुसन्धान वा अभियोजन गर्ने निकाय वा अधिकारीले कुनै पनि कसूरका पीडित, साक्षी तथा अभियुक्तको विवरण सार्वजनिक गर्नु हुँदैन।

(२) देहायको अवस्थामा अनुसन्धान प्रतिवेदन तथा अभियोगपत्र तयार गर्दा वा मुद्दा सम्बन्धी अन्य काम कारबाही गर्दा पीडित, साक्षी तथा अभियुक्तको परिचयात्मक विवरण गोप्य राख्नु पर्नेछः-

(क) कुनै खास कसूरबाट पीडित वा साक्षीको परिचय सार्वजनिक गर्दा त्यस्तो व्यक्ति वा साक्षीको सामाजिक प्रतिष्ठा वा इज्जतमा प्रतिकूल प्रभाव पर्न सक्ने भएमा,

(ख) पीडित वा साक्षी उपर अभियुक्त वा अन्य कुनै पक्षबाट अनुचित डर, त्रास वा भय हुन सक्ने भएमा,

(ग) निजको जीउ ज्यानको सुरक्षामा प्रतिकूल असर पर्न सक्ने देखिएमा,

(घ) आरोप लागेको व्यक्ति कानूनको विवादमा परेका बालबालिका भएमा,

(ङ) अभियुक्त वा कागज गर्ने अन्य कुनै व्यक्तिको परिचयात्मक विवरण गोप्य नराख्दा परिचयात्मक विवरण गोप्य राख्नु पर्ने अवस्थाका पीडित वा साक्षीको परिचयात्मक विवरण गोप्य रहन नसक्ने अवस्था भएमा।

(३) उपदफा (२) बमोजिम परिचयात्मक विवरण गोप्य राखिएकोमा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) अनुसन्धान र अभियोजन सम्बन्धी कार्य गर्दा साङ्केतिक नामबाट गर्ने,

(ख) परिचयात्मक विवरणको गोपनीयता कायम राख्न सरकारी वकील मार्फत अदालतमा अनुरोध गर्ने।

२५. <u>पुनः अनुसन्धान गर्ने:</u> (१) देहायको अवस्थामा सरकारी वकीलले पुनः अनुसन्धान गर्न सम्बन्धित अनुसन्धान अधिकारीलाई लेखी पठाउन सक्नेछः-

(क) नेपाल सरकार वादी हुने मुद्दा सम्बन्धी कसूरमा प्रमाणको अभावमा मुद्दा नचलाउने गरी महान्यायाधिवक्ता वा निजबाट अख्तियार प्राप्त सरकारी वकीलबाट निर्णय भएकोमा पछि कुनै महत्वपूर्ण प्रमाण प्राप्त भएमा त्यस्तो कसूरका सम्बन्धमा पुनः अनुसन्धान गरी कारबाही प्रक्रिया अगाडि बढाउनु पर्ने भएमा,

(ख) अभियोगपत्र पेश गरिसकेपछि कुनै अभियुक्तले अदालतमा बयान गर्दा अनुसन्धान अधिकारी समक्ष गरेको बयानभन्दा फरक जिकिर लिएको विषयमा पुनः अनुसन्धान गरी यकिन हुन आवश्यक भएमा।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम पुनः अनुसन्धान गर्नु पर्ने अवस्था भएमा सम्बन्धित सरकारी वकीलले अदालतको अनुमति लिनु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिम पुनः अनुसन्धान गरी थप सबुद प्रमाण सङ्कलन गरिएकोमा मूल मुद्दामा प्रमाण मुकरर आदेश हुनुभन्दा पहिले नै सो सबुद प्रमाण अदालत समक्ष पेश गर्नु पर्नेछ।

२६. <u>पीडित प्रभाव प्रतिवेदन:</u> (१) कसूर पीडितलाई क्षतिपूर्ति भराउन अदालतमा मागदाबी लिने प्रयोजनका लागि अनुसन्धान अधिकारीले सम्बन्धित कसूर पीडित वा निजको अभिभावक, संरक्षक वा कानून बमोजिमको प्रतिनिधिबाट अनुसूची-३ बमोजिमको ढाँचामा पीडित प्रभाव प्रतिवेदन प्राप्त गरी मिसिल सामेल राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको पीडित प्रभाव प्रतिवेदनमा कसूरको कारण आफूलाई प्रत्यक्ष रूपमा परेको क्षति वा प्रभावको उल्लेख गरी त्यस्तो क्षति वा प्रभाव पुष्टि हुने कागजात समेत संलग्न गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको पीडित प्रभाव प्रतिवेदन अभियोगपत्र दायर हुनु अगावै सम्बन्धित सरकारी वकील कार्यालयमा पीडित वा निजको तर्फबाट पेश गर्न सकिनेछ।
तर काबु बाहिरको परिस्थिति परी अदालतमा अभियोगपत्र दायर हुनु अगावै पीडित प्रभाव प्रतिवेदन पेश गर्न नसकेमा त्यस्तो परिस्थिति परेको प्रमाण संलग्न गरी अभियोगपत्र दायर भएको मितिले एक महिनाभित्र पीडित प्रभाव प्रतिवेदन पेश गर्न सकिनेछ।

(४) यस दफा बमोजिम सरकारी वकील कार्यालयमा पेश गरेको पीडित प्रभाव प्रतिवेदन अभियोगपत्रसाथ अदालतमा दर्ता गर्नु पर्नेछ र अभियोगपत्र दर्ता गरिसकेको भए प्रतिवेदन प्राप्त भएको तीन दिनभित्र सम्बन्धित अदालतमा पेश गर्नु पर्नेछ।

(५) पीडित प्रभाव प्रतिवेदन तयार गर्ने सम्बन्धमा सम्बन्धित कसूर पीडित वा निजको अभिभावक, संरक्षक वा कानून बमोजिमको प्रतिनिधिलाई आवश्यक सहयोग वा माग भएको कागजात उपलब्ध गराउनु सम्बन्धित अनुसन्धान अधिकारी तथा सरकारी वकीलको कर्तव्य हुनेछ।

२७. **विद्युतीय माध्यमबाट लिखतको आदान प्रदान गर्न सकिनेः** यस निर्देशिका बमोजिम कसूरको अनुसन्धान गरी सबुद प्रमाण सङ्कलन गर्दा आवश्यकता अनुसार विद्युतीय माध्यमबाट समेत लिखतको आदान प्रदान गर्न सकिनेछ।

२८. **अनुसन्धानमा राय, सल्लाह माग गर्न सक्नेः** (१) संहिताको दफा २६ बमोजिम अनुसन्धान अधिकारीले सरकारी वकीलको राय, सल्लाह माग गर्दा राय, सल्लाह माग गरिएको विषय स्पष्ट रूपमा खुलाई सम्बन्धित मिसिल साथै राखी आफ्नो धारणा समेत उल्लेख गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम राय, सल्लाह माग भएकोमा सम्बन्धित सरकारी वकीलले प्राप्त मिसिल तथा राय, सल्लाह माग भएको विषय अध्ययन गरी राय, सल्लाह दिनुपर्ने वा नपर्ने कुरा यकिन गरी राय, सल्लाह दिनुपर्ने देखिएमा प्रचलित कानूनको अधीनमा रही राय, सल्लाह दिई र राय, सल्लाह दिनु नपर्ने देखिएमा सोही व्यहोरा जानकारी गराई सोको अभिलेख राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम राय, सल्लाह दिनुअघि सरकारी वकीलले देहायका कुरा विचार गर्नु पर्नेछः-

(क) राय, सल्लाह माग गर्ने कार्यालय वा अधिकारी कसूरको अनुसन्धान गर्ने कार्यालय वा अधिकारी भए वा नभएको,

(ख) अनुसन्धान अधिकारीबाट राय, सल्लाह माग भए वा नभएको,

(ग) राय, सल्लाह माग गरिएको विषय कसूरको अनुसन्धानसँग सम्बन्धित भए वा नभएको,

(घ) राय, सल्लाह माग गरिएको विषयसँग सम्बन्धित सम्पूर्ण विवरण मिसिल कागजात संलग्न गरी पठाए वा नपठाएको,

(ङ) राय, सल्लाह माग गर्ने कार्यालय वा अधिकारीले राय सल्लाह माग गरिएको विषयमा आफ्नो दृष्टिकोण दिए वा नदिएको,

(च) यसअघि सोही विषयमा राय, सल्लाह दिए वा नदिएको।

(४) सरकारी वकीलले देहायको अवस्थामा अनुसन्धान अधिकारीलाई राय, सल्लाह दिन इन्कार गर्न सक्नेछः-

(क) राय, सल्लाह माग गर्ने कार्यालय वा अधिकारी कसूरको अनुसन्धान गर्ने कार्यालय वा अधिकारी नभएमा,

(ख) राय, सल्लाह माग भएको विषय कसूरको अनुसन्धानसँग सम्बन्धित नभएमा,

(ग) राय, सल्लाह माग गरिएको विषयसँग सम्बन्धित फाइल कागजात संलग्न नभएमा,

(घ) राय, सल्लाह माग गरिएको विषयमा सोही अधिकारीलाई सोही विषयमा पहिले राय सल्लाह दिएको भएमा,

(ङ) राय, सल्लाह माग गरिएको विषयमा अनुसन्धान अधिकारी वा कार्यालयको दृष्टिकोण उल्लेख नभएमा,

(च) काल्पनिक वा नीतिगत विषयमा राय, सल्लाह माग गरिएकोमा।

## परिच्छेद-५
## अनुसन्धान प्रतिवेदन

२९. **अनुसन्धान प्रतिवेदन पेश गर्नु पर्नेः** संहिताको दफा ३१ को अधीनमा रही अनुसन्धान अधिकारीले सरकारी वकील कार्यालय समक्ष पेश गर्नु पर्ने अनुसन्धान प्रतिवेदनमा देहायका कुरा समेत खुलाउनु पर्नेछः-

(क) अभियुक्तको पूरा नाम, थर, वतन सहितको स्पष्ट पहिचान विवरण खुलेका कागजात,

(ख) पक्राउ परेको र फरार रहेका प्रत्येक अभियुक्तको सम्बन्धमा निजले गरेको कसूरजन्य कार्य, सोसँग सम्बन्धित कानून र प्रत्येक अभियुक्तले गरेको कसूरको लागि पृथक-पृथक विवरण,

(ग) पक्षको गोपनीयता कायम राख्नु पर्ने मुद्दामा पीडितको नाम, थर सहितको विवरण खुलेका कागजातको छुट्टै खामबन्दी,

(घ) मुद्दा पेश वा दर्ता गर्नु पर्ने म्याद वा हदम्याद सम्बन्धी व्यहोरा,

(ङ) अपराध अनुसन्धानको सिलसिलामा प्रचलित कानून बमोजिम बरामद गरी नियन्त्रणमा लिएको नगद, जिन्सी, चीज, वस्तु तथा साधनको विवरण,

(च) अनुसन्धानको क्रममा सङ्कलन गरेको भौतिक सबुद प्रमाणको विश्लेषण,

(छ) प्रचलित कानून तथा सान्दर्भिक नजीर,

(ज) अपराध अनुसन्धानको क्रममा सरकारी वकीलसँग भएको सम्पर्क, समन्वय र निर्देशनको व्यहोरा,

(झ) अभियुक्त उपरको कसूर प्रमाणित गर्ने आधार, कारण र सम्बद्ध सबुद प्रमाण,

(ञ) मुद्दा नचलाउने गरी प्रस्ताव गरिएको भए त्यसको आधार र कारण,

(ट) लगातार सुनुवाइको प्रक्रिया अवलम्बन गर्नु पर्ने अवस्था भए सो सम्बन्धी विवरण।

३०. <u>अनुसन्धान प्रतिवेदनको अध्ययन तथा निर्देशनः</u> (१) कसूरको अनुसन्धान पश्चात अनुसन्धान अधिकारीबाट पेश भएको अनुसन्धान प्रतिवेदन सहितको मिसिल सम्बन्धित सरकारी वकीलले अध्ययन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मिसिल अध्ययन गर्दा सरकारी वकीलले देहायका कुरामा विचार गर्नु पर्नेछः-

(क) अनुसन्धान तहकिकात पूरा गरी म्यादभित्रै अनुसन्धान प्रतिवेदन प्राप्त भएको वा नभएको,

(ख) अनुसन्धान प्रतिवेदनमा उल्लिखित प्रस्तावका सम्बन्धमा मुद्दा दायर गर्ने हदम्याद बाँकी रहेको वा नरहेको,

(ग) अनुसन्धान अधिकारीले अनुसन्धान तहकिकात गर्दा पूरा गर्नु पर्ने कार्यविधि तथा प्रक्रिया अवलम्बन गरेको वा नगरेको,

(घ) अनुसन्धान तहकिकातबाट सङ्कलित सबुद प्रमाण मुद्दा दायर गर्न पर्याप्त भएको वा नभएको,

(ङ) पर्याप्त सबुद प्रमाणको अभाव भएको वा सङ्कलन गर्नु पर्ने सबुद प्रमाण सङ्कलन गर्न बाँकी रहेको देखिएमा अनुसन्धान अधिकारीलाई थप सबुद प्रमाण बुझ्ने वा सङ्कलन गर्ने सम्बन्धमा कुनै निर्देशन दिनु पर्ने अवस्था रहेको वा नरहेको,

(च) अनुसन्धान प्रतिवेदनमा उल्लिखित सबुद प्रमाण तथा दसीका सामान खोजेका बखत पेश गर्न सकिने गरी रहेको वा नरहेको,

(छ) अनुसन्धानको क्रममा सरकारी वकीलले कुनै निर्देशन दिएको वा नदिएको र दिएको भए सो निर्देशन पालना भएको वा नभएको।

# परिच्छेद-६

## अनुसन्धानमा दोभाषेको प्रयोग

३१. **दोभाषेको सेवा लिन सकिने:** कसूरको अनुसन्धानको सिलसिलामा नेपाली भाषा नबुझ्ने अभियुक्त, कसूर पीडित लगायतका साक्षीको बयान वा कागज गराउँदा त्यस्तो व्यक्तिको कथन नेपाली भाषामा रुपान्तर गर्न र मुद्दाको काम कारबाहीको सम्बन्धमा कसूर पीडितलाई निजले बुझ्ने भाषामा जानकारी गराउन अनुसन्धान अधिकारीले दोभाषेको सेवा लिन सक्नेछ।

३२. **दोभाषेको सेवा लिन भाषाको छनोट गर्ने:** कसूरको अनुसन्धान गर्दा सोधपुछ गरी बयान गराउनु पर्ने अभियुक्त, कसूर पीडित वा बालबालिकाको हकमा निजको परिवारका सदस्य वा संरक्षकले नेपाली भाषा बुझ्न वा बोल्न नसक्ने भएमा त्यस्ता व्यक्तिले बोल्ने वा बुझ्ने आवश्यक भाषाको छनोट सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयको समन्वयमा अनुसन्धान गर्ने निकायको प्रमुखले गर्नु पर्नेछ।

३३. **सूची तयार गर्नु पर्ने:** दफा ३१ बमोजिम दोभाषेको सेवा दिने प्रयोजनका लागि सम्बन्धित कार्यालयले दोभाषेको सेवा आवश्यक पर्न सक्ने सम्भावित भाषा छनोट गरी त्यस्तो भाषामा दोभाषे सेवा प्रदान गर्न सक्ने व्यक्तिको सूची (रोष्टर) तयार गर्नु पर्नेछ।

३४. **दोभाषेको योग्यता:** दफा ३३ बमोजिम दोभाषेको सूचीमा सूचीकृत हुन देहायको योग्यता पुगेको हुनु पर्नेछ:-

(क) स्थानीय विद्यालय वा महाविद्यालय वा कानून बमोजिम स्थापित कुनै शैक्षिक संस्थामा शिक्षक वा प्रशिक्षकको रूपमा त्यस्तो भाषाको अध्यापन गरेको,

(ख) त्यस्तो भाषा सम्बन्धी विषय अध्ययन गरेको वा तालिम लिएको वा त्यस्तो भाषाको ज्ञान भएको, वा

(ग) अन्य निकायमा दोभाषेको रूपमा सूचीकृत वा कार्यरत रहेको।

३५. **दोभाषेमा सूचीकृत हुन दरखास्त आह्वान गर्ने:** दफा ३३ बमोजिम दोभाषेको सेवा प्रदान गर्न सक्ने व्यक्तिको सूची तयार गर्नको लागि सम्बन्धित कार्यालयले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी सो सूचनामा उल्लिखित योग्यता पुगेको व्यक्तिलाई दरखास्त दिन आह्वान गर्नु पर्नेछ।

३६. **दोभाषेको छनोट गरी सूची प्रकाशन गर्ने:** (१) दफा ३५ बमोजिम दरखास्त दिने व्यक्तिमध्येबाट योग्यता, आवश्यकता र उपयुक्तता समेत विचार गरी सम्बन्धित कार्यालयले दोभाषेको छनोट गरी सूची प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३५ बमोजिम दरखास्त आव्हान गर्दा कसैको दरखास्त नपरेमा वा पर्याप्त दरखास्त नपरेमा सम्बन्धित कार्यालयले दफा ३४ बमोजिम योग्यता पुगेका व्यक्तिसँग परामर्श गरी त्यस्तो व्यक्तिको नाम सो सूचीमा समावेश गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम दोभाषेको छनोट गर्दा सम्बन्धित कार्यालयको कार्यालय प्रमुखले आवश्यकता अनुसार प्रमुख जिल्ला अधिकारी, सरकारी वकील, कसूरको अनुसन्धान गर्ने अन्य निकाय एवम् विज्ञसँग परामर्श गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको सूची तयार गर्दा भाषा अनुसारको सूची तयार गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम दोभाषेको सूचीमा नाम समावेश भएको कुरा सम्बन्धित कार्यालयले त्यस्ता दोभाषेलाई जानकारी गराई निजको परिचयात्मक विवरण राख्नु पर्नेछ।

(६) यस दफा बमोजिम तयार गरिएको दोभाषेको सूची सम्बन्धित कार्यालयले प्रत्येक वर्ष अद्यावधिक गर्नु पर्नेछ।

३७. **दोभाषेको सेवा लिने:** (१) कसूरको अनुसन्धानको सिलसिलामा नेपाली भाषा बोल्न र बुझ्न नसक्ने अभियुक्तको बयान गराउँदा वा पीडित तथा साक्षीको बयान वा कागज गराउँदा आवश्यकता अनुसार दफा ३६ बमोजिम सूचीकृत दोभाषेमध्येबाट सेवा लिनु पर्नेछ।

तर दफा ३६ बमोजिम सूचीकृत नभएको भाषाको लागि दोभाषे आवश्यक परेमा सम्बन्धित कार्यालयले सूचीकृत नभएको दोभाषेबाट सेवा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दोभाषेको सेवा लिनुअघि सम्बन्धित दोभाषेलाई अनुसूची-४ बमोजिमको ढाँचामा कबुलियत गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दोभाषेको सेवा लिँदा सम्बन्धित व्यक्तिलाई सोधिएको प्रश्न निजले बुझ्ने भाषामा बताई निजले दिएको लिखित वा मौखिक जवाफलाई दोभाषेले नेपाली भाषामा उल्था गरी भन्नु पर्नेछ र दोभाषे प्रयोग गरी तयार गरिएको कागजमा त्यस्तो दोभाषेलाई रोहबरमा राखी सहिछाप गराउनु पर्नेछ।

३८. **दोभाषेको काम, कर्तव्य र अधिकार तथा सुविधा सम्बन्धी व्यवस्था:** (१) दफा ३७ बमोजिम दोभाषेले सेवा उपलब्ध गराउँदा आफ्नो सम्बन्ध वा सरोकार वा कुनै किसिमको स्वार्थ भएको वा संहिताको दफा १७६ को उपदफा (१) को खण्ड (क) मा उल्लिखित नाताभित्रको अभियुक्त, कसूर पीडित वा अन्य साक्षीका हकमा सेवा उपलब्ध गराउनु हुँदैन।

(२) कसूरको अनुसन्धान सम्बन्धी कार्यमा दोभाषेको सेवा पाएका अभियुक्त, कसूर पीडित वा अन्य साक्षीले भनेको कुराको दोभाषेले व्याख्या वा विश्लेषण नगरी जस्ताको तस्तै उल्था गर्नु पर्नेछ।

(३) यस निर्देशिका बमोजिम दोभाषेको सेवा दिन नमिल्ने अवस्थामा बाहेक दोभाषेमा सूचीकृत भएको व्यक्तिले दोभाषेको सेवा दिनबाट इन्कार गर्न हुँदैन।

(४) दोभाषेले कसूरको अनुसन्धानको सिलसिलामा प्राप्त गरेको कुनै किसिमको सूचना, तथ्य वा जानकारी मुद्दाको काम कारबाहीको सिलसिलामा बाहेक कुनै पनि माध्यमबाट प्रकट वा व्यक्त गर्न हुँदैन।

(५) यस निर्देशिका वा प्रचलित कानून विपरीत काम कारबाही गर्ने दोभाषेलाई दोभाषेको सूचीबाट हटाइनेछ र निजलाई प्रचलित कानून बमोजिम कारबाही हुने भएमा सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

तर कुनै दोभाषेलाई यस उपदफा बमोजिम कारबाही गर्दा सफाइको मौकाबाट वञ्चित गरिने छैन।

(६) दफा ३७ बमोजिम सेवा लिइएको दोभाषेलाई नेपाल सरकार, अर्थ मन्त्रालयको सहमतिमा महान्यायाधिवक्ताको कार्यालयले निर्धारण गरे बमोजिमको सुविधा दिइनेछ।

## परिच्छेद-७

## अभियोजन तथा मुद्दाको दायरी

३९. **मुद्दा चलाउने वा नचलाउने निर्णयः** (१) अनुसन्धान अधिकारीबाट अनुसन्धान प्रतिवेदन प्राप्त भएपछि संहिताको दफा ३१ को उपदफा (३) को अधीनमा रही सम्बन्धित सरकारी वकीलले मिसिल अध्ययन गरी सबुद प्रमाणका आधारमा मुद्दा चलाउने वा नचलाउने निर्णय गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मुद्दा चल्ने वा नचल्ने निर्णय गर्नु अघि देहायका कार्य गर्नु पर्नेछः-

(क) अनुसन्धान प्रतिवेदन प्राप्त भएपछि प्रतिवेदन बमोजिमको मुद्दामा अभियोजन सम्बन्धी कारबाही गर्न सम्बन्धित सरकारी वकील कार्यालयका कार्यालय प्रमुखले सरकारी वकील तोक्ने,

(ख) अनुसन्धान प्रतिवेदनमा उल्लेख भए बमोजिमका कागज प्रमाण मिसिलमा भए वा नभएको रुजु गर्ने,

(ग) सोही दिन मुद्दा चल्ने वा नचल्ने निर्णय गर्न र अदालतमा पेश गर्न नभ्याइने भएमा मुद्दासँग सम्बन्धित दसी प्रमाण र उपस्थित गराएको अभियुक्तलाई मुद्दा दर्ता गर्ने दिनमा ल्याउने गरी सम्बन्धित प्रहरी कार्यालयमा फिर्ता पठाउने,

(घ) अनुसन्धान प्रतिवेदन बमोजिमको वारदातसँग सम्बन्धित मुद्दा चलाउन कानूनले निर्धारण गरेको हदम्यादका सम्बन्धमा यकिन गर्ने,

(ङ) अनुसन्धानको क्रममा अभियुक्त थुनामा रहेको भए मुद्दा हेर्ने अधिकारीबाट थुनामा राख्ने म्याद लिए नलिएको र म्याद बाँकी रहे नरहेको यकिन गर्ने।

(३) उपदफा (२) बमोजिम मिसिल कागज अध्ययन गरी उपलब्ध कागज प्रमाण समेतको मूल्याङ्कनको आधारमा मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने सन्दर्भमा सरकारी वकीलले देहायको निर्णय गर्न सक्नेछः-

(क) अनुसन्धान भएका सबै अभियुक्त उपर मुद्दा चलाउने,

(ख) अनुसन्धान भएकामध्ये केही प्रतिवादीको हकमा मुद्दा चलाउने र केही प्रतिवादीको हकमा नचलाउने,

(ग) कोही कसै उपर मुद्दा नचलाउने,

(घ) नेपाल सरकार वादी भई मुद्दा नचल्ने भई असर पर्ने व्यक्तिले नै मुद्दा चलाउनु पर्ने भएमा सोको जानकारी त्यस्तो व्यक्तिलाई समेत दिने।

(४) उपदफा (३) बमोजिम मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा सरकारी वकीलले देहायका विषय समेत विचार गर्नु पर्नेछः -

(क) अनुसन्धान अधिकारीबाट प्राप्त अनुसन्धान प्रतिवेदनलाई गम्भीरतापूर्वक अध्ययन गर्ने,

(ख) निर्दोष नपरोस् र दोषी नउम्कियोस् भन्ने फौजदारी न्यायको मान्य सिद्धान्तलाई आत्मसात गर्ने,

(ग) सबुद प्रमाणमा आधारित र वस्तुनिष्ठ निर्णय गर्ने,

(घ) स्वतन्त्र एवम् निर्भिक भएर निर्णय गर्ने,

(ङ) अभियुक्त पत्ता नलागेको वा अन्य कुनै कारणबाट मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर हुन नसकेको कसूरबाट पीडितलाई पीडित राहत कोषबाट राहत

रकम उपलब्ध गराउने सम्बन्धमा फौजदारी कसूर (पीडित राहत कोष) नियमावली, २०७७ को नियम ११ को उपनियम (३) बमोजिमको प्रक्रिया अवलम्बन गर्न पीडितलाई जानकारी गराई सो प्रक्रियामा सहजीकरण गरिदिन अनुसन्धान अधिकारीलाई लेखी पठाउने कुरा अभियोजनको निर्णयमा उल्लेख गर्ने।

(५) उपदफा (३) को खण्ड (ग) बमोजिम कोही कसै उपर मुद्दा नचलाउने निर्णय गर्दा देहायका विषयलाई आधार लिनु पर्नेछः-

(क) कसूर गर्ने व्यक्ति नखुलेको वा पत्ता नलागेको वा कसूर गर्ने व्यक्तिको मृत्यु भइसकेको,

(ख) कुनै पनि व्यक्तिले कसूर गरेको हो भनी पुष्टि हुने पर्याप्त सबुद प्रमाण नभएको,

(ग) मुद्दा दर्ता गर्ने हदम्याद गुज्रिी सकेको,

(घ) अनुसन्धानबाट कसूरको वारदात स्थापित हुन नसकेको, वा

(ङ) नेपाल सरकार वादी भई मुद्दा चलाउन हकदैया नभएको।

(५) उपदफा (२) बमोजिम सरकारी वकीलले मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा कुनै कुरामा थप अनुसन्धान गर्नु पर्ने आवश्यकता देखिएमा संहिताको दफा ३१ को उपदफा (४) को अधीनमा रही अनुसन्धान गर्नु पर्ने कुरा स्पष्ट खुलाई थप अनुसन्धान गरी सबुद प्रमाण सङ्कलन गर्न अनुसन्धान अधिकारीलाई लेखी पठाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम निर्देशन प्राप्त भएकोमा अनुसन्धान अधिकारीले संहिताको दफा ३१ को उपदफा (५) र (६) को अधीनमा रही मुद्दाको हदम्याद तथा अभियुक्तलाई हिरासतमा राख्ने म्याद समेतलाई विचार गरी म्यादभित्रै अभियोजनको काम सम्पन्न हुन सक्ने गरी निर्देशन बमोजिमको कार्य यथासम्भव छिटो सम्पन्न गरी सम्बन्धित सरकारी वकील समक्ष पेश गर्नु पर्नेछ।

(७) हिरासतमा रहेका कुनै व्यक्तिका हकमा मुद्दा नचलाउने गरी निर्णय भएकोमा त्यस्तो मुद्दा नचल्ने निर्णय भएको व्यक्तिलाई कानून बमोजिम हाजिर जमानीमा छाड्न सरकारी वकीलले सोही दिन सम्बन्धित अनुसन्धान अधिकारीलाई लेखी पठाउनु पर्नेछ।

(८) अनुसन्धानको क्रममा कुनै व्यक्तिबाट धरौट वा जमानत लिएको भएमा त्यस्तो व्यक्तिको हकमा मुद्दा नचल्ने गरी अन्तिम निर्णय भएमा त्यस्तो धरौट वा जमानत

सम्बन्धित व्यक्तिलाई फिर्ता गर्न सम्बन्धित सरकारी वकीलले अनुसन्धान अधिकारीलाई लेखी पठाउनु पर्नेछ।

(९) प्रतिवादी खुलेका मुद्दामा कुनै अभियुक्त उपर मुद्दा नचलाउने गरी निर्णय भएकोमा सम्बन्धित मुद्दाको हदम्याद ननाघ्ने गरी निर्णयको प्रतिलिपि र सक्कल मिसिल यथाशीघ्र निर्णयका लागि सम्बन्धित सरकारी वकीलले माथिल्लो सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ।

(१०) कसैको हकमा मुद्दा नचलाउने वा कसैको हकमा मुद्दा चलाउने गरी आंशिक निर्णय गरेकोमा सम्बन्धित सरकारी वकीलले निर्णय तथा मिसिल संलग्न कागजातहरूको प्रतिलिपि तयार गरी तुरून्त सम्बन्धित माथिल्लो सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ।

(११) उपदफा (९) वा (१०) बमोजिम मिसिल प्राप्त भएपछि सम्बन्धित उच्च सरकारी वकील कार्यालयले मुद्दा नचलाउने गरी गरेको निर्णय समर्थन गरेकोमा अन्तिम निकासाका लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्नेछ।

(१२) यस दफा बमोजिम मुद्दा नचलाउने गरी निर्णय भएको मुद्दामा मुद्दा चलाउने गरी उच्च सरकारी वकील कार्यालय वा महान्यायाधिवक्ताको कार्यालयबाट लेखी आएमा सम्बन्धित सरकारी वकीलले सोही बमोजिम अभियोगपत्र तयार गरी सम्बन्धित अदालतमा मुद्दा दायर गर्नु पर्नेछ।

(१३) यस दफा बमोजिम मुद्दा चलाउने वा नचलाउने गरी भए गरेको अन्तिम निर्णयको जानकारी सम्बन्धित अनुसन्धान अधिकारी मार्फत जाहेरवाला वा कसूर पीडितलाई गराउनु पर्नेछ।

४०. <u>मुद्दा चलाउने वा नचलाउने निर्णयको अभिलेखः</u> (१) मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा महान्यायाधिवक्ताको कार्यालयले अनुसूची-५ बमोजिम र अन्य सरकारी वकील कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा गरी सोको साल बसाली रूपमा अभिलेख राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्णयको अभिलेख तथा सम्प्रेषण देहाय बमोजिम गर्नु पर्नेछः-

(क) सम्बन्धित सरकारी वकीलले मुद्दा चलाउने वा नचलाउने गरी निर्णय गर्दा निर्णय किताबमा निर्णय लेखी वा नेपाली कागजमा टाईप गरी क्रमैसँग निर्णय गर्ने सरकारी वकीलको नाम, थर, दर्जा र मिति समेत उल्लेख गर्नु पर्ने र

सम्बन्धित सरकारी वकीलले हस्ताक्षर गरी कार्यालयको छाप लगाई प्रमाणित गर्नु पर्ने,

(ख) मुद्दा चल्ने वा नचल्ने गरी भएको निर्णयलाई यथासम्भव छिटो महान्यायाधिवक्ताको कार्यालयबाट निर्धारित मुद्दा व्यवस्थापन प्रणाली (केश म्यानेजमेन्ट सिस्टम) सफ्टवेयरमा प्रविष्ट गर्नु पर्ने,

(ग) मुद्दा नचल्ने गरी भएको निर्णयको प्रतिलिपि र मुद्दा चलाएकोमा अभियोगपत्रको प्रतिलिपि सम्बन्धित अनुसन्धान अधिकारी वा अनुसन्धान गर्ने कार्यालय र अभियुक्तलाई दिई सोको अभिलेख राख्नु पर्ने,

(घ) मुद्दा नचल्ने गरी भएको निर्णयको प्रतिलिपि सहित यथासक्य छिटो अनुसन्धान अधिकारीले सम्बन्धित जाहेरवाला वा कसूर पीडितलाई जानकारी दिई सोको भरपाईको एक प्रति सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्ने,

(ङ) सरकारी वकीलबाट मुद्दा नचलाउने गरी भएको निर्णयसँग सम्बन्धित मुद्दाका मिसिल, दसी लगायत प्रमाणका वस्तु अविलम्ब सम्बन्धित अनुसन्धान अधिकारीको कार्यालयमा फिर्ता पठाई सो कार्यालयले मिसिल, दसी लगायत प्रमाणका वस्तु त्यस्तो मुद्दा दायर गर्ने हदम्यादसम्म सुरक्षित राख्नु पर्ने,

(च) खण्ड (ङ) बमोजिमको दसी प्रमाण वा चीज वस्तु कसैको सम्पत्ति रहेछ भने त्यस्तो सम्पत्ति आवश्यक परेको बखत दाखिला गर्ने शर्तको कागज गराई अनुसन्धान अधिकारीले सम्बन्धित धनीलाई फिर्ता दिई सोको जानकारी सम्बन्धित सरकारी वकील कार्यालयलाई गराउनु पर्ने,

(छ) नेपाल सरकार वादी हुने मुद्दाको रूपमा अनुसन्धान तहकिकात भएकोमा नेपाल सरकार वादी भई मुद्दा चल्न नसक्ने वा अन्य कानून अन्तर्गत व्यक्ति वादी भई मुद्दा चल्ने देखी सम्बन्धित सरकारी वकील कार्यालयले मुद्दा नचल्ने निर्णय गरेकोमा सम्बन्धित उच्च सरकारी वकील कार्यालय वा महान्यायाधिवक्ताको कार्यालयबाट मुद्दा चलाउने गरी निकासा भएकोमा बाहेक नेपाल सरकार वादी भई मुद्दा नचल्ने कुराको जानकारी सम्बन्धित अनुसन्धान अधिकारी मार्फत सम्बन्धित व्यक्तिलाई दिनु पर्ने।

४१. **विवरण प्रविष्ट गर्नेः** मुद्दा चलाउने गरी निर्णय भएका प्रत्येक वारदातका सम्बन्धमा सरकारी वकीलले संहिताको दफा ३२ को उपदफा (१), (२), (३), (४) र (५) तथा मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ११ बमोजिम अभियोगपत्र

अदालतमा दर्ता गरेपछि सो सम्बन्धी विवरण राख्नको लागि सम्बन्धित सरकारी वकील कार्यालयले अनुसूची-७ बमोजिमको ढाँचाको मुद्दा दर्ता किताबमा दर्ता गरी सो किताबमा विवरण प्रविष्ट गर्नु पर्नेछ।

४२. <u>**थप दाबी लिने:**</u> संहिताको दफा ३५ तथा मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम २१ को उपनियम (१) को अधीनमा रही थप दाबी लिई अभियोगपत्र पेश गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) कसूरको अनुसन्धान गर्दा एकभन्दा बढी व्यक्ति उपर अनुसन्धान भएको तर त्यस्ता व्यक्तिमध्ये कुनै व्यक्तिको हकमा मात्र मुद्दा चलाइएकोमा आंशिक रूपमा मुद्दा चलाउने गरी भएको निर्णय सम्बन्धित उच्च सरकारी वकील कार्यालय वा महान्यायाधिवक्ताको कार्यालयबाट जाँच गर्दा मुद्दा नचलाउने गरी निर्णय भएका व्यक्तिको हकमा मुद्दा चलाउनु पर्ने मनासिब कारण देखेमा मुद्दा चलाउने निर्णय गरी सम्बन्धित सरकारी वकीललाई मुद्दा चलाउन निर्देशन दिएमा पूरक अभियोगपत्र दायर गर्ने,

(ख) खण्ड (क) बमोजिम मुद्दा चलाउन निर्देशन दिँदा उच्च सरकारी वकील कार्यालय वा महान्यायाधिवक्ताको कार्यालयबाट मुद्दा चलाउनु पर्ने आधार र कारण स्पष्ट रूपमा खुलाई पठाउनु पर्ने,

(ग) खण्ड (क) बमोजिम निर्देशन प्राप्त भएपछि सम्बन्धित सरकारी वकील कार्यालयले पुनः मुद्दा चल्ने वा नचल्ने थप निर्णय गरिरहनु नपर्ने र सम्बन्धित निर्णयको कैफियतमा निर्देशनको व्यहोरा जनाउनु पर्ने,

(घ) कुनै कसूरका सम्बन्धमा अदालतमा मुद्दा दायर भइसकेपछि नयाँ प्रमाण प्राप्त हुन आएको वा नयाँ तथ्य खुलेकोमा सो सम्बन्धमा थप अनुसन्धान गर्दा प्राप्त प्रमाणबाट अभियोजन गरिसकेका बाहेक अन्य अभियुक्त उपर समेत सजायको मागदाबी लिन आवश्यक भएमा सोही बमोजिम मुद्दा चलाउने निर्णय गरी थप मागदाबी लिई पूरक अभियोगपत्र पेश गर्ने,

(ङ) कुनै कसूरका सम्बन्धमा अदालतमा मुद्दा दायर भइसकेपछि नयाँ प्रमाण प्राप्त हुन आएको वा नयाँ तथ्य खुलेकोमा सो सम्बन्धमा थप अनुसन्धान गर्दा प्राप्त प्रमाणबाट अभियोजन गरी अभियुक्त कायम भइसकेका व्यक्ति उपर थप सजायको मागदाबी लिन आवश्यक भएमा सोही बमोजिम मुद्दा चलाउने निर्णय गरी थप मागदाबी लिई पूरक अभियोगपत्र पेश गर्ने,

(च) खण्ड (घ) र (ङ) बमोजिम पूरक अभियोगपत्र दर्ता गर्दा मूल अभियोगपत्रमा उल्लिखित तथ्यगत कुरा नदोहोरिने गरी पछि सङ्कलित कागज प्रमाणबाट खुल्न आएको तथ्य र अभियोजन गर्ने आधार र कारण उल्लेख गरी पूरक अभियोगपत्र तयार गरी सम्बन्धित अदालत वा निकायमा दर्ता गर्ने,

(छ) यस दफा बमोजिम पूरक अभियोगपत्र तयार गर्दा दफा ४१ बमोजिम अभिलेख राख्ने।

४३. **अभियोगपत्र संशोधनः** संहिताको दफा ३६ को अधीनमा रही अभियोगपत्र संशोधन गर्न अदालतमा निवेदन दिँदा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) कुनै कसूरका सम्बन्धमा अदालतमा मुद्दा दायर भइसकेपछि नयाँ प्रमाण प्राप्त हुन आएको वा नयाँ तथ्य खुलेकोमा सो सम्बन्धमा थप अनुसन्धान गर्दा प्राप्त प्रमाणबाट कुनै वा सबै अभियुक्तको हकमा पहिले लिएको मागदाबीमा संशोधन गर्न आवश्यक देखिएमा महान्यायाधिवक्ताको पूर्व स्वीकृति लिई अभियोग मागदाबी संशोधन गर्न शुरु तहको सम्बन्धित अदालतबाट फैसला हुनु अगावै अदालतमा निवेदन दिनु पर्ने,

(ख) खण्ड (क) बमोजिम महान्यायाधिवक्ताको स्वीकृति लिने प्रयोजनका लागि अभियोगपत्रमा संशोधन गर्नु पर्ने आधार, कारण र औचित्य खुलाई सम्बन्धित सरकारी वकीलको कार्यालयले सम्बन्धित मिसिल कागजात साथै राखी अनुसूची-८ बमोजिमको ढाँचामा स्वीकृतिका लागि छिटो माध्यमबाट महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्ने,

(ग) खण्ड (ख) बमोजिम जिल्ला सरकारी वकील कार्यालयले अभियोगपत्र संशोधनको लागि महान्यायाधिवक्ताको कार्यालयमा स्वीकृतिका लागि पठाउँदा सोको जानकारी सम्बन्धित उच्च सरकारी वकील कार्यालयलाई दिनु पर्ने,

(घ) खण्ड (ख) बमोजिम प्राप्त हुन आएको मिसिल कागजात अध्ययन गरी महान्यायाधिवक्ताको कार्यालयले अभियोगपत्र संशोधन गर्ने वा नगर्ने सम्बन्धमा निर्णय गरी सम्बन्धित सरकारी वकील कार्यालयलाई निर्देशन दिनु पर्ने,

(ङ) खण्ड (घ) बमोजिम महान्यायाधिवक्ताको कार्यालयबाट अभियोगपत्र संशोधन गर्न स्वीकृति प्राप्त भएमा सम्बन्धित सरकारी वकीलले सो व्यहोरा समेत उल्लेख गरी आधार र कारण खुलाई सम्बन्धित अदालतमा निवेदन दिनु पर्ने,

(च) खण्ड (ङ) बमोजिम दिएको निवेदनका आधारमा अभियोगपत्र संशोधन गर्ने गरी अदालतबाट आदेश भएमा सम्बन्धित सरकारी वकीलले सोको प्रतिलिपि लिई सम्बन्धित मिसिलमा संलग्न गरी मुद्दा चल्ने वा नचल्ने निर्णय किताब र मुद्दा दर्ता किताबको कैफियत महलमा संशोधन भएको व्यहोरा जनाउने।

४४. **<u>अभियोगपत्रको त्रुटि सच्याउने:</u>** संहिताको दफा ३७ को अधीनमा रही सम्बन्धित सरकारी वकीलले अभियोगपत्रको त्रुटि सच्याउन अदालतमा निवेदन दिँदा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) अभियोगपत्रमा सानातिना त्रुटि सच्याउनको लागि दिइने निवेदन शुरु तहको सम्बन्धित अदालतबाट फैसला नहुँदै अभियोगपत्रको अभिन्न अङ्गको रूपमा रहने गरी दर्ता गर्नु पर्ने,

(ख) संहिताको दफा ३७ बमोजिम सरकारी वकीलले दिएको निवेदन अनुरूप अदालतले अभियोगपत्रमा भएको सानातिना त्रुटि सच्याउने आदेश दिएमा सो आदेशको प्रतिलिपि लिई मिसिल संलग्न गरी मुद्दा चल्ने वा नचल्ने निर्णय किताब र मुद्दा दर्ता किताबको कैफियत महलमा त्रुटि सच्चिएको व्यहोरा जनाउनु पर्ने।

४५. **<u>मालसामान सुरक्षित राख्नु पर्ने:</u>** अभियोगपत्र साथ दाखिल भएका दसीका मालसामानको परिमाण र प्रकृतिको कारणबाट अदालतमा सुरक्षित राख्न सकिने अवस्था नभई अदालतले खोजेका बखत दाखिल गर्ने गरी त्यस्तो मालसामान सुरक्षित तवरले राख्न मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम १४ को उपनियम (१) बमोजिम अदालतले आदेश दिएमा अनुसन्धान गर्ने निकायले त्यस्तो मालसामान सुरक्षित तबरले राख्नु पर्नेछ।

## परिच्छेद-८

## <u>अनुसन्धान तथा अभियोजनको अनुगमन</u>

४६. <u>अनुसन्धानको अनुगमन गर्ने:</u> (१) संहिताको अनुसूची-१ मा उल्लिखित कसूरको अनुसन्धान सम्बन्धी कार्यको अनुगमन गर्न प्रहरी प्रधान कार्यालयमा देहाय बमोजिमको अनुसन्धान अनुगमन समिति रहनेछः-

(क) प्रमुख, अपराध अनुसन्धान विभाग, प्रहरी प्रधान कार्यालय -संयोजक

(ख) प्रमुख, केन्द्रीय अनुसन्धान ब्यूरो -सदस्य

(ग) प्रहरी महानिरीक्षकले तोकेको कम्तीमा प्रहरी बरिष्ठ उपरीक्षक -सदस्य-सचिव

(२) संहिताको अनुसूची-२ मा उल्लिखित कसूरको अनुसन्धान सम्बन्धी कार्यको अनुगमन गर्न त्यस्तो कसूरको अनुसन्धान गर्ने कार्यालयको केन्द्रीय निकायमा सो निकायको प्रमुखभन्दा मुनिको वरिष्ठ कर्मचारीको संयोजकत्वमा विषय विज्ञ कर्मचारी समेत रहने गरी अनुसन्धान अनुगमन समिति गठन गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम गठित अनुसन्धान अनुगमन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कसूरको अनुसन्धान तहकिकातका सम्बन्धमा प्रभावकारिता तथा एकरूपता कायम गर्न आवश्यक निर्देशन दिने,

(ख) कसूरको अनुसन्धान सम्बन्धी काम कारबाही शीघ्र, स्वतन्त्र, निष्पक्ष, कानून सम्मत र वस्तुपरक ढङ्गले भए नभएको सम्बन्धमा अनुगमन गरी यस्तो भएको नपाइएमा सम्बन्धित अधिकारीलाई आदेश वा निर्देशन दिनुका साथै मातहत कार्यालयमा अनुसन्धानका सम्बन्धमा आवश्यक परिपत्र जारी गर्ने,

(ग) कसूरको अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन महान्यायाधिवक्ताको कार्यालयसँग समन्वय र सहकार्य गर्ने,

(घ) कसूरको अनुसन्धान गर्ने मातहत कार्यालयको स्थलगत अनुगमन गरी अनुसन्धानको प्रभावकारिता अभिवृद्धि गर्ने,

(ङ) उपयुक्त माध्यमबाट अनुसन्धानको प्रगति र तथ्याङ्क प्राप्त गरी सोको अध्ययन विश्लेषण गरी सुझाव सहितको प्रतिवेदन अनुसूची(९ बमोजिमको ढाँचामा तयार गरी अनुसन्धानमा गर्नु पर्ने सुधारका लागि प्रहरी कार्यालयबाट भएको अनुसन्धानको हकमा प्रहरी महानिरीक्षक समक्ष र अन्य कार्यालयबाट भएको अनुसन्धानको हकमा सम्बन्धित कार्यालयको केन्द्रीय निकायको प्रमुख समक्ष पेश गर्ने।

(४) उपदफा (१) र (२) बमोजिमको अनुसन्धान अनुगमन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(५) उपदफा (१) र (२) बमोजिमको अनुसन्धान अनुगमन समितिको बैठकमा आवश्यकता अनुसार अनुसन्धानविद् वा विज्ञ कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ।

(६) उपदफा (१) र (२) बमोजिमको अनुसन्धान अनुगमन समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

४७. **अभियोजनको अनुगमन गर्ने:** (१) सरकारी वकील कार्यालयबाट भएको अभियोजन सम्बन्धी कार्यको अनुगमनको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयको अभियोजनको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी जिम्मेवारी प्राप्त सम्बन्धित महाशाखाबाट हुनेछ।

(२) उच्च सरकारी वकील कार्यालयले सरकारी वकील सम्बन्धी नियमावली, २०७७ मा भएको व्यवस्थाको अधीनमा रही आफू मातहतका कार्यालयको अभियोजन अनुगमन गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको महाशाखाले अनुगमन सम्बन्धी कार्य सम्पादन गर्दा अन्य कर्मचारीको समेत सहयोग लिनेछ।

(४) उपदफा (१) बमोजिमको महाशाखाले अभियोजन अनुगमनका सम्बन्धमा देहाय बमोजिम कार्य सम्पादन गर्नु पर्नेछः-

(क) सरकारी वकील कार्यालयबाट अदालतमा दर्ता गरिने अभियोगपत्रमा एकरूपता, शिघ्रता, कानूनको उचित प्रयोग र उपयुक्त व्यक्ति उपर उपयुक्त अभियोजन गर्ने सम्बन्धमा आवश्यकता अनुसार नमुना अभियोगपत्र समेत तयार गरी सल्लाह सुझाव दिने,

(ख) मातहत कार्यालयबाट अदालतमा दर्ता गरेका अभियोगपत्रको प्रतिलिपि माग गरी सोको अभिलेख राखी कसूरको प्रकृति र विषय अनुसार निश्चित मापदण्डका आधारमा अभियोगपत्रको अध्ययन विश्लेषण गरी सुधार गर्नु पर्ने विषयमा समय समयमा निर्देशन तथा परिपत्र जारी गर्न प्रतिवेदन पेश गर्ने।

(५) उपदफा (४) को खण्ड (ख) बमोजिम अभियोगपत्रको अध्ययन विश्‌लेषण गर्दा देहायका विषयमा केन्द्रित हुनु पर्नेछः-

(क) सरकारी वकील कार्यालयबाट दायर भएका अभियोगपत्रमा एकरूपता कायम भएको वा नभएको,

(ख) अभियोजन गर्दा प्रमाणको उचित मूल्याङ्कन गरिएको वा नगरिएको,

(ग) मिसिल संलग्न प्रमाणका आधारमा कानूनको उपयुक्त दफा प्रयोग गरिएको वा नगरिएको,

(घ) अभियोग लगाउनु पर्ने व्यक्ति उपर अभियोग लगाएको छ वा छैन र अभियोग नलगाउनु पर्ने व्यक्ति उपर अभियोग लगाइएको छ वा छैन,

(ङ) अभियोजनको कार्यमा अनावश्यक बिलम्ब भएको वा नभएको,

(च) कानून बमोजिम अभियोगपत्रमा खुलाउनु पर्ने कुरा खुलाएको वा नखुलाएको,

(छ) अभियोगपत्र निर्धारित ढाँचामा भएको वा नभएको,

(ज) अनुसन्धानमा सहयोग गर्ने अभियुक्त उपर सजाय कम गर्ने मागदाबी लिएको वा नलिएको र त्यसको आधार उपयुक्त भएको वा नभएको,

(झ) थप दाबी लिन आवश्यक भएकोमा दाबी गरिएको वा नगरिएको,

(ञ) अभियोगपत्र संशोधन आवश्यक भएकोमा संशोधन गरिएको वा नगरिएको,

(ट) अभियोगपत्रमा सानातिना त्रुटि रहेको वा नरहेको र रहेको भए सो सच्याउन अदालतमा निवेदन दिएको वा नदिएको,

(ठ) अन्य आवश्यक कुरा।

(६) उपदफा (१) बमोजिमको महाशाखाले प्रत्येक वर्ष मातहत सरकारी वकील कार्यालयको अभियोजन अनुगमन गर्न खटिने टोलीको कार्यदिश सहितको कार्य तालिका बनाई स्थलगत अनुगमन गर्ने वा गराउने व्यवस्था मिलाउनेछ।

(७) उपदफा (६) बमोजिम खटिएको अनुगमन टोलीले अनुगमन सम्पन्न गरेको मितिले सात दिनभित्र अनुसूची-१० बमोजिमको ढाँचामा प्रतिवेदन तयार गरी महान्यायाधिवक्ताको कार्यालयमा पेश गर्नु पर्नेछ।

(८) उपदफा (१) बमोजिमको महाशाखाले उपदफा (४) बमोजिम गरेको अनुगमन तथा उपदफा (७) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा सो महाशाखाले वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र महान्यायधिवक्ता समक्ष पेश गर्नु पर्नेछ।

४८. <u>संयुक्त रूपमा अनुगमन गर्ने</u>: (१) यस परिच्छेद बमोजिम मातहत कार्यालयको अनुगमन गर्दा महान्यायाधिवक्ताको कार्यालय, प्रहरी प्रधान कार्यालय र अन्य निकायले आवश्यक समन्वय गरी संयुक्त रूपमा अनुगमन गर्ने टोली खटाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको टोलीले आ-आफ्नो मातहत कार्यालयको कार्यको अनुगमन गरी अनुगमनमा देखिएका एक अर्का निकायसँगको अपेक्षा र सुधार गर्नु पर्ने विषयमा तत्कालै स्थलगत रूपमा अन्तर्क्रिया गरी समस्याको सम्बोधन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम खटिएको अनुगमन टोलीले आफूले गरेको अनुगमन कार्य सम्बन्धी अनुगमन प्रतिवेदन तयार गरी अनुगमन सम्पन्न भएको मितिले सात दिनभित्र सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदनको आधारमा एकीकृत प्रतिवेदन तयार गरी सरोकारवाला निकायका अधिकारीसँग छलफल गरी कार्य सम्पादनमा सुधार गर्नु वा गराउनु सम्बन्धित अनुसन्धान तथा अभियोजन गर्ने निकायको कर्तव्य हुनेछ।

# परिच्छेद-९

## विविध

४९. **समन्वय समिति सम्बन्धी व्यवस्थाः** (१) कसूरको अनुसन्धान, अभियोजन र सरकारी पक्षको प्रतिनिधित्वलाई प्रभावकारी बनाउन देहाय बमोजिमका समन्वय समिति रहनेछन्:-

(क) उच्च सरकारी वकील कार्यालयमाः-

| | | |
|---|---|---|
| (१) | सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय | -अध्यक्ष |
| (२) | उच्च सरकारी वकील कार्यालयको मुकाम रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारी | -सदस्य |
| (३) | उच्च सरकारी वकील कार्यालय, पाटनको हकमा राजश्व अनुसन्धान विभागको महानिर्देशक र अन्य उच्च सरकारी वकील कार्यालयको हकमा सो विभागको सम्बन्धित कार्यालयको प्रमुख | -सदस्य |
| (४) | उच्च सरकारी वकील कार्यालय पाटनको हकमा उपत्यका प्रहरी कार्यालयको प्रहरी नायब महानिरीक्षक, उच्च सरकारी वकील कार्यालयको मुकाम रहेको स्थानमा प्रदेश प्रहरी कार्यालय रहेको हकमा प्रदेश प्रहरी कार्यालयको प्रमुख र उच्च सरकारी कार्यालयको मुकाम रहेको स्थानमा प्रदेश प्रहरी कार्यालय नरहेको हकमा जिल्ला प्रहरी कार्यालयको प्रमुख | -सदस्य |
| (५) | उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले तोकेको उपन्यायाधिवक्ता वा सहायक न्यायाधिवक्ता | -सदस्य सचिव |

(ख) विशेष सरकारी वकील कार्यालयमाः-

| | | |
|---|---|---|
| (१) | सहन्यायाधिवक्ता, विशेष सरकारी वकील कार्यालय | -अध्यक्ष |
| (२) | सह-सचिव, अख्तियार दुरूपयोग अनुसन्धान | -सदस्य |

| | | |
|---|---|---|
| | आयोग | |
| (३) | महानिर्देशक, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | -सदस्य |
| (४) | केन्द्रीय अनुसन्धान व्यूरोले तोकेको सो व्यूरोको प्रहरी नायब महानिरीक्षक | -सदस्य |
| (५) | नेपाल राष्ट्र बैङ्कको बैङ्क तथा वित्तीय संस्था अनुगमन विभागको प्रमुख | -सदस्य |
| (६) | उपन्यायाधिवक्ता, विशेष सरकारी वकील कार्यालय | -सदस्य-सचिव |

(ग) जिल्ला सरकारी वकील कार्यालयमाः-

| | | |
|---|---|---|
| (१) | सहन्यायाधिवक्ता वा जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय | -अध्यक्ष |
| (२) | प्रमुख, जिल्ला प्रहरी कार्यालय | -सदस्य |
| (३) | सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय | -सदस्य |
| (४) | जिल्ला स्वास्थ्य कार्यालयको प्रमुख वा निजले तोकेको चिकित्सक | -सदस्य |
| (५) | जिल्ला सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता वा जिल्ला न्यायाधिवक्ताले तोकेको जिल्ला न्यायाधिवक्ता वा सहायक जिल्ला न्यायाधिवक्ता | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कसूरको अनुसन्धान र अभियोजन तथा मुद्दाको बहस, पैरवी एवम् प्रतिरक्षामा प्रभावकारिता ल्याउनको लागि सम्बन्धित कार्यालयबीच समन्वय कायम गर्ने,

(ख) अनुसन्धानकर्ता र अभियोजनकर्ताबीच समन्वय र सहकार्य गर्ने वा गराउने।

(३) उपदफा (१) बमोजिमको समन्वय समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) उपदफा (१) बमोजिमको समन्वय समितिको बैठकमा मुद्दाको अनुसन्धान र अभियोजन तथा न्याय सम्पादनसँग सम्बन्धित निकायको प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

(५) उपदफा (१) बमोजिमको समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(६) उपदफा (१) बमोजिमको समन्वय समितिले गरेको निर्णयको जानकारी महान्यायाधिवक्ताको कार्यालय, गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय, सम्बन्धित उच्च सरकारी वकील कार्यालय, माथिल्लो प्रहरी कार्यालय तथा निर्णयसँग सम्बन्धित अन्य निकायमा पठाउनु पर्नेछ।

५०. **अन्तरिम क्षतिपूर्ति माग गर्ने:** (१) कसूरको अनुसन्धानको चरणमा कसूर पीडित वा निजमा आश्रित व्यक्तिलाई मुलुकी अपराध संहिता, २०७४ को दफा ४८ को उपदफा (१) बमोजिम अन्तरिम क्षतिपूर्ति वा राहत रकम माग गर्नु पर्ने अवस्था भएमा अनुसन्धान अधिकारीले त्यस्तो व्यक्तिबाट निवेदन लिई सम्बन्धित सरकारी वकीलसँग समन्वय गरी सोको लागि अदालत समक्ष माग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अन्तरिम क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउने सम्बन्धमा अदालतमा बहस, पैरवी गर्नु पर्ने अवस्था भएमा सम्बन्धित सरकारी वकीलले बहस, पैरवी गर्नु पर्नेछ।

५१. **एकै पटक अनुसन्धान र अभियोजन गर्नु पर्ने:** (१) कुनै कसूरको अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको अभियुक्तले गरेको अन्य कसूर सम्बन्धी मुद्दाको विषयमा समेत अनुसन्धान गर्नु पर्ने भएमा त्यस्तो अभियुक्तसँग सम्बन्धित सबै कसूरको एकै पटक अनुसन्धान र अभियोजन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुसन्धान र अभियोजनको कार्य फरक फरक निकाय वा कार्यालयबाट गर्नु पर्ने रहेछ भनेपनि सम्बन्धित निकायसँग समन्वय गरी एकै पटक गर्नु पर्नेछ।

५२. **बरामद भएको धनमाल फिर्ता दिने:** (१) कसूरको अनुसन्धानको सिलसिलामा बरामद भएकामध्ये वारदातमा प्रयोग भएका वस्तु वा साधन वा प्रचलित कानून बमोजिम अवैध मानिने र जफत हुने मालवस्तु बाहेक अन्य व्यक्तिगत धनमाल अभियुक्तको बयान गर्दा सनाखत गराई सकेपछि अनुसन्धान अधिकारीले सम्बन्धित मालधनीलाई भरपाइ गराई अदालतले खोजेका बखत दाखिला गराउने शर्तमा फिर्ता दिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूरसँग सम्बन्धित नरहेको धनमाल वा तत्काल नासिने वा बिग्रिने वा व्यक्तिले दैनिक प्रयोग गर्ने निजी प्रयोजनका बैध धनमाल भएमा सम्बन्धित मालधनीबाट सनाखत गराई अदालतले खोजेका बखत दाखिला गराउने शर्तमा अनुसन्धान अधिकारीले भरपाइ गराई बुझाउनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम फिर्ता गर्नु पर्ने धनमालको वैज्ञानिक वा प्रयोगशाला परीक्षण गराउनु पर्नेमा त्यस्तो परीक्षण गरिसकेपछि मात्र फिर्ता गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम फिर्ता गरेको धनमालको रीतपूर्वकको भरपाइ मिसिल सामेल राख्नु पर्नेछ।

(५) कसूरसँग सम्बन्धित नरहेका बरामद भएका धनमाल यस दफा बमोजिम सम्बन्धित मालधनीलाई फिर्ता नगर्ने अनुसन्धान अधिकारीलाई अख्तियारवालाले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय कारबाही गर्न सक्नेछ।

५३. **त्रुटि हुन नहुने तर्फ सचेत रहने:** (१) कसूरको अनुसन्धान तथा अभियोजन सम्बन्धी काम कारबाही गर्दा कानूनले निर्धारण गरेको कार्यविधिका सम्बन्धमा कुनै पनि त्रुटि हुन नपाउनेतर्फ सम्बन्धित कर्मचारी तथा अधिकारी सचेत रहनु पर्नेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी कसूरको अनुसन्धान तथा अभियोजन सम्बन्धी काम कारबाही गर्दा कानूनले निर्धारण गरेको कार्यविधिका सम्बन्धमा लेखाई, छपाई वा मुद्रणमा भएको गणितीय वा अन्य कुनै सानातिना त्रुटि वा छुट भएकोमा सोही कारणले मात्र त्यससँग सम्बन्धित सम्पूर्ण काम कारबाही गैर कानूनी मानिने छैन।

# अनुसूची-१

**(दफा १३ को खण्ड (घ) सँग सम्बन्धित)**

## सरकारी वकिल कार्यालयमा राख्नुपर्ने कसूर दर्ता किताबको ढाँचा

.... सरकारी वकिल कार्यालय

कसूर दर्ता किताब

आर्थिक वर्ष......

(घटना/वारदातको कारबाही विवरण)

| क्र. स. | कसूर दर्ता नं. (प्रहरीको) | जाहेरवालाको विवरण | | शङ्कित को नाम | कसूरको नाम | वारदात मिति | हदम्याद सकिने मिति | जाहेरी मिति | प्रारम्भिक अनुसन्धान प्रतिवेदन प्राप्त मिति | जाहेरी तामेली मिति | अनुसन्धान अधिकृतको नाम र कार्यालय | तोकिएको सरकारी वकिल | निर्देशन दिएको मितिः (क्रमश) | म्यादथप मितिः (क्रमश) | म्यादथप बहस भए /नभएको | शङ्कितको बयान मिति | अनुसन्धान प्रतिवेदन प्राप्त मिति | मुद्दा चल्ने वा नचल्ने निर्णयको विवरण | | | | मुद्दा दर्ता मिति | अनुसूची - १ र २ वा देवानी मुद्दा | मुद्दा नचल्ने निर्णय निकासको लागि पठाएको मिति र च.नं. | निकासा विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नाम, ठेगाना, उमेर | लिङ्ग | | | | | | | | | | | | | | | नि.नं. र मिति | सबै प्रतिवादीलाई चलाएको | आंशिक चलाएको | नगर्ने निर्णय भएको | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

# अनुसूची - २

## (दफा १९ को उपदफा (१) को खण्ड (झ) सँग सम्बन्धित)

## अभियुक्तको बयानको ढाँचा

श्री ..... सरकारी वकील कार्यालय, ........... मा ऐ. कार्यालयका .............. न्यायाधिवक्ता श्री ................समक्ष ....... कार्यालय ............. का अनुसन्धान अधिकृत ............ ले .............. मुद्दाका प्रतिवादी ............. सँग लिएको बयान कागज।

स.नं. १ तपाइँको शारीरिक तथा मानसिक अवस्था कस्तो छ? सोधिएको प्रश्नको जवाफ दिन सक्नु हुन्छ वा हुन्न? खुलाई दिनुहोस्। — ज.नं. १

स.नं. २ तपाइँको बाबु/आमा, बाजेको नाम तपाईंको नाम थर, वतन, उमेर, शैक्षिक योग्यता, नागरिकता विवरण, परिवार सङ्ख्या, जग्गा जमिन, आयस्रोत, फोन नम्बर, धर्म र हुलिया समेत खुलाई दिनुहोस्। — ज.नं. २

स.नं. ३ तपाइँ यस कार्यालयमा किन उपस्थित हुन भएको छ? खुलाई दिनुहोस्। — ज.नं. ३

स.नं. ४ कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्न पाउने अधिकार छ भन्ने जानकारी तपाइँलाई छ/छैन? खुलाई दिनुहोस्। — ज.नं. ४

स.नं. ५ तपाइँले यस मुद्दामा कुनै कानूनी सल्लाहकार राख्नु भएको छ/छैन? खुलाई दिनुहोस्। — ज.नं. ५

स.नं. ६ तपाइँले प्रहरी हिरासतमा आफन्तहरू भेट्न पाउनु भएको छ/छैन? कुटपिट यातना भएको छ/छैन? खुलाई दिनुहोस्। — ज.नं. ६

स.नं. ७ तपाइँलाई यस मुद्दा अनुसन्धानको सिलसिलामा — ज.नं. ७

अनुसन्धान अधिकारीलाई अनुसन्धान कार्यमा सहयोग
गर्दा कानून बमोजिम सजायमा छुट पाइन्छ भन्ने
कुरा थाहा छ/ छैन खुलाई दिनुहोस्।

स.नं. ८ तपाइँले यस मुद्दामा आफूले बयान नदिई चुप लागेर बस्न पनि सक्नु हुन्छ, कुनै धाकधम्की करकापमा पारी बयान दिन लगाइएको छ, छैन? तपाइँले दिएको बयान आफै विरुद्ध प्रमाणमा लाग्छ भन्ने कुराको जानकारी छ/छैन? खुलाई दिनुहोस्। — ज.नं. ८

स.नं. ९ ........................................................ — ज.नं. ९ .......

स.नं. १० ........................................................ — ज.नं. १० ......

स.नं. ११ तपाइँले आफ्नो बयानमा खुलाई लेखी लेखाई दिनुभएको स.ज. १ देखि स.ज. .... सम्मको बयान व्यहोरा पढिवाची सुनाइन्छ। व्यहोरा अवगत गरी अन्य केही भए सो समेत खुलाई लेखाई दिनुहोस्। — ज.नं. ११ .......

<u>प्रतिवादी</u>

............................

इति संवत् ...... साल .......... महिना .... गते रोज ..... शुभम्।

# अनुसूची - ३

(दफा २६ को उपदफा (१) सँग सम्बन्धित)

## पीडित प्रभाव प्रतिवेदनको ढाँचा

श्री ....................

.....................................।

विषयः पीडित प्रभाव प्रतिवेदन पेश गरिएको बारे।

१. **पीडितको विवरणः**

(क) पीडितको व्यक्तिगत विवरण

नाम, थरः ........................

उमेरः ......................

लिङ्गः ..........................

पेशाः ...........................

पारिवारिक अवस्थाः .......................

स्थायी ठेगानाः ........................

अस्थायी ठेगानाः .......................

तत्काल अन्य कुनै ठाउँमा आश्रय लिई बसोबास गरेको भए त्यसको विवरणः.........................................................................

.................................।

(ख) पीडितको पारिवारिक विवरण (नाबालिग वा कानून बमोजिम संरक्षकत्व चाहिने व्यक्तिको हकमा)

बाबु/आमा, संरक्षक वा कानून बमोजिमको प्रतिनिधिको,

नाम, थरः ......................................

पेशाः ..........................

ठेगानाः ...........................

पारिवारिक अवस्थाः .................................

(ग) पीडितको पालन पोषण गर्ने वा हुर्काउने अरु कोही भए त्यसको विवरणः.. ...............................................................।

**२. कसूरको संक्षिप्त विवरणः**

......................................................................................................।

**३. कसूरबाट पीडितलाई पुगेको क्षतिको विवरण**

(क) भौतिक क्षति

(अ) पीडितको शारीरिक अवस्थाः

..................................................................................।

(आ) पीडितलाई कुनै दीर्घकालीन रूपमा असर परेको वा दीर्घकालीन असर पर्ने सम्भावना देखिने कुनै प्रकारको लक्षण भए (जस्तैः नाक, कान, आँखा, छाला, जिब्रो लगायतका ज्ञानेन्द्रीयहरू काम नलाग्ने भएमा सो सम्बन्धी विवरण, जबरजस्ती करणीबाट गर्भाधारण भए सोको अवस्था, कसूरदारबाट कुनै प्रकारको यौन रोग सरेको भएमा त्यसको विवरण) सोको विवरणः ............ ..........................................................................।

(इ) कसूरको कारणबाट पीडितको दैनिक जनजीविकामा प्रतिकूल प्रभाव परेको भए सोको विवरणः ..............................................।

(ई) पीडित भएको व्यक्ति कसूरबाट पीडित हुनु अगाडिको सामान्य अवस्था बमोजिम कामकाज गर्न सक्ने अवस्थामा रहे नरहेको वा निजको कार्यक्षमतामा कुनै प्रकारको ह्रास आएको भए सोको विवरणः.............................................................................।

(ख) मानसिक तथा भावनात्मक क्षति

(अ) कुनै प्रकारको व्यवहारगत असन्तुलन (सामान्य व्यक्ति सरह सुत्न सक्ने/नसक्ने, नियमित रूपमा खाना खाने/नखाने, कुनै विषयमा एकाग्र हुन सक्ने/नसक्ने) तथा अन्य कुनै प्रकारको मानसिक असन्तुलन देखिएको भए सोको विवरणः

........................................................................।

(आ) कहिलेकाँही त्यत्तिकै झर्को लाग्ने वा रिस उठ्ने, निराश हुने वा त्यस्तै कुनै प्रकारको मनोवैज्ञानिक लक्षणहरू देखिएको भए सोको विवरणः

................................................................. ।

(इ) कुनै प्रकारको मनोवैज्ञानिक डर, त्रास वा कुनै प्रकारको तनाव महसुस गरेको भए त्यसको विवरणः

.................................................................................।

(ई) पीडितको उद्दार पश्चात् समेत निजले सुरक्षित महसुस नगरेको, पुरानो घटना सम्झेर झस्किने वा तर्सने गरेको वा अरुको सहयोग आवश्यक भएको जस्तो महसुस भए सोको विवरणः .................................................................................।

(उ) पीडितले आफ्नो आत्मसम्मान कमजोर भएको तथा प्रतिष्ठामा आँच आएको महसुस गरेको भए सोको विवरणः

.................................................................................।

(ग) आर्थिक क्षति

(अ) रोजगारीका अवसरबाट वञ्चित भएको भए सोको विवरणः .................................................................................।

(आ) पीडितको तथा निजको परिवारको सम्पत्तिमा कुनै प्रकारको क्षति पुगेको भए सोको विवरणः ....................................................।

(इ) कसूरको कारण पीडितले आफ्नो सुरक्षा गर्न यातायात, सञ्चार बसोबास लगायतका विषयमा कुनै प्रकारको खर्च गरेको भए त्यस्तो खर्चको विवरणः.........................................................................।

(ई) कसूरको कारणबाट पीडित तथा निजको परिवारले कुनै प्रकारको उपचार गराउनु परेको भए सोको विवरण तथा उपचारमा लागेको खर्चको विवरणः.............................................................................।

(उ) पीडितलाई कुनै प्रकारको क्षतिपूर्ति यकिन भएको भए त्यसको विवरणः.................................................................................. ......................।

४. कसुरदारलाई गरिने सजायका सम्बन्धमा पीडितले कुनै धारणा व्यक्त गर्न चाहेमा त्यस्तो धारणाः................................................................................।

५. पीडित प्रभाव प्रतिवेदन गोप्य राख्न चाहे नचाहेको विवरण तथा त्यस्तो प्रतिवेदन गोप्य राख्न चाहनुको कारणः ......................... ....... ...............................................।

६. पीडितले कसूरका सम्बन्धमा कुनै धारणा व्यक्त गर्न चाहेमा त्यस्तो धारणाः ..........................................................................................................।

७. संलग्न कागजातहरुः

(क) प्रहरी कार्यालय प्रतिवेदनः छ/छैन

(ख) सम्बन्धित स्थानीय तहको सिफारिसपत्रः छ/छैन

(ग) मेडिकल रिपोर्टः छ/छैन

(घ) मनोसामाजिक परामर्श गरेको भए सोको विवरणः छ/छै

(ङ) अन्य सम्बद्ध कागजातः छ/छै

<u>प्रतिवेदन पेश गर्ने पीडित वा पीडितको बाबु/आमा, संरक्षक वा कानून बमोजिमको प्रतिनिधिको;-</u>

दस्तखतः

नाम, थरः

सम्पर्क नं.

<u>पीडित प्रभाव प्रतिवेदन बुझ्ने अधिकारीको,-</u>

दस्तखतः

कार्यालयको छाप

नाम, थरः

पदः

कार्यालयको नामः

मितिः

# अनुसूची- ४

## (दफा ३७ को उपदफा (२) सँग सम्बन्धित)

## दोभाषेसँग गराउने कबुलियतको ढाँचा

............ (बाजे/बजैको नाम लेख्ने) को नाती/नातिनी ............ (आमा/बुबा वा सासु/ससुराको नाम लेख्ने) को छोरा/छोरी/बुहारी .............. (स्थायी ठेगाना जिल्ला, स्थानीय तह, वडा नं. उल्लेख गर्ने) बस्ने, नागरिकता प्रमाण पत्र नम्बर / राष्ट्रिय परिचय नम्बर ........... भएको म ............. (दोभाषेको नाम) को नाम ........ (सूची तयार गर्ने कार्यालयको नाम) कार्यालयको दोभाषेको सूचीमा सूचीकृत भएको छ। ........ को जाहेरीले वादी नेपाल सरकार ....... प्रतिवादी भएको .......... मुद्दामा अभियुक्त/कसूर पीडित/साक्षी ........... ......... मेरो कुनै नाता सम्बन्धको मानिस पर्दैनन्। निजले ......... भाषामा व्यक्त गरेको व्यहोरा जस्ताको तस्तै नेपाली भाषामा रुपान्तरण गरी प्रमाणित गर्नेछु। अभियुक्त/कसूर पीडित/साक्षीले व्यक्त गरेभन्दा फरक व्यहोरा मैले रुपान्तरण गरेको कागजमा उल्लेख गरेको ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छु। दोभाषेको सेवा प्रदान गर्दा मलाई जानकारी हुन आएको मुद्दासँग सम्बन्धित कुनै पनि कुरा सम्बन्धित अधिकारी बाहेक अरू कसैलाई कुनै पनि रूपमा प्रकट गर्ने छैन भनी आफ्नो खुसीराजीले यो कागज गरी अनुसन्धान अधिकारीमार्फत नेपाल सरकारमा पेश गरेको छु।

दस्तखतः

मितिः

## अनुसूची- ५

### (दफा ४० को उपदफा (१) सँग सम्बन्धित)

### महान्यायाधिवक्ताको कार्यालयबाट मुद्दा चलाउने वा नचलाउने निर्णयको ढाँचा

महान्यायाधिवक्ताको कार्यालय, नेपाल

मुद्दा चल्ने वा नचल्ने निर्णय

आर्थिक वर्षः ....।...

निर्णय नं. .......

१. जाहेरवालाको नाम, थरः- .........

२. प्रतिवादीको नाम, थरः .............

३. वारदात मितिः ...............

४. जाहेरी दर्ता मितिः ..............

५. मुद्दाः ...................

६. जिल्ला सरकारी वकील कार्यालय, ....

तोकिएको सरकारी वकील:

जिल्ला न्यायाधिवक्ताः ....................... राय मितिः

.........................

७. उच्च सरकारी वकील कार्यालय, ...............

तोकिएको सरकारी वकील:

सहन्यायाधिवक्ताः ...................... राय मितिः

.........................

८. महान्यायाधिवक्ताको कार्यालय, नेपालः

(क) मिसिल पठाएको पत्रको च.नं. र मितिः ....../.......।....।....

(ख) मिसिल प्राप्त मितिः ...................

(ग) तोकिएको सरकारी वकील:

■ उपन्यायाधिवक्ता ■ सहन्यायाधिवक्ता

| तोकिएको सरकारी वकिलको |
|---|

रायको प्रकृतिः ....................

राय मितिः- ........................

९. महान्यायाधिवक्ता/नायब महान्यायाधिवक्ताको निर्णय व्यहोराः
..........................................................................................................
......................................................................

(.............................)
महान्यायाधिवक्ता/नायब महान्यायाधिवक्ता

# अनुसूची- ६

## (दफा ४० को उपदफा (१) सँग सम्बन्धित)

<u>उच्च/विशेष/जिल्ला सरकारी वकील कार्यालयबाट मुद्दा चलाउने वा नचलाउने निर्णयको ढाँचा</u>

श्री ........................कार्यालयका सहन्यायाधिवक्ता/जिल्ला न्यायाधिवक्ता/उपन्यायाधिवक्ता/सहायक न्यायाधिवक्ता श्री ...........ले गरेको निर्णय

निर्णय नं. .......................    निर्णय मिति ............................

जाहेरवाला........................    प्रतिवादी ................................

मुद्दा ...........................    वारदात मिति............................

जाहेरी दरखास्त दर्ता मिति ...................    प्रारम्भिक प्रतिवेदन दर्ता मिति..................

अनुसन्धान अधिकारी ...........    अनुसन्धान प्रतिवेदन सहित मिसिल प्राप्त मिति.............

मिसिल पेश गर्ने कार्यालय ........................

<u>निर्णय व्यहोराः</u>

.........................................................................................................................

............................

निर्णय गर्ने सरकारी वकीलको दस्तखत

# अनुसूची- ७
(दफा ४१ सँग सम्बन्धित)

## मुद्दा दर्ता किताबको ढाँचा

........... सरकारी वकिल कार्यालय .............

मुद्दा दर्ता किताब

(मुद्दामा भएको सुनुवाई कारबाही विवरण)

| क.स. | मुद्दा दर्ता नम्बर (अदालत) | CMS दर्ता नम्बर | मुद्दाको नाम | जाहेरवाला | अभियुक्तको विवरण | | | | | | अभियोग मागदावी | अभियोजन गर्ने सरकारी वकिल | अभियोजन गरेको निकाय | थुनछेक आदेश मिति (क्रमशः) | थनछेक विवरण (क्रमशः) | | | संहिताको दफा ७३को निवेदन पठाएको मिति र च.नं. | बकपत्र मिति र सङ्ख्या | फैसला (प्रमाणीकरण) मिति | फैसला जानकारी मिति | फैसलाको परिणाम | | | | अनुसन्धान निकायमा मिसिल फिर्ता पठाएको च.नं. र मिति | पुनरावेदन सम्बन्धी प्रस्ताव पठाएको मिति र च.नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | नाम, उमेर | पक्राउ/ फरार | लिङ्ग | स्थायी ठेगाना | अभियुक्तको हजुरबुवा | अभियुक्तको बाबु/ससुरा | | | | | थुना | धरौटी /जमानत वा बैङ्क जमानी | तारेख | | | | | कैद | जरिवाना | क्षतिपूर्ति | बिगो सफाई | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

<u>द्रष्टव्यः</u>

(क) सजाय छुटको दाबी लिएको भए अभियोग महलमा जनाउने।

(ख) प्रतिवादीको नाम खुलेको अन्य विवरण नखुलेको हकमा मुद्दा नचलाउने निर्णय भएको भए त्यसको विवरण कैफियत महलमा खुलाउने।

(ग) अभियुक्त सबैको नाम, थर, उमेर, लिङ्ग लगायत सबै विवरण उल्लेख गर्नुपर्ने।

(घ) अभियोजन कुन निकायमा गरेको हो उल्लेख गर्ने।

(ङ) मिलापत्र गर्ने निर्णय भएमा कैफियत महलमा खुलाउने।

(च) संहिताको अनुसूची -१ र २ का मुद्दामा छुट्टाछुट्टै रजिष्टर राख्ने।

## अनुसूची- ८

(दफा ४३ को खण्ड (ख) सँग सम्बन्धित)

## अभियोगपत्र संशोधनको लागि महान्यायाधिवक्ताको स्वीकृति माग गर्ने पत्रको ढाँचा

मितिः

माननीय महान्यायाधिवक्ताज्यू,
महान्यायाधिवक्ताको कार्यालय,
सिंहदरबार, काठमाडौं।

विषयः अभियोग मागदाबीमा संशोधन गर्ने स्वीकृति पाउँ।

उपर्युक्त विषयमा ......... को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी ............... भएको ............ मुद्दामा देहायका आधार र कारणले अभियोग मागदाबीमा संशोधन गर्नु पर्ने भएको हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ को उपदफा (१) बमोजिम स्वीकृति पाउनका लागि प्रस्तुत मुद्दाको मूल अभियोग मागदाबी र थप प्रमाण कागजातहरू यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ।

(१) मुद्दाको संक्षिप्त तथ्यः
(२) मूल अभियोग मागदाबीको व्यहोराः
(३) मुद्दाको हालको अवस्थाः
(४) थप प्रमाण कागजातको व्यहोरा र अभियोग मागदाबी संशोधन गर्नु पर्नाको आधार र कारणः
(५) अभियोग मागदाबीमा संशोधन गर्नका लागि दिइने निवेदनमा राख्नु पर्ने संशोधनको व्यहोराः
"..................................................................................................................
..................................................................................................................
..................................................................."

............................

(........................)

सहन्यायाधिवक्ता/उपन्यायाधिक्ता/जिल्ला न्यायाधिवक्ता

# अनुसूची- ९

## (दफा ४६ को उपदफा (३) को खण्ड (ङ) सँग सम्बन्धित)

## अनुसन्धान अनुगमन सम्बन्धी प्रतिवेदनको ढाँचा

१. अनुगमन गरिएको कार्यालयः

२. मुद्दा अनुसन्धान गर्ने अनुसन्धान अधिकारीः

३. मुद्दा अनुसन्धान भएको सङ्ख्याः

४. मुद्दा नचलाउने गरी अनुसन्धान प्रतिवेदन पेश भएको सङ्ख्याः

५. मुद्दा अनुसन्धान भई नचलाउन निर्णय भएको मुद्दाको सङ्ख्याः

६. अनुसन्धानको क्रममा हाजिरी जमानीमा छाडेको मुद्दा संख्याः

७. अनुसन्धानको क्रममा धरौटीमा छाडेको मुद्दा संख्याः

८. जघन्य एवं गम्भीर अपराधमा वैज्ञानिक प्रविधिको प्रयोग गरेको मुद्दा संख्याः

९. जघन्य तथा गम्भीर मुद्दाको संख्याः

१०. जघन्य एवं गम्भीर मुद्दा फछ्र्यौट संख्याः

११. तामेलीमा राखिएको जाहेरी दरखास्त वा सूचनाको सङ्ख्याः

१२. अनुसन्धानसँग सम्बन्धित कागजातहरू (मूचूल्का, रेखाचित्रण, फोटोग्राफी/भिडियो, बयान कागजातहरू) रितपूर्वक तयार गरे/नगरेकोः

१३. अनुसन्धान गर्दा प्रमाणको उचित संकलन, परिक्षण, मूल्याङ्कन र विश्लेषण गरे, नगरेकोः

१४. अनुसन्धान भएको प्रमाणका आधारमा कानूनको उपयुक्त दफा प्रयोग गरी अनुसन्धान प्रतिवेदन पेश गरे, नगरेकोः

१५. अनुसन्धान गर्नु पर्ने अभियुक्त उपर पूर्ण अनुसन्धान सहित अनुसन्धान प्रतिवेदन पेश भए, नभएकोः

१६. अनुसन्धान गर्दा कानून बमोजिम गोप्य राख्नु पर्ने विवरण गोप्य राखे, नराखेकोः

१७. अनुसन्धानमा अनावश्यक विलम्ब भए, नभएकोः

१८. कानून बमोजिम अनुसन्धान गर्दा खुलाउनु पर्ने कुराहरू खुलाए, नखुलाएकोः

१९. अनुसन्धान प्रतिवेदन तोकिएको ढाँचामा पेश भए, नभएकोः

२०. अनुसन्धानमा सहयोग गर्ने अभियुक्त उपर सजाय कम गर्न अनुसन्धान प्रतिवेदन पेश भए, नभएको र त्यसका आधारहरू उपयुक्त भए, नभएकोः

२१. थप दाबी लिन आवश्यक भएकोमा सो का लागि समयमा अनुसन्धान भए, नभएकोः

२२. अभियोगपत्र संशोधन आवश्यक भएकोमा तोकिए बमोजिमको समयमा अनुसन्धान भए, नभएकोः

२३. अनुसन्धान त्रुटि रहित रूपमा गरे, नगरेकोः

२४. सरकारी वकीलले मुद्दा अनुसन्धानका क्रममा दिएको निर्देशन बमोजिमको अनुसन्धान कार्य भए, नभएकोः

२५. अन्य आवश्यक कुराहरुः

प्रतिवेदक

# अनुसूची - १०

## (दफा ४७ को उपदफा (७) सँग सम्बन्धित)

## अभियोजन अनुगमन प्रतिवेदनको ढाँचा

१. अनुगमन गरिएको सरकारी वकील कार्यालयः
२. अभियोजन गर्ने सरकारी वकिलः
३. मुद्दा नचलाएको सङ्ख्याः
४. मुद्दा चलाएको सङ्ख्याः
५. अभियोजन नगरेको (सानातिना मुद्दा) सङ्ख्याः
६. आंशिक मुद्दा नचलाएको सङ्ख्याः
७. आंशिक मुद्दा चलाएको सङ्ख्याः
८. पुरक मुद्दा अभियोजन भएको सङ्ख्याः
९. तामेलीमा राखिएको जाहेरी दरखास्तको सङ्ख्याः
१०. सरकारी वकील कार्यालयहरूबाट दायर भएका अभियोगपत्रहरूमा एकरूपता कायम भए, नभएकोः
११. अभियोजन गर्दा प्रमाणको उचित मूल्याङ्कन गरे, नगरेकोः
१२. मिसिल संलग्न प्रमाणका आधारमा कानूनको उपयुक्त दफा प्रयोग गरे, नगरेको,
१३. अभियोग लगाउनु पर्ने व्यक्ति उपर अभियोग लगाए नलगाएको वा अभियोग नलगाउनु पर्ने व्यक्ति उपर अभियोग लगाए नलगाएकोः
१४. अभियोजनको कार्यमा अनावश्यक विलम्ब भए, नभएकोः
१५. कानून बमोजिम अभियोगपत्रमा खुलाउनु पर्ने कुराहरू खुलाए, नखुलाएकोः
१६. अभियोगपत्र तोकिएको ढाँचामा भए, नभएकोः
१७. अनुसन्धानमा सहयोग गर्ने अभियुक्त उपर सजाय कम गर्ने मागदाबी लिए, नलिएको र त्यसको आधारहरू उपयुक्त भए, नभएकोः
१८. थप दाबी लिन आवश्यक भएकोमा सो गरे, नगरेकोः
१९. अभियोगपत्र संशोधन आवश्यक भएकोमा सो गरे, नगरेकोः
२०. अभियोगपत्रमा सानातिना त्रुटिहरू रहे, नरहको र रहेको भए सो सच्याउन अदालतमा निवेदन दिए, नदिएकोः
२१. अन्य आवश्यक कुराहरुः

प्रतिवेदक

# ८. कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड तथा प्रोवेशन तथा प्यारोलमा छुट्ने कसूरदारले पालना गर्नुपर्ने शर्तहरू, २०८०

**<u>प्रस्तावनाः</u>** फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३९ को उपदफा (१) को खण्ड (ख) तथा खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी संघीय प्रोवेशन तथा प्यारोल बोर्डले प्रस्तुत "कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड तथा प्रोवेशन तथा प्यारोलमा छुट्ने कसूरदारले पालना गर्नु पर्ने शर्तहरू, २०८०" तर्जुमा गरेको छ ।

## परिच्छेद – १

### <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी मापदण्ड तथा शर्तहरूको नाम “कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड तथा प्रोवेशन तथा प्यारोलमा छुट्ने कसूरदारले पालना गर्नुपर्ने शर्तहरू, २०८०” रहेको छ।

(२) यी मापदण्ड तथा शर्तहरू संघीय प्रोवेशन तथा प्यारोल बोर्डले तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,–

(क) “ऐन” भन्नाले फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ सम्झनु पर्छ।

(ख) “कैदी” भन्नाले अदालतको फैसला बमोजिम सजाय पाई कारागारमा रहेको व्यक्ति सम्झनु पर्छ।

(ग) "प्रकरण" भन्नाले यस मापदण्ड तथा शर्तहरूको प्रकरणलाई सम्झनु पर्छ।

# परिच्छेद - २

## सिफारिस सम्बन्धी मापदण्ड

३. **सुधार गृहमा पठाउनको लागि सिफारिस गर्ने मापदण्डः** (१) प्रोवेशन अधिकृतले देहायको मापदण्डको आधारमा दुई वर्ष वा दुई वर्ष भन्दा कम कैदको सजाय भएको कसूरदारलाई ऐनको दफा २५ को उपदफा (२) को अधीनमा रही सोही दफाको उपदफा (१) बमोजिम सुधार गृहमा पठाउनको लागि अदालतलाई सिफारिस गर्न सक्नेछः

(क) सुधार गृहमा पठाउँदा पालना गर्नु पर्ने शर्त तथा अवस्थाहरू पालना गर्ने विश्वसनीय आधार रहेको र त्यस्ता शर्त पालना गर्न कसूरदारले लिखित रूपमा मञ्जुरी गरेको,

(ख) पहिलो पटक कसूर गरेको,

(ग) कसूर गर्ने नियत नभई तत्काल आवेशमा आई कसूर गरेको,

(घ) कसूर गर्नु अघिको कसूरदारको चालचलन तथा आचरण असल भएको,

(ङ) कसूर गरेकोमा पश्चाताप गरेको,

(च) पीडित व्यक्ति वा समुदायलाई हानि नोक्सानी भएको छ भन्ने अनुभूति गरेको,

(छ) भविष्यमा फौजदारी कसूर नगर्ने प्रतिबद्धता व्यक्त गरेको,

(ज) पीडितलाई दिनु पर्ने क्षतिपूर्ति दिई सकेको वा तत्काल दिन मञ्जुर गरेको,

(झ) सुधार गृहमा राखेर चालचलनमा सुधार गर्नु पर्ने अवस्था रहेको र चालचलनमा सुधार हुने संभावना रहेको, वा

(ञ) प्रचलित कानून बमोजिम कसूरको गम्भीरता घटाउने अवस्थाहरू विद्यमान भएको।

(२) बाल सुधार गृहमा पठाउँदा उपप्रकरण (१) बमोजिम पालना गर्नु पर्ने शर्तहरू कानूनको विवादमा परेका बालबालिकाले पालना गर्न लिखित रूपमा मञ्जुर गरेमा अठार वर्ष उमेर पूरा नगरेको कानूनको विवादमा परेका बालबालिकाले उपदफा (१) बमोजिम प्रोवेशन अधिकृतले बाल सुधार गृहमा पठाउनको लागि अदालतलाई सिफारिस गर्न सक्नेछ।

(३) ऐन बमोजिम एक पटक सुधार गृहमा पठाइएकोमा चालचलनमा सुधार नभएको वा पालना गर्नु पर्ने शर्तको पालना नगरेको कारण कारागारमा कैद अवधि भुक्तान गर्न फिर्ता ल्याइएको कसूरदारलाई प्रोवेशन अधिकृतबाट यस मापदण्ड तथा शर्तहरू बमोजिम सुधार गृहमा पठाउन सिफारिस गरिने छैन।

४. **पुनर्स्थापना केन्द्रमा पठाउनको लागि सिफारिस गर्ने मापदण्डः** (१) प्रोवेशन अधिकृतले देहायका मापदण्डको आधारमा ऐनको दफा २६ को उपदफा (२) को अधीनमा रही सोही

दफाको उपदफा (१) बमोजिम कसूरदारलाई पुनर्स्थापना केन्द्रमा पठाउनको लागि अदालतलाई सिफारिस गर्न सक्नेछः-

(क) लागू औषधको सेवनको कसूरदार वा शारीरिक वा मानसिक दुर्बलताबाट पीडित कसूरदार वा अन्य यस्तै कसूरदार वा प्रचलित कानून बमोजिम पुनर्स्थापना केन्द्रमा पठाउन उपयुक्त देखिएको १८ वर्ष भन्दा कम उमेरको कानूनको विवादमा परेका बालबालिका,

(ख) पुनर्स्थापना केन्द्रमा पठाउँदा पालना गर्नु पर्ने शर्त तथा अवस्थाहरू पालना गर्ने विश्वसनीय आधार रहेको र त्यस्ता शर्त पालना गर्न कसूरदारले लिखित रूपमा मञ्जुरी गरेको,

(ग) पहिलो पटक कसूर गरेको,

(घ) कसूर गर्ने नियत नभई तत्काल आवेशमा आई वा अरुको दवाव, उक्साहट वा बहकाउमा आई कसूर गरेको,

(ङ) कसूर गर्नु अघिको कसूरदारको चालचलन तथा आचरण असल भएको,

(च) त्यस्तो कसूर गरे बापत पश्चाताप गरेको,

(छ) पीडित व्यक्ति वा समुदायलाई हानि नोक्सानी भएको छ भन्ने अनुभूति गरेको,

(ज) भविष्यमा फौजदारी कसूर नगर्ने प्रतिबद्धता व्यक्त गरेको,

(झ) पीडितलाई दिनु पर्ने क्षतिपूर्ति दिईसकेको वा तत्काल दिन मञ्जुर गरेको,

(ञ) प्रचलित कानून बमोजिम कसूरको गम्भीरता घटाउने अवस्थाहरू विद्यमान भएको ।

५. <u>प्यारोलमा राख्नको लागि सिफारिस गर्ने मापदण्डः</u> (१) प्रोवेशन तथा प्यारोल बोर्डले एक वर्ष भन्दा बढी कैद सजाय पाई कैद सजायको दुई तिहाई अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कसूरदारलाई देहायका आधारमा ऐनको दफा २९ को उपदफा (१) बमोजिम प्यारोलमा राख्ने आदेश दिनको लागि अदालतलाई सिफारिस गर्न सक्नेछः-

(क) ऐन बमोजिम भुक्तानी गर्नु पर्ने न्यूनतम कैद अवधि भुक्तान गरिसकेको,

(ख) प्यारोलमा रहन चाहने व्यक्तिको चालचलन तथा आचरण राम्रो भएको भनी सम्बन्धित प्यारोल अधिकृतबाट सिफरिस भएको,

(ग) अनुसन्धान तथा अभियोजनको क्रममा कसूरदारले नियतवश वा योजनाबद्ध रूपमा कसूर गरेको अवस्था नरहेको,

(घ) प्रचलित कानून बमोजिम कसूरको गम्भीरता घटाउने अवस्थाहरू विद्यामान भएको,

(ङ) कसूरदारलाई प्यारोलमा छाड्दा समाज वा समुदाय झन भयभित हुन सक्ने वा समाज वा समुदायलाई थप खतरा हुन सक्ने अवस्था नदेखिएको,

(च) प्यारोलमा बस्दा नियमित रूपमा प्यारोल अधिकृतको सम्पर्कमा रहन मञ्जुर गरेको,

(छ) प्रोवेशन तथा प्यारोल बोर्डले निर्धारण गरेको कसूरदारले पालना गर्नुपर्ने शर्तहरू पालना गर्न मञ्जुर गरेको,

(ज) पटके कसूरदार नरहेको,

(झ) कसूरदारलाई आफ्नो कार्यप्रति पश्चाताप बोध भई पीडित व्यक्ति वा समुदायलाई हानि नोक्सानी भएको छ भन्ने कुराको अनुभूति गरेको तथा सजायको उद्देश्य प्राप्त हुनमा बाधा पर्ने अवस्था नरहेको,

(ञ) भविष्यमा फौजदारी कसूर नगर्ने प्रतिबद्धता व्यक्त गरेको,

(ट) पीडितलाई दिनु पर्ने क्षतिपूर्ति दिई सकेको वा तत्काल दिन मञ्जुर गरेको,

(ठ) समय समयमा प्रोवेशन तथा प्यारोल बोर्डबाट निर्धारण गरे बमोजिमका अन्य मापदण्डको आधारमा प्यारोलमा राख्न उपयुक्त देखिएको र

(ड) कारागारमा कैद भुक्तान गरिरहेको अवस्थामा कारागारको शान्ति सुरक्षामा खलल पुऱ्याउने, हिंसात्मक झडप, गुटबन्दी जस्ता कार्यमा संलग्न भई आन्तरिक कारवाही नभएको।

(२) उपप्रकरण (१) बमोजिम कुनै कसूरदारलाई प्यारोलमा राख्नको लागि सिफारिस गर्दा ऐनको दफा २९ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम प्यारोलमा राख्न नसकिने कसूरमा सजाय पाएको व्यक्ति र एक पटक प्यारोलमा राख्न सिफारिस गरेकोमा प्यारोलमा बस्दा पालना गर्नु पर्ने शर्त पालना नगरेको कारण कैदमा राखिएका कसूरदारलाई प्यारोलमा राख्न सिफारिस गरिने छैन।

(३) यस प्रकरण बमोजिम प्यारोल राख्ने सिफारिस गर्दा उपप्रकरण (१) बमोजिम निर्धारित मापदण्ड पालना गर्ने गरी कानूनले लिखित रूपमा मञ्जुर गरेको हुनु पर्नेछ।

(४) उपप्रकरण (१) बमोजिम कुनै कसूरदारलाई प्यारोलमा राख्नको लागि सिफारिस गर्दा त्यस्तो कसूरदारलाई प्यारोलमा रहँदाको अवस्थामा प्यारोल अधिकृतबाट गरिने अनुगमनको विषयमा समेत विचार गरी सिफारिस गर्नु पर्नेछ।

६. <u>**प्रोवेशनमा राख्ने आदेश दिनको लागि सिफारिस गर्ने मापदण्डः**</u> (१) प्रोवेशन तथा प्यारोल बोर्डले देहायका आधारमा ऐन बमोजिम कसूरको अभियोग लागेको व्यक्तिलाई प्रोवेशनमा राख्ने आदेश दिनको लागि अदालतलाई सिफारिस गर्न सक्नेछः-

(क) पहिलो पटक कसूर गरेको,

(ख) सजायपूर्वको प्रतिवेदन तयार गर्न अदालतले आदेश दिएकोमा उक्त प्रतिवेदनबाट प्रोवेशनमा रहन चाहने व्यक्तिको चालचलन तथा आचरण राम्रो देखिएको,

(ग) अनुसन्धान तथा अभियोजनको क्रममा नियतवश वा योजनाबद्ध रूपमा कसूर गरेको अवस्था नदेखिएको,

(घ) त्यस्तो कसूर गरे वापत पश्चाताप गरेको,

(ङ) भविष्यमा फौजदारी कसूर नगर्ने प्रतिबद्धता व्यक्त गरेको,

(च) प्रचलित कानून बमोजिम कसूरको गम्भीरता घटाउने अवस्थाहरू विद्यमान भएको,

(छ) प्रोवेशनमा छाड्दा समाज वा समुदायलाई थप खतरा हुन सक्ने अवस्था नदेखिएको,

(ज) प्रोवेशनमा रहँदा नियमित रूपमा प्रोवेशन अधिकृत वा प्यारोल अधिकृतको सम्पर्कमा रहन मञ्जुर गरेको,

(झ) प्रोवेशन तथा प्यारोल बोर्डले निर्धारण गरेका अभियुक्तले पालना गर्नुपर्ने शर्तहरू पालना गर्न मञ्जुर गरेको,

(ञ) पीडितलाई दिनु पर्ने क्षतिपूर्ति दिइसकेको वा तत्काल दिन मञ्जुर गरेको, र

(ट) समय समयमा प्रोवेशन तथा प्यारोल बोर्डबाट निर्धारण गरिए बमोजिमका अन्य मापदण्डको आधारमा प्रोवेशनमा राख्न उपयुक्त देखिएको।

(२) उपप्रकरण (१) बमोजिम कुनै कसूरदारलाई प्यारोलमा राख्नको लागि सिफारिस गर्दा ऐनको दफा २९ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम प्यारोलमा राख्न नसकिने कसूरमा सजाय पाएको व्यक्ति र एक पटक प्यारोलमा राख्न सिफारिस गरेकोमा प्यारोलमा बस्दा पालना गर्नु पर्ने शर्त पालना नगरेको कारण कैदमा राखिएका कसूरदारलाई प्यारोलमा राख्न सिफारिस गरिने छैन।

(३) यस प्रकरण बमोजिम प्यारोल राख्ने सिफारिस गर्दा उपप्रकरण (१) बमोजिम निर्धारित मापदण्ड पालना गर्ने गरी कानूनले लिखित रूपमा मञ्जुर गरेको हुनु पर्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम गम्भीर कसूर वा जघन्य कसूर गरेको आरोप लागेको व्यक्ति, फरार रहेको अभियुक्त, कुनै एक कसूरमा सजाय पाएपछि पुनः कसूर गरेको अभियोग लागेको व्यक्ति र प्रचलित कानून बमोजिम कैद सजाय निलम्बन हुन नसक्ने कसूरको अभियोग लागेको व्यक्तिलाई प्रोवेशनमा राख्नको लागि सिफारिस गरिने छैन।

# परिच्छेद - ३

## प्यारोल तथा प्रोवेशनमा रहदा पालना गर्नु पर्ने शर्तहरू

७. <u>सुधार गृहमा रहने कसूरदारले पालना गर्नु पर्ने शर्तहरुः</u> सुधार गृहमा रहने कसूरदारले देहायका शर्तहरूको पालना गर्नु पर्नेछः-

(क) अदालतले निर्धारण गरे ब मोजिमका शर्तहरू,

(ख) सुधार गृहमा बस्दा पालना गर्नु पर्ने सो सुधार गृहबाट निर्धारण गरिएका शर्त तथा नियमहरू,

(ग) अन्य कुनै मुद्दाको विषयमा बयान गर्नुपर्ने वा आफ्नो विरुद्ध वारेन्ट जारी भएमा सोको जानकारी प्रोवेशन वा प्यारोल अधिकृतलाई गराउने,

(घ) प्रोवेशन वा प्यारोल अधिकृतले नियमानुसार दिएको मौखिक वा लिखित निर्देशन,

(ङ) प्रचलित नेपाल कानून तथा कानून अनुसार जारी भएका निर्देशन,

(च) अनावश्यक रूपमा चक्कु, छुरी, हँसिया वा यस्तै प्रकारका अन्य धारिला औजार साथमा राख्न नपाइने।

तर भान्सा कोठामा प्रयोग हुने त्यस प्रकारका धारिला औजार राख्न यस मापदण्डको व्यवस्थाले वाधा पार्ने छैन।

(छ) कुनै हतियार प्राप्त गर्न, प्रयोग गर्न वा सो को पहुँच प्राप्त गर्न नहुने,

(ज) सुधार गृह भन्दा अन्यत्र जान नपाईने तर कुनै जरुरी काम विशेषले सुधार गृह भन्दा बाहिर जानु पर्दा सम्बन्धित प्रोवेशन वा प्यारोल अधिकृतबाट स्वीकृती लिएको हुनु पर्नेछ,

(झ) प्रोवेशन वा प्यारोल अधिकृतले निर्धारण गरे बमोजिम नियमित रूपमा सम्पर्कमा रहनु पर्ने,

(ञ) समय समयमा प्रोवेशन अधिकृतबाट हुने अनुगमन तथा निरीक्षणमा सहयोग गर्नु पर्ने,

(ट) सुधार गृहमा रहेका अन्य व्यक्ति तथा सुधार गृहका कर्मचारी प्रति उचित र मर्यादित व्यवहार गर्नु पर्ने,

(ठ) प्रोवेशन तथा प्यारोल बोर्डले समय समयमा निर्धारण गरेका अन्य शर्तहरू।

८. <u>पुनर्स्थापना केन्द्रमा रहने कसूरदारले पालना गर्नु पर्ने शर्तहरुः</u> कसूरदारले पुनर्स्थापना केन्द्रमा रहँदा देहायका शर्तहरूको पालना गर्नु पर्नेछ :-

(क) अदालतले निर्धारण गरे बमोजिमका शर्तहरू,

(ख) पुनर्स्थापना केन्द्रमा बस्दा पालना गर्नु पर्ने सो केन्द्रका शर्त तथा नियमहरू,

(ग) अन्य मुद्दाका कुनै मुद्दामा बयान गर्नु पर्ने भएमा वा आफ्नो विरुद्ध वारेन्ट जारी भएमा सो को जानकारी प्रोवेशन वा प्यारोल अधिकृतलाई गराउने,

(घ) प्रोवेशन वा प्यारोल अधिकृतले नियमानुसार दिएको मौखिक वा लिखित निर्देशन,

(ङ) प्रचलित नेपाल कानून तथा कानून अनुसार जारी भएका निर्देशन,

(च) अनावश्यक रूपमा चक्कु, छुरी, हँसिया वा यस्तै प्रकारका अन्य धारिला औजार साथमा नराख्ने पाइने।

तर भान्सा कोठामा प्रयोग हुने त्यस प्रकारका धारिला औजार राख्न मापदण्डको व्यवस्थाले वाधा पर्ने छैन।

(छ) कुनै हतियार प्राप्त गर्न, प्रयोग गर्न वा सो को पहुँच प्राप्त गर्न हुदैन,

(ज) सम्बन्धित प्रोवेशन तथा प्यारोल अधिकृतको स्वीकृति वेगर पुनर्स्थापना केन्द्र भन्दा अन्यत्र जान नपाइने।

(झ) प्रोवेशन वा प्यारोल अधिकृतले निर्धारण गरे बमोजिम नियमित रूपमा सम्पर्कमा रहने,

(ञ) समय समयमा प्रोवेशन अधिकृतबाट हुने अनुगमन तथा निरीक्षणमा सहयोग गर्ने,

(ट) पुनर्स्थापना केन्द्रमा रहेका अन्य व्यक्ति तथा सो केन्द्रका कर्मचारी प्रति उचित र मर्यादित व्यवहार गर्ने,

(ठ) प्रोवेशन तथा प्यारोल बोर्डले समय समयमा निर्धारण गरेका अन्य शर्तहरू।

९. <u>प्रोवेशनमा छुट्ने व्यक्तिले पालना गर्नु पर्ने शर्तहरुः</u> प्रावेशनमा छुट्ने व्यक्तिले देहायका शर्तहरूको पालना गर्नु पर्नेछः-

(क) प्रचलित नेपाल कानून र कानून बमोजिम पालना गर्नु पर्ने शर्तहरू तथा मापदण्डको पालना गर्नु पर्ने,

(ख) अदालत, सम्बन्धित प्रोवेशन वा प्यारोल अधिकृतले खोजेको समयमा उपस्थित हुनु पर्ने,

(ग) कसूरबाट पीडितप्रति नम्र व्यवहार गर्ने, पीडितलाई दिनु पर्ने क्षतिपूर्ति दिने वा उपचार गराउनु पर्ने भएमा उपचार गराउने,

(घ) सम्बन्धित प्रोवेशन वा प्यारोल अधिकृतको नियमित रूपमा सम्पर्कमा रहने,

(ङ) आफू बसोबास गर्ने स्थानको ठेगाना तथा सम्पर्क नम्बर प्रोवेशन वा प्यारोल अधिकृतलाई उपलब्ध गराउने तथा अदालत वा प्रोवेशन वा प्यारोल अधिकृतको अनुमति नलिई आफू बसोबास गरेको स्थान भन्दा अन्यत्र नजाने,

(च) प्रोवेशनमा रहेको व्यक्तिको काम गर्ने स्थान परिवर्तन भएमा त्यसको जानकारी तुरुन्त सम्बन्धित प्रोवेशन वा प्यारोल अधिकृतलाई दिनु पर्ने,

(छ) प्रोवेशन वा प्यारोल बोर्डले समय समयमा निर्धारण गरेका शर्तको पलाना गर्ने,

(ज) मुद्दाको विषयमा कुनै कुरा राख्नु पर्ने भएमा वा आफ्नो विरुद्ध वारेन्ट जारी भएमा सो को जानकारी प्रोवेशन वा प्यारोल अधिकृतलाई गराउनु पर्ने,

(झ) प्रोवेशन वा प्यारोल अधिकृतले नियमानुसार दिएको मौखिक वा लिखित निर्देशनको पलाना गर्ने,

(ञ) अदालत वा प्रोवेशन वा प्यारोल अधिकृतलाई पूर्व जानकारी नगराई आफू बसोबास गरेको वा काम गरेको कार्यस्थलबाट पाँच किलोमिटर भन्दा टाढा नजाने,

(ट) सम्बन्धित प्रोवेशन वा प्यारोल अधिकृतको स्वीकृति वेगर आफू रहेको जिल्ला भन्दा अन्य जिल्लामा भ्रमण नगर्ने,

(ठ) आफ्नो साथमा हातहतियार राखे वा सो लिएर नहिड्ने, र

(ड) प्रोवेशन तथा प्यारोल बोर्डले समय समयमा निर्धारण गरेका अन्य शर्तहरू ।

१०. **प्यारोलमा रहने कसूरदारले पालना गर्नु पर्ने शर्तहरुः** प्यारोलमा रहने कसूरदारले देहायका शर्तहरूको पालना गर्नु पर्नेछः-

(क) प्रचलित नेपाल कानून र कानून बमोजिम पालना गर्नु पर्ने शर्तहरू तथा मापदण्डको पालना गर्नु पर्ने,

(ख) अदालत, सम्बन्धित प्रोवेशन वा प्यारोल अधिकृतले खोजेको समयमा उपस्थित हुनु पर्ने,

(ग) सम्बन्धित प्रोवेशन वा प्यारोल अधिकृतसँग नियमित रूपमा सम्पर्कमा रहनु पर्ने,

(घ) आफू बसोबास गर्ने स्थानको ठेगाना तथा सम्पर्क नम्बर प्रोवेशन वा प्यारोल अधिकृतलाई उपलब्ध गराउनु पर्ने,

(ङ) आफू बसोबास गर्ने स्थानको ठेगाना तथा सम्पर्क नम्बर प्रोवेशन वा प्यारोल अधिकृतलाई उपलब्ध गराउने तथा अदालत वा प्रोवेशन वा प्यारोल अधिकृतको अनुमति नलिई आफू बसोबास गरेको स्थान भन्दा अन्यत्र नजाने,

(च) प्यारोलमा रहेको व्यक्तिको काम गर्ने स्थान परिवर्तन भएमा त्यसको जानकारी तुरुन्त सम्बन्धित प्रोवेशन वा प्यारोल अधिकृतलाई दिनु पर्ने,

(छ) प्रोवेशन तथा प्यारोल बोर्डले समय समयमा निर्णय गरी निर्धारण गरेका शर्तको पलाना गर्ने,

(ज) मुद्दाको विषयमा कुनै कुरा राख्नु पर्ने भएमा वा आफ्नो विरुद्ध वारेन्ट जारी भएमा सो को जानकारी प्रोवेशन वा प्यारोल अधिकृतलाई गराउनु पर्ने,

(झ) प्रोवेशन वा प्यारोल अधिकृतले नियमानुसार दिएको मौखिक वा लिखित निर्देशनको पलाना गर्ने,

(ञ) अदालत वा प्रोवेशन वा प्यारोल अधिकृतलाई पूर्व जानकारी नगराई आफू बसोबास गरेको वा काम गरेको कार्यस्थलबाट पाँच किलोमिटर भन्दा टाढा नजाने,

(ट) सम्बन्धित प्रोवेशन वा प्यारोल अधिकृतको स्वीकृति वेगर आफू रहेको जिल्ला भन्दा अन्य जिल्लामा भ्रमण नगर्ने,

(ठ) आफ्नो साथमा हातहतियार राख्ने वा सो लिएर नहिड्ने, र

(ड) प्रोवेशन तथा प्यारोल बोर्डले समय समयमा निर्धारण गरेका अन्य शर्तहरू ।

## परिच्छेद - ४

## विविध

११. **प्यारोलमा रहने कसूरदारले गर्न सक्ने कार्यः-** प्यारोलमा रहने कसूरदारले देहाय बमोजिमका कार्यहरू गर्न सक्नेछः-

(क) पारिवारिक कार्य,

(ख) क्षमता, सीप विकास सम्बन्धी तालिम वा प्रशिक्षण सम्बन्धी कार्य,

(ग) सार्वजनिक निकाय वा सहयोगी संस्थामा स्वयंसेवक सम्बन्धी कार्य,

(घ) सार्वजनिक निकायमा विकास निर्माणका कार्यमा सहयोग,

(ङ) खेलकूद, प्रशिक्षण सम्बन्धी कार्य वा

(च) अस्पताल, पुनर्स्थापना केन्द्र, अनाथालयहरूमा स्वयंसेवा सम्बन्धी कार्य

(छ) व्यक्तिगत लाभ ललिई प्रचलित कानूनले निषेध गरेका सामाजिक तथा अन्य परोपकारी कार्य ।

१२. **प्यारोलमा पठाउने सम्बन्धी कार्यविधिः** (१) कसूरदारले सम्बन्धित कारागार मार्फत प्रोवेशन वा प्यारोलमा बस्नका लागि देहाय बमोजिमका कागजातहरू सहित संघीय/प्रदेश प्रोवेशन तथा प्यारोल बोर्डको सिफारिसका लागि अनुसूची बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(क) कारागार प्रशासक (जेलर) बाट असल आचरणका सम्वन्धमा सिफारिस गरिएको कागजात,

(ख) ऐनको दफा २९ को उपदफा (१) बमोजिम कैद भुक्तान भएको अवधि,

(ग) कसूरदारले जरिवाना, बिगो, क्षतिपूर्ति भुक्तान गरेको खुल्ने निस्सा वा विवरण,

(घ) प्यारोलमा रहन आफू शारीरिक र मानसिक रूपमा तयार रहेको भनी कसूरदारले दिएको निवेदन,

